# गन्धव जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव
# पो.उ.म.न.पा.वडा नं.१६ बाटुलेचौरको समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
पृथ्वीनारायण बहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर
तह द्वितीय वर्षको आठौ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

**मिनु श्रेष्ठ**

रोल नं.१४६/०६३
त्रि.वि. दर्ता नं. ६-२-२९५-१३८-२००३


त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र/ मानवशास्त्र विभाग,

पृथ्वीनारायण क्याम्पस

पोखरा, २०७०



गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव
मिनु श्रेष्ठ
२०७०

# सिफारिस पत्र

गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरका "गन्धर्व जातिमा आधारित" समाजशास्त्रीय अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्र स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्रका छात्रा **मिनु श्रेष्ठले** मेरो सुझाव, सल्लाह र प्रत्यक्ष निर्देशनमा रही मेहनत तथा लगनशीलताका साथ तयार पार्नु भएको छ। म उहाँको कार्यप्रति सन्तुष्ट छु। निज विद्यार्थीको लगनशिलता एवं मेहनतको कदर गर्दै उत्तरोत्तर प्रगतिको कामनाका साथ यो शोधपत्रको उचित मूल्याङ्कनको लागि मूल्याङ्कन समिति समक्ष प्रस्तुत गर्नका लागि सिफारिस गर्दछु।

२०७० चैत्र

.........................
शरदकुमार पौडेल
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा समाजशास्त्र मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा अन्तर्गत समाजशास्त्र मानवशास्त्र विषयको स्तानकोत्तर तह द्धितीय वर्षको आँठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव"** बाटुलेचौर, पोखरा कास्कीमा आधारित एक समाजशास्त्रीय अध्ययन विषयकको स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएको शोध-पत्र मुल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधकार्य मूल्याङ्कन समिति :**

| ........................ | ...................................... | ...................... |
|---|---|---|
| शरदकुमार पौडेल | सहप्रा.डा. उमानाथ बराल | शान्ति भुसाल |
| शोध निर्देशक | वाह्य परीक्षक | विभागीय प्रमुख |
| | | मानवशास्त्र/समाजशास्त्र |
| | | पृथ्वीनारायण क्याम्पस |
| | | पोखरा, नेपाल |

मिति : २०७० चैत्र

# कृतज्ञता ज्ञापन

यो शोधपत्र स्नातकोत्तर तहमा अध्ययन गरिसकेका विद्यार्थीहरुलाई विविध सामाजिक पक्षहरुमा अनुसन्धान गर्न सक्षम बनाइने उद्देश्यले त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र स्नातकोत्तर तह द्वितीय बर्षको आंशिक पाठ्यक्रम पुरा गर्न सञ्चालित यो शोधलेखन कार्य स्वागत योग्य कार्यक्रम हो ।

शोधकार्यका लागि विभिन्न क्षेत्रमा छरिएर रहेका विभिन्न पिछडिएका जात, जाति, समाज तथा समुदायको कुनै निश्चित बिषयमा केन्द्रित रही सत्यतथ्यहरु संकलन गरी अध्ययन अनुसन्धान गर्नुपर्दछ भनी सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । सोही सल्लाह एवं सुझावलाई स्वीकार गर्दै मैले नेपालको जातजाति अन्तर्गत पर्ने गन्धर्व जातिको बारेमा पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल, कास्की जिल्ला पोखरा उप-महानगरपालिका वडा नं. १६, बाटुलेचौरमा बसोबास गर्ने गन्धर्व जातिमा केन्द्रित रही अध्ययन प्रस्तुत गरेको छु ।

पृथ्वीनारायण बहुमुखी क्याम्पस मानवशास्त्र/समाजशास्त्रका शोध निर्देशक श्री शरदकुमार पौडेलले आफ्ना व्यस्त समयको बाबजुद पनि मलाई यस शोधकार्य लेखनमा आवश्यक सहयोग पुऱ्याई दिनु भएकोमा उहाँप्रति पनि म आभारी छु। साथै पृथ्वीनारायण बहुमुखी क्याम्पस मानवशास्त्र/समाजशास्त्रका विभागीय प्रमुख श्रीमती शान्ति भुषाल प्रति ज्यादै कृतज्ञ छु। यस अध्ययनको क्रममा स्थलगत सर्वेक्षणमा आफ्नो अमुल्य समयको वास्ता नगरी संकलन गर्न सहयोग पुऱ्याउनु हुने यस बाटुलेचौर पोखराका गन्धर्व समाजका अध्यक्ष भोजबहादुर गायक, भिमबहादुर गायक, खड्कबहादुर गायक, धनबहादुर गायक, हर्कबहादुर गायक, कर्णबहादुर गायक, किसन गायक, दिलिप गायक, बलराम गायक तथा खिम बहादुर गायक लगायत मलाई सहयोग गर्नुहुने सम्पूर्ण गन्धर्व समुदायका बुबा आमा, दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। त्यसै गरी यो शोधकार्य लेखन कार्यका लागी घरायसी बाताबारण बनाई सहयोग गर्ने मेरो बुबा श्री बैठक लाल श्रेष्ठ प्रति आभार व्यक्त गर्दछु। यो शोधकार्य लेखनमा विभिन्न सामाग्री उपलब्ध गराउनुका साथै अन्य सहयोग गर्ने विभिन्न संघ संस्था, कार्यालय तथा व्यक्तिहरुलाई धन्यवाद दिन चाहान्छु।

मिति २०७० चैत्र                                        मिनु श्रेष्ठ

# शोधसार

समाज परिवर्तनशिल भईरहन्छ। समाज भित्रको निकै महत्वपुर्ण पक्ष भनेकै संस्कृति पक्ष हो। जसले मानव समाजको विभिन्न पक्ष जस्तै सामाजिक व्यवस्था, अर्थ व्यवस्था र व्यवहारमा प्रभाव पार्दछ। परापुर्वकाल देखि नै गाउने, सारङ्गी बजाउने अंगाल्दै आएका गन्धर्वजातिहरुको रहनसहन, भेषभुषा, चाडपर्व, बिवाह पद्धति, आम्दानीका स्रोत, पेशा, शिक्षा आदि सम्बन्धमा सुचना लिइएको छ भने आधुनिक विकासमा भएको प्रविधि विस्तार र पहुँचले गन्धर्व जातिको सामाजिक सांस्कृतिक आर्थिक विकासमा ल्याएको परिवर्तन बारे जानकारी प्राप्त गर्न सकिनेछ। यस सन्दर्भ अन्तरगत विभाग समाजशास्त्र/मानवशास्त्र विषयको स्नाकोत्तर तह द्वितिय वर्षको आँठौ पत्रको प्रयोजनको लागि गन्धर्व जातिको जिवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव शिर्षकको शोधकार्य तयार पारिएको छ।

यो शोधपत्र कार्यका लागि नेपाली समाज अन्तरगत पोखरा उप-महानगरपालिका वडा नं. १६, अन्तर्गत पर्ने पोखराको बाटुलेचौरका गन्धर्वजातिहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवस्था परिवर्तनको सम्बन्धमा अध्ययन गरिएको छ। शोधग्रन्थ अध्ययनलाई सात परिच्छेदमा विभाजन गरिएको छ। पहिलो देखि सातौँ सम्म क्रमशः परिचय सम्बन्धित साहित्यको अध्ययन, शोधविधी, तथ्याङ्क विश्लेषण, निस्कर्ष र सुझावहरु समावेश गरिएको छ। यस अध्ययनका प्रमुख उद्देश्यहरुमा गन्धर्व जातिको पहिलाको तुलना र अहिलेको जिवन शैलीमा आधुनिकीकरणको के कस्तो प्रभाव पारेको छ भन्ने बारे अध्ययन गर्नु रहेको छ।

अहिलेको बदलिंदो परिस्थितिमा उनिहरुको खानपान, रहनसहन, पेशा, शिक्षा, बसोबास आदि के कस्ताखालका छन् भन्ने कुरा बुझ्न खोजिएको छ। यस अध्ययन सँग सम्बन्धित विभिन्न सन्दर्भ, सामाग्रीहरुको रुपमा विभिन्न पुस्तक, अनुसन्धानात्मक कृतिहरु, पत्रपत्रिका, कार्यालय, स्थलगत अध्ययन आदिबाट तयार गरिएको छ। यस अध्ययनलाई पुरा गर्नको लागी पो.उ.म.न.पा. वडा नं. १६ का गन्धर्व जातिहरुको

घरधुरीलाइ समग्र संगणना विधी अपनाई अन्तरवार्ता अवलोकन, प्रश्नावली, स्थलगत सर्वेक्षण आदिबाट तथ्याङ्क संकलन गरिएको छ। उक्त स्थानबाट प्राप्त अभिलेख उत्तरदाताहरुबाट प्राप्त प्रक्रियाहरुलाई महत्वपुर्ण आधारको रुपमा लिएको छ।

त्यसैगरी चौथो खण्डमा पो.उ.म.न.पा. वडा नं. १६ अन्तरगत बाटुलेचौरको क्षेत्रलाई चिनाउने प्रयास गरिएको छ भने, त्यसपछि तथ्याङ्कको विश्लेषण र व्याख्या तथा प्राप्त भएका तथ्याङ्कहरुलाई तालिका रेखाचित्र वा वृत्तचित्र द्धारा प्रस्तुत गरिएको छ। यस खण्डमा गन्धर्व जातिहरुको शैक्षिक अवस्था, भेषभुषा, रहनसहन, गरगहना पारिवारिक आदिलाई समेटिएको छ। परापुर्वकाल देखि गाउने पेशा अंगाल्दै आएका गन्धर्व जातिहरुको जनसंख्या, बसोबास, रीतिरिवाज, सूचना प्रविधि, सामाजिक विकास, विश्वव्यापीकरण आदिका कारणले यस समुदायका गन्धर्वजातिहरुको सामाजिक, साँस्कृति, आर्थिक मूल्य मान्यताहरु परिवर्तन हुँदै गएको छ।

## विषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

शोधसार

कृतज्ञता ज्ञापन

**अध्याय एक : शोध अध्ययनको परिचय** **१-९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको प्रस्तुतीकरण ५

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको औचित्य र महत्व ७

१.५ अध्ययनको सिमा ९

**अध्याय दुई : सैद्धान्तिक अवधारणा र सम्वन्धित साहित्यको अध्ययन जन जाति पूर्वीय दर्शन र व्यवहार दलित र गन्धर्व** **१०-१९**

२.१ सन्दर्भको साहित्यको परिचय र समीक्षा १०

२.२ सामाजीक परिवर्तन र आधुनिकीकरण सिद्धान्त १६

२.३ पश्चिमीकरण १८

**अध्याय तीन : अनुसन्धान पद्धति** **२०-२३**

३.१ अध्ययन क्षेत्र २०

३.२ विश्लेषणको एकाई २०

३.३ अनुसन्धानको ढाँचा २०

३.४ नमुनाको ढाँचा २०

३.५ संकलनका विधिहरु २१

३.५.१ अन्तरवार्ता २१

३.५.२ अवलोकन २१

३.५.३ प्रश्नावली सुचि २१

३.५.४ घरधुरी सर्वेक्षण २२

३.६ सुचना तथा तथ्याङ्क संकलनका स्रोत २२

३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण २३

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय २४-२६**

४.१. सिमाना २४

४.२ भौगोलिक अवस्था २५

४.३ शैक्षिक अवस्था २५

४.४ अध्ययन क्षेत्रको जानकारी २५

**अध्याय पाँच : सामाजिक तथा सांस्कृतिक अवस्था २७-४४**

५.१ गन्धर्वहरुको उत्पत्ति २७

५.२ गन्धर्व नामाकरण २९

५.३ गन्धर्व जातिका थर र गोत्र २९

५.४ गन्धर्व जातिको जनसंख्या ३०

५.५ पारिवारिक बनोट ३२

५.६ परिवारको आकार ३४

५.७ उपचार प्रणाली ३५

५.८ धार्मिक अवस्था ३६

५.९ भाषा ३६

५.१० घरको बनावट ३७

५.११ खानपान ३७

५.१२ भेषभुषा ३८

५.१३ गरगहना ३८

५.१४ गन्धर्व समुदायका प्रमुख देवी देवताहरु ३८

५.१५ गन्धर्व समुदायको सांस्कृतिक अवस्था ३८

५.१५.१ जन्म संस्कार (न्वारान) ३९

५.१५.२ पास्नी ४०

५.१५.३ ब्रतवन्ध ४०

५.१५.४ बिवाह ४१

५.१५.५ मृत्यु संस्कार ४३
५.१५.६ रीतिरिवाज ४३
५.१५.७ गन्धर्व समाजमा महिलाको भूमिका ४४

**अध्याय छ : गन्धर्व जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थितिमा आधुनिकीकरणले पारेको प्रभाव ४५-६५**

**६. गन्धर्व जातिमा आएको सामाजिक परिवर्तन ४५-५१**
६.१ महिलामा आएको परिवर्तन ४५
६.२ पेशामा आएको बाहिरी हस्तक्षेप ४७
६.३ पेशा र भावी सन्तती ४९
६.४ परिवारको संरचनामा आएको परिवर्तन ४९
६.५. बिवाहको प्रचलनमा आएको परिवर्तन ५०
६.६ अन्य जातिसँगको सम्बन्धमा आएको परिवर्तन ५०
६.७ सामाजिक सम्बन्धमा आएको परिवर्तन ५०
६.८ चेतनामा आएको परिवर्तन ५१
६.९ जातिय भावनामा आएको परिवर्तन ५१

**७. सामाजिक संस्कारमा आएको परिवर्तन ५२-५३**
७.१ न्वारानमा आएको परिवर्तन ५२
७.२ पास्नीमा आएको परिवर्तन ५२
७.३ बिवाह संस्कारमा आएको परिवर्तन ५२
७.४ परम्परागत पेशामा आएको परिवर्तन ५२

**८. गन्धर्व जातिमा आएको आर्थिक परिवर्तन ५४-५६**
८.१ आम्दानीका श्रोतहरुमा आएको परिवर्तन ५४
८.२ नोकरी ५४
८.३ व्यापार ५४
८.४ ज्यालादारी ५५

८.५ सूचना प्रविधिको विकास ५५

८.६ आर्थिक उत्थानका प्रयासमा भएका परिवर्तनहरु ५६

**९. गन्धर्व जातिको आर्थिक अवस्था** **५६-६२**

९.१ गन्धर्व जातिको पेशा ५७

९.२ शिक्षा क्षेत्रमा आएको परिवर्तन ५८

९.३ पेशागत अवस्था ६०

९.४ खानपान र बसोबासमा आएको परिवर्तन ६०

९.५ खाना पकाउने इन्धन ६१

९.६ खानेपानीको स्रोत ६२

९.७ सरकारी नियम योजना प्रतिको धारणा ६२

**१०. आम्दानीका स्रोतहरु** **६२-६५**

१०.१ नोकरी ६२

१०.२ परम्परागत पेशा ६३

१०.३ श्रम तथा ज्यालादारी ६४

१०.४ संङ्गीत सिकाउने ६४

१०.५ आम्दानीको अवस्था ६५

**अध्याय सात : सारांश र उपसंहार** **६६-७३**

११.१. सारांश ६६

११.२ निष्कर्ष ७०

११.३. उपसंहार ७२

**सन्दर्भ सुची**

**घरधुरी सर्वेक्षण प्रश्नावली**

**फोटोहरु**

# तालिकीकरणको सुची


| तालिका नं. | | पेज नं. |
|---|---|---|
| ५.१ | उमेर अनुसार गन्धर्व परिवारको जनसंख्या विवरण | ३० |
| ५.२ | नेपालमा गन्धर्व जातिको जनसंख्या विवरण | ३१ |
| ५.३ | गन्धर्व परिवारको प्रकार र घरसंख्या | ३३ |
| ५.४ | सदस्य संख्याको आधारमा पारिवारिक विवरण | ३४ |
| ५.५ | गन्धर्व जातिको उपचार प्रणाली | ३६ |
| ५.६ | गन्धर्व समाजका घरहरुको बनावट | ३७ |
| ६.१ | महिलामा आएको परिवर्तन | ४६ |
| ६.२ | पेशामा आएको बाहिरी हस्तक्षेप | ४७ |
| ६.३ | परम्परागत पेशामा निर्भर रहेका बाटुलेचौर र गन्धर्व समुदायहरु | ५३ |
| ६.४ | गन्धर्व जातिको सुचना प्रविधि | ५५ |
| ६.५ | पेशाको आधारमा गन्धर्व जातिको वर्गीकरण | ५७ |
| ६.६ | शैक्षिक स्थितिको आधारमा गन्धर्व जातिको वर्गिकरण | ५९ |
| ६.७ | गन्धर्व जातिहरुले खाना पकाउदा प्रयोग गर्ने इन्धन | ६१ |
| ६.८ | गन्धर्व जातिहरुले प्रयोग गर्ने खानेपानीको स्रोत | ६२ |
| ६.९ | परम्परागत पेशा अगाल्ने १५ जना मध्ये खानलाउन पुग्ने नपुग्नेको विवरण | ६३ |
| ६.१० | गन्धर्व जातिको मासिक आम्दानीको अवस्था | ६५ |

# वृत्त चित्र सुची


| वृत्त चित्र नं. | | पेज नं. |
|---|---|---|
| ५.१ | नेपालमा गन्धर्व जातिको जनसंख्या विवरण | ३२ |
| ५.२ | गन्धर्व परिवारको प्रकार र घर संख्या | ३४ |
| ५.३ | सदस्य संख्याको आधारमा पारिवारिक विवरण | ३५ |
| ६.१ | पेशामा आएका बाहिरी हस्तक्षेप | ४८ |
| ६.२ | परम्परागत पेशा अँगाल्ने १५ जना मध्ये खान लाउन पुग्ने नपुग्नेको विवरण | ६४ |


## रेखा चित्र सुची


| रेखा चित्र नं. | | पेज नं. |
|---|---|---|
| ५.१ | उमेर अनुसार गन्धर्व परिवारको जनसंख्या विवरण | ३१ |
| ६.१ | शैक्षिक स्थितीको आधारमा गन्धर्व जातिको वर्गीकरण | ६० |
| ६.२ | गन्धर्व जातिको मासिक आम्दानीको अवस्था | ६५ |

## गन्धर्वजातीको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव

प्रस्तुत विषयमा मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत समाजशास्त्र/मानवशास्त्र विभाग समाजशास्त्र विषयको स्नाकोत्तर तह द्धितिय बर्षको आँठौ पत्रको प्रयोजनको लागी यो शोधपत्र तयार पारिएको छ। गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव सामाजिक, सांस्कृतिक अवस्था जन्म, मृत्यु, बिवाह, रीतिरिवाज, शैक्षिक अवस्था, घरधुरी सर्वेक्षण आदि जस्ता कुराहरुमा महत्वपुर्ण कुराहरु प्रस्तुत गरिएको छ। गन्धर्व जातिहरुमा आधुनिकीकरणले पारेको प्रभाव बारेमा यो शोधपत्र तयार गरिएको छ। यस अध्ययनको मुख्य तया प्राथमिक तथ्याङ्क र द्धितीय तथ्याङ्क दुबैमा केन्द्रीत रहेको छ। अनुसन्धानलाई यथार्थरुपमा प्रमाणित बनाउने सबैभन्दा महत्वपुर्ण तथ्याङ्क भनेकै प्राथमिक तथ्याङ्क हो। गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभावका बारेमा उनिहरुबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राथमिक तथ्याङ्क संकलन गरिएको छ।

**अध्ययनका उद्देश्य** :

- गन्धर्व जातिमा आएको सामाजिक तथा सांस्कृतिकमा आएको परिवर्तन
- शिक्षा क्षेत्रमा आएको परिवर्तन
- परम्परागत पेशा र आर्थिक अवस्थामा आएको परिवर्तन
- सुचना प्रविधि विकासमा आएको परिवर्तन

**अनुसन्धान ढाँचा :**

यस अध्ययनको लागि व्याख्यात्मक तथा वर्णात्मक शैलीमा शोधपत्र तयार पारिएको छ।

**अनुसन्धान विधि :**

अन्तरवार्ता, स्थलगत अवलोकन, प्रश्नावली सुचि जस्ता विधिहरुको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ। यस अध्ययनको लागी पो.उ.म.न.पा. वडा नं. १६, बाटुलेचौर अन्तरगत गन्धर्व बस्तीलाई समेटिएको छ। उक्त स्थानमा जम्मा घरधुरी संख्या ६२ मध्ये ३० घरधुरीलाई मात्र छनौट गरिएको छ। जस्को माध्यमबाट सामाजिक, साँस्कृतिक र

अाीर्थक अवस्थाको परिवर्तनका लागी यो तथ्याङ्क संकलन गरिएको छ। द्वितिय सुचना संकलनका लागी विभिन्न प्रत्रपत्रिका, सरकारी कार्यालय, नगरपालिका, सम्बन्धित गन्धर्व जातिहरुको सहयोग लिईएको छ। संकलित तथ्याङ्कलाई वर्गिकरण र तालिकीकरणको माध्यमद्धारा विश्लेषण गरि आवश्यकता अनुसार तालिका सुचि, वृत्त चित्र र रेखा चित्रको आधारमा प्रस्तुत गरिएको छ ।

- रा.ज.ग. २०६८ अनुसार गन्धर्व जातिको कुल जनसंख्या ६,८८७ रहेको छ ।
- उमेर अनुसार गन्धर्व परिवाको जनसंख्या ।
- बाटुलेचौरमा गन्धर्व जातिको कुल घरधुरी संख्या ६२ रहेको छ। जसमध्ये कुल जनसंख्या २१३ जना रहेको छ ।
- जसमध्ये ३० घरधुरीलाई मात्र छनौट गरिएको छ। यसमध्ये जम्मा जनसंख्या १६५ जना रहेको छ। त्यस्तै पुरुषको संख्या ७९ र महिलाको संख्या ८६ रहेको छ ।
- उमेर अनुसार ६० वर्ष भन्दा माथीको संख्या ५ अर्थात ३.०४ प्रतिशत र सवैभन्दा बढी १५-५९ बर्षसम्म ९५ जना अर्थात ५७.५७ प्रतिशत रहेको छ ।
- शिक्षा क्षेत्रमा निरक्ष संख्या ५५ अर्थात ३३.३३ प्रतिशत र साक्षर संख्या २६ अर्थात १५.७६ प्रतिशत रहेको छ ।
- छनौट गरिएको ३० घरधुरी मध्ये पक्कीघर ७ र कच्ची घर २३ अर्थात क्रमश: २३.३३ प्रतिशत र ७६.६७ प्रतिशत रहेको छ ।
- पेशागतको आधारमा वर्गिकरण गर्दा १६५ जना मध्ये रोजगार संख्या ६८ र बेरोजगार संख्या ९७ जना रहेको छ ।
- परामपरागत पेशा गर्दै आएको

गन्धर्व जातिहरुमा विशेषता रहेका छन्। नयाँ नयाँ प्रविधिको विकास आदिका कारणले यस समुदायका मानिहरुको सामाजिक, आर्थिक, सांस्कृतिक मुल्य मान्यताहरु परिवर्तन हुँदै आएको छ। संयुक्त परिवारको अवधारणा परिवर्तन भएर शहरीशैलिको एकात्मक परिवार तर्फ आर्कर्षित भएको पाइन्छ। स्वास्थ आधुनिकता तथा शहरिकरणको प्रभावको कारणले गुईठा, दाउराको सट्टामा ग्याँस, विद्युतको प्रयोग गरेको पाइन्छ ।

# अध्याय : एक

## शोध अध्ययनको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपाल दक्षिण एशियामा सामाजिक सांस्कृतिक विविधताले भरिपुर्ण प्राकृतिक स्रोतसाधन सम्पन्न एक भुपरिवेष्टिट मुलुक हो। नेपाल एक बहुजातिय बहुभाषिक, बहुधार्मिक बहुसांस्कृतिक विविधताले सम्पन्न सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो। यहाँ १०१ जाति जनजातिहरुको बसोबास रहेको छ। नेपाल एक लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्वन गरेको राष्ट्र हो। नेपाल विभिन्न जनजाति, भाषाभाषी धर्म, सम्प्रदायको जनसमुदायहरुको साझा मातृभूमि हो। यहाँ १०१ जाति मध्ये ९२ वटा भाषाहरु रहेका छन्। नेपाली भाषा सवै नेपालीहरुको माध्यम भाषा र सरकारी कामकाजको रुपमा रहेको छ। नेपाल अल्पविकसित गरिव राष्ट्र हो। यहाँ ८० प्रतिशत जनसमुदाय कृषि क्षेत्रमा निर्भर रहेका छन्। कृषि प्रधान मुलुक नेपालमा ४० प्रतिशत जनसमुदायहरु गरिवीको रेखामुनि रहेको यु.यन.डि.पी. को सन् २००४ को मानव विकास रिपोर्टमा उल्लेख छ। साथै रिपोर्टमा जनाए अनुसार उत्पीडित जाति र पिछडिएको क्षेत्र र जनजातिका ५० प्रतिशत जनसमुदाय गरिवीको रेखामुनि रहेका छन्। नेपाल भौगोलिक रुपमा ३ तहमा हिमाल पहाड र तराईको रुपमा विभाजित छ। सोही भौगोलिक भिन्नता अनुरुप भेषभुषा, भाषा, लवाई खुवाई, रीतीरिवाज पनि फरक फरक खालका रहेका छन्। हिमाली क्षेत्रमा बढी चिसो हुनाले बाक्ला कपडा लगाउने पशुपालन गर्ने, त्यसैगरी तराईमा गर्मी हुने भएकोले पातला कपडाहरु लगाउने, उच्च हिमाली क्षेत्रमा बाह्रै महिना हिउँले ढाक्ने गर्दछ भने बिचको महाभारत पहाड हरियाली जङ्गलले ढाकिएका छन्। महाभारत पहाड भन्दा होचा चुरे पहाड रहेका छन्। तराई समथर भू-माग रहेको छ।

तराई पनि दुई भागमा बाँडिएको छ। भित्री मधेस र तराई प्रदेश रहेका छन्। हिमाल पहाड र तराई तीनवटै भौगोलिक क्षेत्रमा पिछडिएका जनजाति, दलित विभिन्न जातजातिहरु बसोबास गर्दछन्। तल्लो हिमाली क्षेत्रमा मुख्य तया, शेर्पा, भोटे, थकाली जाति बसोबास गर्दछन् भने मध्य पहाडी क्षेत्रमा ब्राह्मण, क्षेत्री, नेवार, दमाई, कामी, गन्धर्व, पोडे तामाङ, राई, लिम्वु आदि रहेका छन्। तराईमा थारु, राजपुत, दनुवार, सतार, दुसार, यादव, मुस्लिम, आदि बसोबास गर्ने गर्दछन्। ती जनजातिले आ-आफ्नै जीवनशैली र अलग

संस्कृतिको अलवम्बन गरिरहेका छन् । परम्परागत जाति विशेषका पेशाहरु पनि रहेका छन् । जस्तै दमै जातिले कपडा सिलाउने, कामी जातिले फलामको काम गर्ने, सार्की जातिले जुत्ता सिलाउने, कुमाल जातिले माटाका भाँडा बनाउने  गर्दछन् । इतिहास तर्फ फर्केर हेर्ने हो भने ज-जसले जे काम गरे पनि कालान्तरमा ती पेशागत समुह जातिगत समुहमा परिणत भए । तिनका केही फरक चालचलन रीतिरिवाज पनि बने । त्यही नै अहिलेका पेशागत जाति समुह हुन । यिनै मध्येको गन्धर्व पनि पेशागत जाति हो । यस जातिको गीत गाउने, सारङ्गी बजाउने, नाच्ने मनोरञ्जन गर्दै र माग्ने परम्परागत पेशा रहेको छ ।

नेपालका विविध जाति जनजाति भाषा संस्कृतिले भरिपुर्ण मुलुक हो । पुर्वराजा पृथ्वीनारायण शाहले नेपाल चार जाति छत्तिस वर्णको फुलवारी हो भनेका थिए । राष्ट्रिय एकीकरणमा पनि विभिन्न जाति जनजातिले महत्वपुर्ण योगदान पुऱ्याएको ऐतिहासिक तथ्याङ्क रहेका छन् । यिनै मध्येको सामाजिक आर्थिक रुपमा पछि परेको यस गन्धर्व जातिले नेपालको राष्ट्रिय एकिकरणमा अहम भुमिका खेलेको देखिन्छ । त्यसवेला गोर्खाली सेनालाई गन्धर्वले गीत गाउँदै सारङ्गी बजाएर बहादुरीका राष्ट्रियता र जागरण गीत गाउँदै राष्ट्रिय एकीकरणमा उत्साहित बनाएका थिए । तर आजसम्म पनि यो जाति पिछडिएको छ । धेरै जनजातिहरु आर्थिक, सामाजिक रुपमा पछि परेका कारण गरिवी र सामाजिक भेदभाव, छुवाछुट बाट पिडित भइरहेका छन् । २०४६ सालको जनआन्दोलन पछिका अवधिमा धेरै नै सामाजिक चेतना अगाडी आयो । यसले उनीहरुको परम्परागत पेशामा क्रमशः परिवर्तन हुँदै आयो । यसबाट उनीहरुको परम्परागत पेशामा भन्दा आय पेशाका थप आर्थिक सुधार भएको पाइएको छ ।

गन्धर्व जाति आफ्नो छुट्टै पहिचान भएको एक पेशागत जाति हो । यो जाति नेपाल अधिराज्यका विभिन्न भागमा फैलिएको छ । नेपालमा गन्धर्व जातिको सानो सङ्ख्या रहेको छ । यिनीहरुको नेपाल भरी कुल जनसङ्ख्या ५,८८७ रहेको छ । विशेष गरी गन्धर्व जाति पश्चिम नेपालको पहाडी जिल्लाहरु लमजुङ, कास्की, तनहुँ, बाग्लुङ, सल्यान लगायतका जिल्लामा फैलिएका छन् । पहिला पहिला गाईने जाति भनेर चिनिने यस जातिले आजकल गन्धर्व जाति भन्ने गर्दछन् र आफ्नो थरमा “गायक” लेख्दछन् । मुख्य पेशाको रुपमा गीत गाउने, सारङ्गी बजाउने, नाच्ने र मागी हिड्ने पेशा अपनाउँदै आएका छन् । गन्धर्व जातिले

दु:ख पिडा, दुर्घटना, बिछोड, अकल्पनिय घटना जस्ता मानवीय कारुणिक घटनालाई लोकगीत मार्फत प्रचार प्रसार गर्दै आएका छन् ।

यो "गायक" र गन्धर्व शव्दले यी जाति पेशागत रुपमा नै गीत गाउने जाति भन्ने बुझाउँछ । बि.सं. २००७ सालको परिवर्तन पछाडि गन्धर्व जातिमा उत्थानका सामान्य प्रयास भएको पाईन्छ । जनकवि केशरी धर्मराज थापाले गन्धर्वका लोकगीत र यस जातिका बारेमा वि.सं. २०१३ सालमा राजा महेन्द्रसँग उत्थान गर्नुपर्ने कुरा राखेको बताउनु भएको छ । उहाँका २०१३ साल देखि "गन्धर्व" भन्न थालिएको भन्ने भनाई छ । गन्धर्व जातिको मुख्य मानिसलाई "मिजार" भनिन्छ । रामशरण दर्नालका अनुसार "मिजार" शव्दले समुदायको मुख्य व्यक्ति मात्र होइनकी विगतमा गन्धर्व जातिका मानिसले जागिर पाएपछि उनीहरुले गाईने लेख्ने चलनलाई मर्यादित शव्द मिजार प्रयोग गरेको पाईन्छ । (दर्नाल, २०४५ : १४२)

गन्धर्व जातिले सारङ्गी बजाएर गीत गाउँदै हिड्ने मात्र नभै यिनीहरु आँफै विभिन्न आकार प्रकारका सारङ्गी र अर्बाजो बजाउँछन् । तिनीहरुले स्वदेशी तथा विदेशी पर्यटकहरु र व्यापारीलाई ती विभिन्न प्रकारका सारङ्गी बेच्ने गर्दछन् र यसबाट गन्धर्वहरुको दैनिक जीवन निर्वाहमा केही टेवा पुऱ्याउँदै आएको छ । परम्परागत रुपमा नै गन्धर्वहरु आफ्ना पुर्खा अग्रजहरुवाट सारङ्गी बजाउने र लोकगीत गाउन सक्दछन् । गन्धर्व जातिको प्रमुख वस्ती कास्की जिल्लाको पोखरा उ.म.न.पा. वडा नं. १६ स्थित बाटुलेचौरमा रहेको छ ।

गन्धर्व जातिहरु परम्परागत पेशामा छाड्दै आएर आजकाल धेरै युवा, युवतीहरु जागिर, व्यापार, बैदेशिक रोजगारी आदिमा आकर्षित भएका छन् । यी अन्य पेशा अपनाउनेहरुको आर्थिक अवस्था र शिक्षा र स्वास्थ अवस्थामा सुधार आएको छ ।

अंग्रेज सरकारको निमन्त्रणामा नेपालका पहिलो राणा प्रधानमन्त्री बि.सं. १९०६ मा युरोप भ्रमणमा गए । त्यहाँको सामाजिक संरचनाबाट प्रभावित भएर उनले नेपालमा फर्केर नेपाली समाजलाई व्यवस्थित बनाउन उनले नेपाली समाजलाई हिन्दु वर्ण व्यवस्था अनुसार

विभाजन गर्नका लागि बि. सं. १९१० मा मुलुकी ऐन जारी गरेर नेपाली समाजलाई निम्नानुसार पाँच वर्गमा विभाजन गरे (होफर, २००४ : १०३) ।

जसमाः

१. उपाध्याय बाहुन, राजपुत (ठकुरी) (लडाकु), जैसी बाहुन (क्षत्री-लडाकु), देउभाजु - नेवारी बाहुन, भारतीय बाहुन, सन्यासी, तल्लो जैसी, विभिन्न नेवारी जातहरू

२. नमासिने मतवाली : मगर, गुरुङ्ग, सुनुवार, केही नेवारी जातहरू

३. भोटे, चेपाङ, घर्ती, ह्यु

४. पानी नचल्ने छोइछिटो हाल्न नपर्ने : कसई, कुसले, धोवी, मुसलमान, मलेछा (युरोपियर्न)

५. पानी नचल्ने छोइछिटो हाल्नुपर्ने : कामी, सार्की, दमाई, गन्धर्व, वादी, पोडे, च्यामे नेपाली समाजलाई जंगबहादुरले उपरोक्त तवरवाट विभाजन गरी जातभात अनुसार काम समेत विभाजन गरी कानुन बनाइ लागु गरे । समाजमा यस नियम अनुसार नचल्नेका लागि दण्ड सजायको व्यवस्था गरेका थिए (होफर, २००४ : १०५) ।

देशमा छरिएर रहेका विविध जनजातिहरूमध्ये नेवार, मगर, थारु, लिम्वु, शेर्पा, थकाली जातिको दाँजोमा अछुत जातिहरू जस्तो दमाई कामी, सार्की, पोडे, गन्धर्व आदि जातिहरू पिछडीएका र अल्प सङ्ख्यक अवस्थामा छन् । यी जातजातिहरू बहुसङ्ख्यक माथिल्ला जातिहरूको दाँजोमा चेतनाको कमी, गरिवी, अशिक्षा, बेरोजगारी एवं नागरीक अधिकार तथा मानव अधिकारको ज्ञानको कमी जस्ता कारणले गर्दा यिनीहरू सामाजिक, आर्थिक रूपले पिछडिएका छन् (क्षेत्री २०४१) । यी अल्पसङ्ख्यक जनजाति अन्तर्गत पर्ने गन्धर्व जाति पनि एक हो । परापुर्व कालदेखि आफ्नो छुट्टै पेशा अँगाल्दै आएको गन्धर्वजातिको आफ्नै किसिमको विशेषता रहेको छ । यी जातिहरू पहिलेदेखि नै सारङ्गी बजाएर गाउँघरमा, जात्रामा, मेलामा, पर्वहरूमा गीत गाउँदै दुनियाको चित्त बुझाई दुई चार पैसा, धान, मकै अन्नपात थापेर आफ्नो जाहान परिवारहरुको गुजारा चलाउँथे भने महिलाहरुले ताल तलैया, खोला, नदी नालामा भोटी माछा मारेर जिविकोपार्जन गर्दथे । तर हाल आएर गन्धर्व जातिहरूले यी पेशा क्रमशः छाड्दै आइरहेका छन् । नयाँ पिंढीले सारङ्गी र गाउने पेशा

नसमाउनुको कारण छोइछिटो गर्ने सामाजिक परम्परा र समाजका अरु जातिले थिचोमिचो र सामाजिक अपहेलना गर्नुका कारणले यो पेशा छाड्नु परेको गुनासो सुनिन्छ ।

गन्धर्व जातिहरू नेपालका विभिन्न पहाडी जिल्लाहरूमा छरिएर रहेका छन् तर पनि विशेष गरी नेपालको ५ विकास क्षेत्र अन्तर्गतको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चल, कास्की जिल्लाको पोखरा उप-महानगरपालिका वडा नं. १६, भित्र पर्ने बाटुलेचौरमा सबैभन्दा ठुलो बस्ती रहेको छ । पोखरा उप-महानगरपालिका वडा नं. १६ बाटुलेचौरमा मात्र २१३ जना बसोबास गर्दछन् । यसमा घर धुरी सङ्ख्या ६२ वटा छन् भने महिलाको सङ्ख्या १०३ छ । त्यस्तै पुरुष ११० जना छन् । जसमध्ये ३० घरको १६५ जनालाई समावेश गरिएको छ । आजको २१औं शताब्दिको परिवर्तनमा पनि आफ्नो छुट्टै सांस्कृतिक पहिचान राख्न सफल रहेको गन्धर्व जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको बारेमा अध्ययन अनुसन्धान गरी समस्याको उत्खनन् गरी समस्या समाधानमा ध्यान दिनु आवश्यक हुन्छ ।

### १.२ समस्याको प्रस्तुतीकरण

नेपाल विविधता भएको विकासोन्मुख राष्ट्र हो । यहाँका धेरै जसो तल्लो जातका भनिने जात सार्की, दमाई, कामी, पोडे, गन्धर्व आदिको जीवन गरिवीले गाँजेको देखिन्छ । यिनीहरू आर्थिक रूपले विपन्न हुनुमा यि जातका मानिसहरूसँग कृषि योग्य भुमिको अभाव र अशिक्षा मुख्य मान्न सकिन्छ । यिनीहरूले अपनाउदै आएका परम्परागत पेशाले वर्तमान युगका आधारभुत आवश्यकता पुरा गर्न सकिरहेका छैनन् । गन्धर्व जातिले पहिला पहिला गीत गाएर, सारङ्गी बजाएर, देशमा या गाउँमा घटना भयो भने त्यसलाई गीत बनाएर दुनीयाँको घरदैलो चाहारेर आफ्नो जीविका चलाउँदथे । यो नै यिनीहरूको मुख्य गरेर पुर्ख्यौली पेशा थियो ।

वर्तमान समयमा विज्ञान र प्रविधिमा आएको युगान्तकारी परिवर्तनले समाजमा विद्यमान जातिय पेशामा संकट पर्दै आएको छ । प्रविधिको विकासले मानिसहरू नयाँ नयाँ प्रविधिहरूको प्रयोग र मनोरञ्जनमा व्यस्त छन । जसले गर्दा सार्की, दमाई, गन्धर्व लगायतको परम्परागत पेशा संकटमा पर्दै गएको देखिन्छ । पहिला रेडियो, टेलिभिजन जस्ता उपकरणहरूको विकास नभएको अवस्थामा मानिसहरू गन्धर्व, वादीहरूलाई गीत गाउन

लगाई मनोरञ्जन लिने गर्दथे तर आजभोली सूचना प्रविधिमा भएको दुत विकासले मनोरञ्जनको नयाँ क्षेत्रहरूको विकास भई दिनाले मानिसहरू टि.भि, मोवाईल, रेडियो, कम्प्युटरमा कार्यक्रम हेरेर मनोरञ्जन लिने गर्दछन् । जसले गर्दा मानिसहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा परिवर्तन देखा पर्दै गएको देखिन्छ । उपरोक्त कुराको प्रत्यक्ष प्रभावमा परेका जातिहरू मध्ये गन्धर्व पनि एक हो । यसैले यस विषयलाई एउटा समस्याका रूपमा लिई गन्धर्वहरूको परम्परागत पेशामा के कस्ता संकटहरु देखा परेको छ, संकटमा पर्दै गर्दा सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था के कस्तो छ र जनजीवनमा के कसरी परिवर्तन आएको छ जस्ता शोध अध्ययनका समस्याहरु भनी यस अध्ययन अनुसन्धानमा जवाफ खोज्ने प्रयत्न गरिएको छ ।

- किन गन्धर्व समुदाय परम्परागत पेशा छाडी अन्य पेशातर्फ आकर्षित हुँदैछन् ?
- यसका लागी के के कारणहरु होलान् ?
- किन युवा पिडी अन्य पेशा तर्फ आकर्षित हुँदैछन् त ?
- हाल गन्धर्व जातिहरु के कस्ता पेशा तर्फ आकर्षित भएका छन् ?
- अन्य पेशामा उनीहरुको पहुँच कस्तो छ ?
- परम्परागत पेशा र अन्य पेशा गर्नेहरुमा आर्थिक अवस्था कस्तो छ ?
- त्यस्तै परम्परागत पेशाबाट उनीहरु आधारभुत आवश्यकता पुरा भएको छ कि छैन ? उनीहरुका बाँच्ने आयका स्रोतहरु के के छन् ?

यिनै र यस्तै प्रश्नहरुको उत्तर खोज्दै वास्तविकता पत्ता लगाउन र उनीहरुको जीवनस्तर वृद्धि गर्न टेवा पुऱ्याउने उद्देश्यले गन्धर्व जातिको परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्तिको अध्ययन गरी एउटा दस्तावेज पेश गर्नु यस शोध पत्रको समस्या हो ।

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य कास्की जिल्ला बाटुलेचौरका गन्धर्वहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था र परिवर्तनको सम्वन्धमा अध्ययन गरिएको छ। यस

अध्ययनको गन्धर्व जातिको जीवन शैलीमा आधुनिकीकरणको प्रभावको बारेमा अध्ययन गर्नु साधारण उद्देश्य रहेको छ । यस बाहेक यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न छन्-

- कास्की पोखरा १६, बाटुलेचौरका गन्धर्वजातिको समाजशास्त्रीय अध्ययन गर्नु ।
- उनीहरुको परम्परागत पेशा र आर्थिक अवस्थामा आएको परिवर्तनको खोजी गर्नु ।
- आनुनिकीकरणले उनीहरुको जीवनशैलीमा पारेको प्रभाव बारे अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

नेपालमा विभिन्न जातिहरुका आ-आफ्नै जातिगत पेशा रहदै आएका छन् । नेपाल सानो देश भएर पनि बहुजातिय बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। नेपालमा विगत देखि अपनाउँदै आएको गन्धर्व जातिले गाउने पेशा आजको दिनमा परिवर्तन हुँदै आएको छ। आधुनिकीकरणसँगै गन्धर्व जातिको परम्परागत पेशामा क्रमशः परिवर्तन भई अन्य जागिर, व्यापार, बैदेशिक रोजगार र कृषितर्फ उन्मुख भइरहेको पाईन्छ। शिक्षा, यातायात, बसाईसराई आधुनिक सूचना प्रविधिहरु सञ्चारको विकास सँगै गन्धर्व जातिहरुको खानपान, रहनसहन, भेषभूषा, रीतिरिवाज, सूचना प्रविधि, बिवाह, ब्रतबन्ध, पास्नी आदि जस्ता पद्धतिमा परिवर्तन आएको छ ।

त्यसैक्रममा परम्परागत रुपमा सारङ्गी बजाएर लोक गीत गाउने र माग्ने पेशा एवं, माछा मार्ने पेशा अंगाल्दै आएको गन्धर्व समुदायमा पनि परम्परागत पेशामा आएको परिवर्तन कस्तो अवस्था छ, त्यसको समाजशास्त्रीय अध्ययनको आवश्यकता रहेको छ। यस अवस्थामा गन्धर्व समुदायको जीवन स्तरमा के कस्ता परिवर्तन भए भन्ने कुराको जानकारी हुने छ। यसका लागि पोखरा उप-महानगरपालिका वडा नं. १६ बाटुलेचौरको गन्धर्व बस्तीलाई समेटिएको छ ।

आधुनिकीकरण सँगै परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्ति जान्ने र त्यस जातिको उत्थानमा टेवा पुऱ्याउने यस शोध अध्ययनको व्यवहारिक महत्व रहेको छ । गन्धर्व जातिको

बारेमा जानकारी चाहने संघ संस्था तथा अध्ययन अनुसन्धान गर्नेहरुका लागि समेत यो अध्ययन लाभदायी हुनेछ ।

यस अध्ययनले सामान्य तया गन्धर्वहरूको सामाजिक जनजीविकाको साथै आर्थिक पक्षका बारेमा समेत जानकारी उपलब्ध गराउने छ । परापूर्वकाल देखि गाउने पेशा अंगाल्दै आएका गन्धर्वहरूको जनसङ्ख्या, बसोबास, खानपान, भेषभुषा, रीतिरिवाज, सूचना प्रविधि, बिवाह पद्धति, आम्दानीका स्रोत र  पेशा आदिका सम्बन्धमा सूचना प्राप्त हुनाको साथै आधुनिक विश्वमा विकास भएका प्रविधि र यिनको विस्तार र पहुँचले गन्धर्व जातिको सामाजिक, सांस्कृतिक र आर्थिक जीवनमा ल्याएका परिवर्तन बारेमा जानकारी प्राप्त गर्न सकिने छ । यस जातिका बारेमा थप अध्ययन, अनुसन्धान गर्न इच्छुक जो कसैका लागि पनि यस अध्ययनले सहयोग एंव मार्गदर्शन दिनेछ ।

त्यस्तै क्रममा परम्परागत रुपका सारङ्गी बजाएर लोक गीत गाउने र माग्ने पेशा एवं माछा मार्ने पेशा अंगाल्दै आएको कास्कीका गन्धर्व समुदायमा पनि परम्परागत पेशामा आएको परिवर्तन कस्तो अवस्थामा छ त्यसको समाजशास्त्रीय अध्ययनको आवश्यकता रहेको छ । यस अवस्थाबाट गन्धर्व समुदायको जीवन स्तरमा सुधार ल्याउन कस्ता कस्ता नीति अवलम्वन गर्नु पर्ने हुन्छ । त्यसको जानकारी प्राप्त हुनेछ । यसका लागी कास्की जिल्ला पोखरा उप-महानगरपालिका वडा नं. १६ बाटुलेचौरका गन्धर्व बस्तीलाइ समेटिएको छ । यी बस्तीका गन्धर्व समुदायको नमुनागत अध्ययनबाट गन्धर्व जातिगत समुदायको बच्न र जीवन स्तर सुधार्नका लागि उनीहरुको परम्परागत पेशागत अवस्थित र जीवनशैली जीवनस्तरमा आएका परिवर्तनहरु यस अध्ययनले पत्ता लगाउने  छ ।

मुल संरचनाको अध्ययन वृहत्तर हुने भएकाले त्यही संरचनाको एक एकाईलाई लिएर आधुनिकीकरण सँगै परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्ति जान्ने र त्यस जातिको उत्थानमा टेवा पुऱ्याउने यस शोध अध्ययनको व्यवहारिक महत्व रहेको छ । यस गन्धर्व जातिको परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्तिको अध्ययनले अन्य जातिगत पेशा अपनाउँदै आएका जातिको परम्परागत पेशामा आएको परिवर्तन प्रवृत्ति समेत अध्ययन गर्न टेवा पुऱ्याउने छ । यी तथ्याङ्कहरु निष्कर्षहरु योजनाकार र नीति निर्माताका लागि गन्धर्व

जातिको पेशा र आर्थिक अवस्थामा स्तर उन्नति गर्ने योजना बनाउने टेवा पुग्नेछ । साथै अन्य पछि परेका पेशागत जातिहरुलाई माथि उठाउने कार्यक्रम बनाउन यी निष्कर्ष र तथ्यहरु सहायक सिद्द हुनेछन् ।

### १.५ अध्ययनको सिमा

यो अध्ययन गन्धर्व जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययनमा सिमित रहेको छ । सिमित स्रोत साधन, आर्थिक अभावको कारण कास्की जिल्लाको बाटुलेचौरमा बसोबास गर्दे आएका गन्धर्वहरूमा मात्र यो अध्ययन सिमित रहेकाले समग्र देशभरिकै गन्धर्वहरूको अवस्था र बस्तु स्थिति बारे प्रतिनिधित्व नगर्न सक्छ । फरक भौगोलिक एंव सामाजिक र आर्थिक परिभेषका कारण यस अध्ययनबाट निस्कने निष्कर्षहरूले देश भरीका गन्धर्वहरूसँग ठ्याक्कै मेल नखाए पनि धेरै मात्रामा यस अध्ययनबाट प्राप्त तथ्यांङ्कहरूले सहयोग पुऱ्याउन सक्नेछ । यो शोधपत्र पोखरा उप-महानगरपालिका वडा नं. १६ मा केन्द्रीत छ । स्नातकोत्तर तहको शोधपत्रको लागि यो अनुसन्धान तयार गरिएको हो ।

# अध्याय : दुई

## सैद्धान्तिक अवधारणा र सम्वन्धित साहित्यको अध्ययन जन जाति पूर्वीय दर्शन र व्यवहार दलित र गन्धर्व

### २.१ सन्दर्भको साहित्यको परिचय र समीक्षा :

नेपालमा सन् १९८१ बाट मात्र त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र/मानवशास्त्रको अध्ययन छुट्टै रुपमा शुरु भएको हो। वि.सं. २००७ साल देखि नेपालमा शिक्षाको ढोका खुलेपछि मात्र बिदेशीहरुले समाजशास्त्रीय अध्ययन खोज गरिएका छन्। १०४ वर्ष सम्मको राणाकालीन युगमा सर्वसाधारणलाई अध्ययन गर्न दिइएको थिएन। अहिले स्वदेशी र बिदेशी समाजशास्त्री एवं मानवशास्त्रीहरुले धेरै जाति र जनजातिका बारेमा अध्ययन अनुसन्धान गरेका छन्। ती मध्ये थोरैले मात्र गन्धर्व जातिका बारेमा अध्ययन गरेका छन्। गन्धर्व जातिका बारेमा केही विद्धानहरुले सामाजिक आर्थिक बिषयमा अध्ययन शोध कार्य गरेका छन् एकाध विद्धानहरुले गन्धर्व जातिको परम्पारागत पेशामा आएको परिवर्तनका बिषयमा समाजशास्त्रीय अध्ययन गरी लेख रचना प्रकाशन गरेका छन्।

प्रकाश भट्टराई (२०५९) ले पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभागको स्नातकोत्तरको लागि कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. १६ बाटुलेचौर गन्धर्व जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था एक अध्ययन शोध पत्रमा गन्धर्व जातिको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन गर्दै क्रमशः परम्परागत पेशालाई छाडी आधुनिक जागिर, व्यापार जस्ता आधुनिक पेशा अपनाउने क्रम बढेको खोज प्रस्तुत गरेका छन् तर उनले बढी इतिहास र संस्कृतिको पक्षमा व्याख्या गरेका छन्। आजको पेशागत परिवर्तन र आर्थिक अवस्थामा आवश्यक मात्रामा व्याख्या विश्लेषण गरेको पाईदैंन।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधतायुक्त सम्मेलन भएको देश हो। यस देशमा केही परम्परागतरुपमा जातिगत पेशाका रुपमा अपनाउँदै आएका छन्। त्यसरी भौगोलिक र सामाजिक सांस्कृतिक जातिगत अध्ययनको लागि नेपाल उर्वरभुमि हो। सन् १९५० पछि विदेशी र स्वदेशी समाजशास्त्री मानवशास्त्री विद्धानहरुले नेपालका विभिन्न जाति एवं जनजातिका बारेमा अध्ययन गरेका छन्। ती मध्येका पहिलो विद्धान्मा वार ए.ए. वाका (२०१३) हुन। त्यसपछि प्रोफेसर ए. डव्लु म्याक्डानाल्ड (२०१८) हुन्। यिनले काठमाण्डौंका गन्धर्व बारेमा र वि.सं. २०२४ सालमा सल्यान जिल्लाका गन्धर्वका बारेमा अध्ययन गरेका थिए। त्यसैगरी फ्रान्सेली मानवशास्त्री मिरेया अल्फायारले वि.सं. २०२३ सालमा "गाईने अफ नेपाल" शोधपत्र निकालिन्। यसमा उनले गन्धर्व जातिले बजाउने लोकप्रिय बाजाहरु सारङ्गी र अर्वाजोका बारेमा विश्लेषण गरेकी थिईन्। त्यसैगरी वि.सं. २०२३ र २०२५ सालमा मार्क ग्याब्रोरियोले नेपालका विभिन्न भागका गन्धर्व जातिका बारेमा अध्ययन गरेर आफ्नो शोध प्रकाशित गरेका छन्। नेपालमा सन् १९७० मा प्रोफेसर डोरबहादुर विष्टले जनजातिय अध्ययन गर्दै नेपालका जनसमुदाय पिपुल अफ नेपाल १९७० प्रकाशित गरेका छन्। त्यसमा उनले झण्डै झण्डै सबै जाति जनजाति र समुदायका बारेमा उल्लेख गरेका छन्। सन् १९७२ मा उनै प्रो. डोरबहादुर विष्टले अर्को किताव "सबै जातको

फूलवारी" प्रकाशित गरेका छन् । यसमा उनले नेपालका अधिकांश जनजातीहरु र जातीय समुदायका बारेमा प्रस्ट्याएका छन् ।

त्यसैगरी गौतम थापाले सन् १९९४ मा ट्राईवल इथ्नोग्राफी अफ् नेपाल अंक २ मा नेपालका गन्धर्व जाति बारे व्याख्या गरेका छन् । यस कितावमा गन्धर्वहरुको सामाजिक स्थिति, आर्थिक अवस्था, उनीहरुको सांस्कृतिक र उनीहरुको ऐतिहासिक पृष्ठभूमि समेत व्याख्या गरिएको अत्यन्त महत्वपुर्ण साहित्य छ । यस साहित्यले अध्ययनमा धेरै टेवा पुऱ्याएको छ । पोखरा बाटुलेचौरमा जन्मिएका जनकेशरी धर्मराज थापाले गन्धर्व समुदायका विभिन्न लोकगीतहरु देशका विभिन्न भागबाट संकलन गर्नु भएको छ । उहाँले वि.सं. २०२० सालमा प्रकाशित "हाम्रो लोकगित" गण्डकीको सुसेली (२०३०) र "मेरो नेपाल भ्रमण" (२०३२) मा गन्धर्व जाति लोकगित संगित उत्पादक र प्रसारक बन्नु भएको छ । उनीहरुले लोक संगितलाई नेपाल र विश्वको विभिन्न भागमा प्रचार गरेका छन् । धर्मराज थापाले विश्लेषणात्मक भन्दा पनि व्याख्यात्मक विवरण प्रस्तुत गर्नु भएको छ ।

पछिल्लो अवधिमा गाईने भनिने जातिलाई गन्धर्व भन्न थालेका छन् । उनीहरुले आफ्नो घरमा गायक भन्दछन् । साथै उनीहरुको परम्परागत पेशाबाट धेरै जसो गन्धर्वजातिहरु नोकरी तर्फ उन्मुख भएको कुरा रामशरण दर्नालले उल्लेख गरेका छन् (दर्नाल, २०४५ : १३१) । नेपाल सरकारको सूचना तथा सञ्चार विभागबाट प्रकाशित "मेचीदेखि महाकाली" ( २०३१) ले नेपाली मानिसहरुका बारेमा विश्लेषणात्मक व्याख्या गरेको छ । त्यस प्रकाशनमा पोखराका गन्धर्व जातिका बारेमा उल्लेख गरिएको छ । पोखरा बाटुलेचौरको गन्धर्व बस्तीका पछिल्लो जानकारी यस प्रकाशनले दिएको धेरै महत्वपुर्ण रहेका छन् ।

रामशरण दर्नालले विभिन्न पत्रपत्रिका, पुस्तकहरुमा गन्धर्व जातिका बारेमा विभिन्न लेख रचनामा गन्धर्व जातिको विभिन्न पक्षबारे प्रकाश पारेका छन् । "प्रज्ञा" अंक ३५ नामक प्रकाशनमा रामशरण दर्नालले "नेपाली लोक संगित र गाइने" शिर्षकको लेख प्रकाशन गर्दै गन्धर्वहरुका बारेमा ऐतिहासिक सन्दर्भमा व्याख्या गरेका छन् । त्यस लेखमा गन्धर्वहरुको नेपाली लोकगीत र संस्कृतिलाई समुन्नत बनाउन पुऱ्याएको योगदान बारेमा व्याख्या गरेका छन् । दर्नालले त्यस लेखमा मणिराम गन्धर्वले पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने बेलामा पुऱ्याएको योगदानको बारेमा प्रकाश पारेका छन् । उनले सन् १९५० (२००७) साल पछाडी ख्यातिप्राप्त केही गन्धर्वहरुको जीवनशैली, तिनका केही सांङ्केतिक शव्दहरु व्याख्या गरेका छन् । त्यस्तै गन्धर्वहरुको आर्थिक सामाजिक र सांस्कृतिक जीवनका बारेमा पनि संक्षिप्त व्याख्या गरेका छन् ।

रामशरण दर्नालको "मधुपर्क" मा सारङ्गी नामक लेख पनि प्रकाशित भएको थियो । त्यस लेखमा दर्नालले गन्धर्व जातिको लोक संङ्गीतको प्रमुख साधनहरु सारङ्गी र अर्वाजोका बारेमा प्रकाश पारेका छन् । उनले सारङ्गीलाई स्त्रीलिङ्गीय र अर्वाजोलाई पुरुष लिङ्गीय बाजाहरु हुन् भनेका छन् । उनले आफ्नो लेखमा सारङ्गीको प्रकारका बारेमा पनि प्रकाश पार्दै तीन प्रकारका सारङ्गी हुन्छन् भनेका छन् । ती मध्ये ठुलो सारङ्गीलाई "ढोड सारङ्गी" मध्यम स्तरकोलाई मझौला सारङ्गी र सानो आकारको लाई "तिखा सारङ्गी" भनिन्छ । ती सारङ्गीहरु

र अर्वाजो दुवै बाजाहरु पवित्र धार्मिक कार्यमा बजाईन्छ भनि प्रस्ट्याएका छन् । वास्तवमा रामशरण दर्नालकाहरु ज्यादै महत्वपुर्ण छन् । त्यसैले यस शोधकार्यमा यी रचनाहरुले अत्यन्त महत्वपुर्ण रहेका छन् । तर उनका रचनामा गन्धर्व समुदायमा परम्परागत पेशा र आधुनिक पेशाहरुको तुलनात्मक अध्ययन गरेको पाइएन ।

त्यस्तै गन्धर्व जातिको संङ्गीतका बारेमा एडव्लु मेक्डोनाल्डले “द इथ्नोलोजी अफ नेपाल एण्ड साउथ एशिया” सन् १९७५ मा एउटा लेख “द गाइने अफ नेपाल” प्रकाशित गरेका थिए । त्यसमा उनले नेपालका गन्धर्वका केही लोकगीतका उदाहरण प्रस्तुत र लोकगीतका प्रकारका बारेमा प्रस्ट्याएका छन् ।

नरेन्द्र शर्माको पुस्तक “नेपाली जनजीवन” वि.सं. २०३२ मा विभिन्न प्रकारका जाति-जनजाति समुदायका बारेमा उल्लेख गर्दै गन्धर्व जातिका केही महत्वपुर्ण आर्थिक-सामाजिक जीवनका बारेमा प्रष्ट पारेका छन् ।

त्यसैगरी त्रिभुवन विश्वविद्यालयबाट अध्ययन गरिएका तर अप्रकाशित धेरै अनुसन्धानात्मक सामग्री पनि रहेका छन् । ज्ञानु क्षेत्री (विष्ट) को २०४२ सालको शोधपत्र “बाटुलेचौरका गन्धर्व जातिको आर्थिक सामाजिक अध्ययन” ले गन्धर्व जातिका बारेमा समाजशास्त्रीय दृष्टिकोणबाट केही प्रस्ट्याइएको छ । चोलाराज शर्माको मानविकी तथा सामाजिकशास्त्र बिषयको शोधपत्रले ‘तानसेन क्षेत्रका गन्धर्वहरुको सामाजिक र आर्थिक जीवन’ (२०३९) बारे अध्ययन गरेका छन् । प्रयागराज शर्माले सन् १९८३ मा ‘जाति, सामाजिक गतिशीलता र साँस्कृतीकरण एक नेपालको कानुनी सहिंता’ एक अध्ययन गरेका छन् । चोलाराज शर्माले आफ्नो शोधपत्रमा गन्धर्व एक गीत गाउने विशेष जाति भनि उल्लेख गरेका छन् ।

अर्को शोधकर्ता रामकृष्ण आचार्यले हिन्दु जातीय वर्ण व्यवस्थाको अध्ययन गर्न गन्धर्व जातिको आर्थिक-सामाजिक अवस्थाको अध्ययन गरेका छन् । उनले सन् २००२ मा “बाग्लुङ जिल्लाको बिजुवा गा.वि.स. का गन्धर्व समुदायको अध्ययन” गरेका छन् । हरिप्रसाद श्रेष्ठको शोधपत्र “बाटुलेचौर, पोखराका गाइनेहरुको सामाजिक र सांस्कृतिक जीवन एक अध्ययन-२०४४” मा उनले पोखराका गन्धर्व समुदायलाई माथि उठाउन विशेष विकास कार्यक्रम तयार पार्नु पर्दछ । गन्धर्व नेपालको गौरवमयी इतिहास बोकेको जातिलाई हेलचक्राई गर्नु हुंदैन भनेका छन् । उनले पनि सांस्कृतिक र सामाजिक अवस्थाको अध्ययन गरेका छन् ।

त्यसैगरी सन् २००० मा मात्रिका शर्माको- “सोसियो-कोनोमिक कण्डिसन अफ गाइने: अ केस स्टडी अफ पोखरा शोधपत्र” पनि ज्यादै उपयोगी रह्यो । उनले बाटुलेचौरका गन्धर्व जातिको बारेमा सामाजिक-आर्थिक अवस्थाका बारेमा अध्ययन गर्दै बाटुलेचौरका गन्धर्वहरुको आर्थिक अवस्था ज्यादै कमजोर रहेको र उनीहरुको दैनिक जीवन चलाउन ज्यादै कठिन भएको उल्लेख गरेका छन् । त्यस्तै उनीहरुको आर्थिक अवस्था कमजोर हुनाले आफ्ना परम्परागत सामाजिक सांस्कृतिक गतिविधिलाई निरन्तरता दिन असमर्थ भएको

उल्लेख गरेका छन्। आफ्नो शोध-पत्रमा मात्रिका शर्माले गन्धर्व समुदायले परम्परागत पेशाबाट उनीहरुको दैनिक जीवन व्यवस्थित गरी चलाउन सकेका पनि छैनन्। आधुनिक सञ्चार माध्यमहरुको विकाससंगै गन्धर्व जातिको परम्परागत पेशा-गीत गाउने र मागी खानेलाई प्रतिकुल प्रभाव परेको छ। त्यसतर्फ आधुनिक सञ्चारका माध्यमहरु टेलिभिजन, रेडियो, एफ.एम, इमेल, इन्टरनेटबाट सारङ्गी बजाएर गीत गाएर मनोरञ्जन दिने कुरालाई क्रमशः विस्थापित गरीरहेको छ। मानिसहरु ती साधनबाट आधुनिक गीत तथा हिन्दी एवं पाश्चात्य संगीततर्फ पनि आकर्षित भएका छन्। धेरै गन्धर्व जातिलाई त्यो पेशा छोडेर अन्य पेशा अपनाउने तर्फ आकर्षित भइरहेको र माग्ने पेशा आधुनिक समाजमा त्यति राम्रो मानिदैन। त्यसैले त्यो पेशा छाडिदै गएको कुरा आफ्नो शोधपत्रमा मात्रिका शर्माले प्रस्ट्याएका छन्। उनले मनै छुने हाम्रो गन्धर्व लोक गीत र सारङ्गीको संरक्षण गर्नुपर्नेमा जोड दिएका छन्। उनले गन्धर्व लोक संस्कृति संरक्षण गर्दै गन्धर्व समुदायको उत्थानमा नगरपालिका र सरकारबाट ध्यान पुऱ्याउनुपर्छ भनेका छन्। उनीहरुमा जग्गा छैन, शिक्षा आर्जन गर्न पैसाको अभाव रहेको कुरा उल्लेख गरेका छन्। तर पेशाहरुको तुलनात्मक विश्लेषण ज्यादै कम गरेका छन्। तर परम्परागत पेशा परिवर्तन कुन प्रवृत्तीबाट भएको छ त्यो अध्ययन गरेका छैनन्।

त्यसै गरी पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा. विश्वकल्याण पराजुलीले सन् २००७ मा पोखराका शहरका गन्धर्व जातिको पेसा परिवर्तन लेख "सोसियल डाइनामिक अफनर्थन साउथ एशिया अंक १ मा प्रकाशित गर्नु भएको छ। उहाँले गन्धर्व जातिका परम्परागत पेशा र हाल उनीहरुले अपनाएका अन्य विभिन्न पेशाका बारेमा तथ्य् फरक अध्ययन गरी प्रकाशित गर्नु भएको छ। डा. पराजुलीले खासगरी पोखरा शहरभित्रको वडा नं. १६, बाटुलेचौरका गन्धर्व समुदायको बारेमा अध्ययन केन्द्रित गर्नु भएको थियो।

सारङ्गी रेटेर सुमधुर संगीत निकाल्न खप्पिस गन्धर्वहरू हिजो आज निराश हुन थालेका छन्। सारङ्गीको स्वरले मान्छेको नसा नसामा तरङ्गीत गरे पनि त्यसको संरक्षण र गन्धर्वको विकासका लागि उपयुक्त कदम नचालिदा उनीहरूमा आशा जाग्न नसकेको हो। परम्परादेखि पहिचान जगाउदै आएका गन्धर्वहरू पर्यटकहरूलाई सारङ्गीको धुन, गीत सुनाउदै दालभातको जोहो गर्ने गर्दछन् भने गाउँघर तिर बर्षमा एक दुई पटक घरघर चाहार्दै सारङ्गीको धुन र गीत सुनाएर छाक खाने उपाय उनीहरूले छाडेका छैनन् (फटुंग्रे, २०५८ : ९६)।

त्यस्तै गन्धर्वहरूको मुख्य जीविकोपार्जनको साधन सारङ्गी हो। सारङ्गीलाई आकारको आधारमा तीन भागमा बाँडी नामाकरण गरिएको पाइन्छ।

(क) ठुलो सारङ्गी - घोइ सारङ्गी

(ख) मझौला सारङ्गी - मझौला सारङ्गी

(ग) सानो सारङ्गी - तिखा सारङ्गी

त्यस्तै गन्धर्वहरूको अर्को मुख्य बाजालाई अर्वाजो पनि भनिन्छ। गन्धर्वहरूको विश्वास अनुसार अर्वाजो पुरुषहरूको सांगीतिक सामान र सारङ्गी महिलाहरूको सांगीतिक सामान हो। धार्मिक क्रियाकलापमा महिलाहरूले सारङ्गी र पुरुषहरूले अर्वाजो बजाउँछन् (दर्नाल, २०४५ : १३६)।

अन्य जिल्लाहरूको भन्दा पोखराको बाटुलेचौरमा बसोबास गरेका गन्धर्व जातिको सारङ्गी बाजासँग विशेष महत्व रहेको छ। यहाँका गन्धर्वहरूमा हालसम्म पनि उनीहरूको मुख्य पेशा नै सारङ्गी बनाई बेच्नु वा सारङ्गी बजाई माग्नु हो। (सूचना विभाग, २०३१ : १०५)

गन्धर्व गीतलाई विशेष गरी तीन भागमा विभाजन गर्न सकिन्छ। विर पुरुषार्थको गीतलाई "कर्खा", धार्मिक धारणाबाट प्रभावित गीतलाई "मल मंगल" र लोक धुन समेटिएको गीतलाई "लोकगीत" भन्ने गरिन्छ (म्याक्डोनाल्ड, १९७५ : ९२)।

एक लोक कथन अनुसार सारङ्गी चराको जस्तो मधुर आवाज भएकाले यसको नाम पनि सारङ्गी बन्न पुगेको हो। सारङ्गीको उत्पत्ति शास्त्रीय आधारमा सात स्वर सरगमको प्रमुख मुख्य स्वर 'सा' को रङ्ग दिने वा व्यञ्जकता पैदा गर्ने अर्थमा यो तारबाजाको नाम सारङ्गी बनेको हो। आज भोली गन्धर्वहरू हिन्दु धर्मले सृजना गरेको जातिय वर्गीकरणको कारणले र आर्थिक कारणहरूले गर्दा हिन्दु धर्मबाट वितृष्णा भई क्रिश्चियन धर्म अँगाल्न पुगेका छन्। (शर्मा, २०४९ : १६)।

गन्धर्व जातिलाई अछुत, शुद्र, वर्गमा स्थान दिइएको भएतापनि यिनीहरू हिन्दुहरूको जस्तै व्यवहार र परम्परा गर्दै आएको पाईन्छ। यिनीहरूको समाजमा सम्पन्न गरीने र विभिन्न संस्कारहरूको अध्ययनबाट यो कुरा स्पष्ट हुन्छ कि गन्धर्व जातिहरूको जन्मदेखि मृत्यु पर्यन्तसम्म मनाइने संस्कारहरू हिन्दु धर्म मान्ने अरु परम्पराहरूसँग मेल खान्छ (क्षेत्री, २०४१ :२५ )।

## २.२ सामाजीक परिवर्तन र आधुनिकीकरण सिद्धान्तः

आधुनिकीकरण सिद्धान्त सामाजिक परिवर्तन सिद्धान्त हो । भैरहेको अवस्थामा कालान्तमा आउने फेरवदल नै परिवर्तन हो । परिवर्तन प्रकृतिको स्वाभाविक नियम हो । हरेक समाजले परिवर्तनको दिशा लिन्छ । तर त्यस्को मात्रा र गतिमा भने फरक हुन्छ । मानव समाजको उत्पत्ति देखि वर्तमान सम्ममा समाजको स्वरुप कैयौ पटक फेरिएको छ । त्यसको प्रचलिन दार्शनिक हिराक्लिटनले विश्वको कुनै पनि बस्तु स्थिर नरहेको अर्थात सवै बस्तु गतिशिल रहेको बताएका थिए । परिवर्तनले नै बिगतको सरल प्राचिन र घुमन्ते जीवनको समाज आज विकसित आधुनिक र व्यवस्थित बन्दै गएको हो ( आचार्य, २०६८ : ३३ ) ।

समाजिक परिवर्तन समाजिक सम्बन्ध व्यवहार अन्तरक्रिया सङ्ख्या संरचना एकाई र तिनीहरुको प्रकार्य आदिहरुमा समयको गतिसँगै आउने परिवर्तन हो । जस अन्तरगत प्रगति रुपान्तरण आधुनिकरण, विकास वृद्धि शहरीकरण आधुनिकरण, पश्चिमिकरण आदी जस्ता सामाजिक प्रक्रियाहरु समावेश हुन्छन् ।

सन् १९५०-१९६० को दशकमा देखा परेको आधुनिकीकरण सिद्धान्त हो । यस सिद्धान्तका मूल्य मान्यता समाज पेशा संस्कृति परिवर्तनशिल छ । समाजको प्रारम्भिक चरण भन्दा बर्तमान चरण बढी परिवर्तनशिल छ । समाज सधै आधुनिकीरणतर्फ उन्मुख हुन्छ भन्ने तथ्य्मा आधारित छ । आधुनिकीरण भनेकै समाज एक परम्परागत र रुढिबाढी ढाँचाबाट आधुनिक वा कुशल र औद्योगिक तहमा पुग्ने एउटा प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै आर्थिक, सामाजिक, धार्मिक भौतिक राजनैतिक, मानवीय मनोवृत्तिमा पनि बढी कुशल तथा उदारता तर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडि बढ्छ । त्यसैको आधारमा गन्धर्व समुदायको परम्परागत पेशामा आएको परिवर्तनका बारेमा अध्ययन गरिने छ ।

यस सन्दर्भमा आधुनिकरणका सिद्धान्तलाई बढी जोड दिदैछौं । आधुनिकरणको सिद्धान्त सन १९५०-१९६० को दशकमा बढी सक्रिय भएर अगाडी बढेको थियो । दोश्रो विश्व युद्ध पश्चात विकसित राष्ट्रहरुको उपनिवेशबाट मुक्त हुन पुगे साथै कयौं राष्ट्रहरु युद्धले

क्षतविक्षत हुन पुगे । त्यसपछि ति राष्ट्रहरुले विकसित राष्ट्रको स्थानमा पुग्न विकसित राष्ट्र अवलम्बन गरेको नीति नियम तथा कार्यक्रमहरुको अवलम्बन गरे (अर्याल, २०६८ : ४१) ।

वास्तवमा आधुनिकरण हुनु वा आधुनिक बन्नु भनेको केवल पश्चिमी संस्कृति मृत्यु, मान्यता नभै लवाई खुवाई, चालचलन, रीतिरिवाज प्रविधिको नक्कल गर्नुमात्र थिएन । यस प्रक्रियाले आज तेश्रो विश्वको मुलुकहरुमा परि निर्भरता मात्र बढाएन कि उत्पादन र प्रवृत्तिका क्षेत्रमा नगन्य मात्रामा परिवर्तन भयो । त्यसैले आधुनिकरण भनेको परिवर्तन मात्र नभै समाजमा विभिन्न पक्षमा आउने सकारात्मक परिवर्तन हो (वर्न स्टेइन्ट, २००२ : १३४) ।

त्यस्तै गरी आधुनिक सिद्धान्तको छलफलको लागि महत्वपुर्ण ठानिन्छ । उत्पादन गरेर नाफा वृद्धि गर्नुलाई आधुनिकरण भन्दछन् भने राजनितिज्ञले समय सुहाउँदो र जनताको हक हितलाई ध्यनमा राखेर नयाँ सरकारको निर्माण र त्यसको कार्यलाई समय सापेक्ष बनाउँदै लैजानुलाई आधुनिकिरण भनिन्छ ।

प्रत्येक समाजले आर्थिक वृद्धिमा आत्म निर्भरताको अवस्थामा पुग्न पाँचबाट सफल स्तर पार गर्नु पर्दछ । जस्तैः

- परम्परागत समाज
- पूर्ववश्यक अवस्था
- आवश्यक अवस्था
- पुर्णता वा परिपक्वता तर्फ उन्मुख
- ठुलो खर्च भएको समाज

प्राकृतिक स्रोतहरुलाई नियन्त्रण गर्दै मानव उपयोगका प्रविधिको प्रयोग गर्दै प्रति व्यक्ति उत्पादनमा वृद्धि ल्याउनुलाई नै आधुनिकरण भनिन्छ (एन मेरिन, वेनर) । २००१ आधुनिकरण समाज विकासको स्वभाविक प्रक्रिया हो । वास्तवमा आधुनिकिरण र विकासका बिच सकारात्मक सम्बन्ध हुन्छ । तसर्थ यो एक जटिल वृहत र बहुआयामिक प्रक्रिया हो । आधुनिकरणको प्रक्रियामा परम्परागत कृषि समाज औद्योगिक समाज तर्फ सामान्य प्रविधि कुशल र विशिष्ट प्रविधि तर्फ अग्रसर हुन्छ । समाजमा विद्यमान अन्धविश्वास, कुरीती, अशिक्षा, वेरोजगारी क्रमशः हट्दै जान्छ (आचार्य, २०६८ : ३६ ) ।

### २.३ पश्चिमीकरण :

सन १९५०-१९६० को दशकमा देखा परेको सिद्धान्त हो । पुर्वीय समाजमा खास गरी पश्चिमी समाजको प्रभावको कारणले हुने परिवर्तनलाई नै पश्चिमीकरण भनेर भनिन्छ । नेपाल-भारत लगायत अन्य पुर्वीय देशहरु आफ्नो आफ्नो सामाजिक, आर्थिक, राजनैतिक एवं सांस्कृति स्थितिलाई पश्चिमी विकसित मुलुकहरुको दाँजोमा पुग्नका लागि अनेकौं प्रयासहरु गरिरहेका छन् ।

भारतमा ब्रिटिसहरुको प्रभावका कारण भारतीय समाजको, आर्थिक, राजनैतिक, सांस्कृति आदि व्यवस्था व्रिटिसको जस्तै बनाउने प्रयासलाई पश्चिमीकरण भनिन्छ (श्री निवास) ।

यो प्रक्रिया आज उपनिवेशबातको रुपमा नभई सबैजसो अल्पविकसित पुर्विय देशहरुले आफूलाई पश्चिमी विकसित देशको दाँजोमा पुऱ्याउन गरीरहेको प्रयास हो भन्न सकिन्छ । यसका निम्न विशेषताहरु प्रस्तुत गरिएको छ (गौतम, २०६० : २०) ।
स्रोत :

- यो अत्यन्त सरल अवधारणा हो । किनभने यो नक्कल गर्नुमा सिमित देखिन्छ ।
- यो निश्चित मूल्य मान्यता प्राथमिक रुपमा आधारित रहेको हुन्छ ।
- पश्चिमीकरणको स्वरुप र गति स्थान समय अनुसार फरक फरक हुन्छ ।

- पश्चिमीकरणको नयाँ संस्थाको जन्ममात्र होईन कि पुरानो संस्थामा आउने परिवर्तनलाई पनि जनाउँछ ।
- पश्चिमीकरण समाजको राजनैतिक र साँस्कृतिक क्षेत्रमा पनि लागु भएको हुन्छ ।
- नैतिकरुपमा यो तट्स्थ हुन्छ ।
- पश्चिमिकरणले आधुनिकिरणलाई बढावा दिने गर्दछ ।

आजको अवस्थामा पुर्विय मुलुकहरुले आफूलाई सानो ठान्ने र पश्चिमी मुलुकहरुले ठूलो मान्ने प्रविधिको दावी छ । यस्तो सोचाईले गर्दा पुर्वी मुलुकहरुको तुलनामा पश्चिमी समाजमा प्रचलित सवै प्रकारका साँस्कृतिक रीतिरिवाज विशेषताहरुलाई विशिष्ट मानेर नक्कल मान्ने परम्परा चलिरहेको छ । यसरी पूर्वका समाजहरुमा रहेका मानिसहरु पश्चिमी समाजका सामाजिक एवं सांस्कृतिक विशेषताहरुलाई ग्रहण गर्ने वा नक्कल गर्ने प्रक्रियालाई पश्चिमीकरण भनिन्छ । यसले समाजमा विद्यमान सामाजिक र सांस्कृतिक रुपमा परिवर्तन ल्याउने गर्दछ । कतिपय समाजहरुमा आफ्नै मौलिक संस्कृति घुमेर आमूलरुपमा नयाँ संस्कृति र सामाजिक स्वरुप देखा परेको पाईन्छ ।

आधुनिकीकरणको नाममा पश्चिमीकरणको सक्रिय तिव्र रुपमा हुँदै गयो भने त्यसो पनि हुन सक्दछ । तर सामाजिक सांस्कृति परिवर्तनको प्रक्रियामा पश्चिमीकरणलाई एक महत्वपुर्ण प्रक्रिया मानिन्छ ।

# अध्याय : तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्र

गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभाव सम्बन्धी गरिने यो अनुसन्धान नेपालको गण्डकी अञ्चल कास्की जिल्ला, पोखरा उप-महानगरपालीका वडा नं १६ बाटुलेचौरमा बसोबास गर्ने गन्धर्वहरूलाई मुख्य सूचनादाताका रूपमा लिई यो अध्ययन गरिएको छ। उनीहरूको भाषा, संस्कृति, रहनसहन, भेषभुषा र चाडपर्व लगायत सामाजिक सांस्कृतिक, ऐतिहासिक आदि विविध पक्षसँग सम्बन्धित रहेको छ।

### ३.२ विश्लेषणको एकाई

यो अनुसन्धानमा विश्लेषणको एकाइका रूपमा गन्धर्व समुदायलाई लिइएको छ। अनुसन्धानको उद्देश्यलाई पुरा गर्नका लागि गन्धर्व समुदायका माानिस र उनीहरूका बारेमा लेखिएका कृति र रचनालाई अध्ययनका स्रोत मानी उनीहरूको जीवनशैलीको विविध पक्ष जस्तै सामाजिक, सांस्कृतिक र आर्थिक स्थितिमा आधुनिकीकरणले पारेको प्रभावका बारेमा विश्लेषण गरिएको छ।

### ३.३ अनुसन्धानको ढाँचा

गन्धर्व जातिको अनुसन्धान कार्यमा उठाइने प्रश्नहरूको उत्तर प्राप्त गर्न र विविधता तथा अन्तर बिरोधहरूलाई नियन्त्रण गर्न सकिन्छ। यस अध्ययनमा अध्ययन विधिको प्रयोग गर्दै गन्धर्व जातिको आर्थिक तथा सामाजीक पक्षका बारेमा व्याख्यात्मक तथा वर्णनात्मक तरीकाबाट प्रस्तुत गरिएको छ। गन्धर्व जातिको मौलिक रूपमा दैनिक जीवनमा अभ्यास गर्दे आएका सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरूमा आधुनिकीकरणले पारेको प्रभावका बारेमा अध्यनन गरिएको छ।

### ३.४ नमुनाको ढाँचा

यो अनुसन्धान नमुना छनौट विधिलाई छनौट गरी गन्धर्व जातिका महिला र पुरुषहरूलाई सूचनाका स्रोत मानि नमुनाका रूपमा छनौट गरिएको छ। यसका लागि यस अध्ययन क्षेत्र

बाटुलेचौरमा बसोबास गर्ने सम्पुर्ण ६२ घरपरिवारका गन्धर्वहरूलाई नमुना छनौट गरी प्रत्येक परिवारवाट एकजना पर्ने गरी अनुसन्धानको लागि छनौट गरी आवश्यक सूचना संकलन गरिएको छ ।

### ३.५ संकलनका विधिहरु

#### ३.५.१ अन्तरवार्ता

तथ्याङ्क संकलनको यस विधी अन्तरर्गत सरोकारवाला गन्धर्वजातिहरुको घरदैलोमा गई त्यस्तै अन्य व्यक्तिमा नगरपालिका, स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षकहरु र विभिन्न संघ संस्थाका प्रतिनिधीहरुसग प्रत्यक्ष कुराकानी गरेर गन्धर्व जातिको सांस्कृतिक, सामाजिक, आर्थिक जीवनपद्धति बारे अनुगमन अध्ययन गरी यथार्थ बनाउनका लागि प्रयत्न गरिएको छ ।

#### ३.५.२ अवलोकन

नमुना छनौटमा परेका मध्ये केही घरधुरीको सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक स्थितिको पहिचान घरको बनावट, लगाई खुवाई, भेषभुषा, पेशा, शिक्षा आदि बिषयको अध्ययन गर्न सहभागितामूलक अवलोकन विधि प्रयोग गरिएको छ । यो बिधि पनि तथ्याङ्क संकलनको महत्वपुर्ण बिधी हो । यस अध्ययनमा सहभागी अवलोकन पद्धतिको माध्यमबाट आधुनिकीकरणमा पारेको प्रभावको जानकारी लिइएको छ ।

#### ३.५.३ प्रश्नावली सुचि

नमुनाका रुपमा छनौट भएका घरधुरीहरुका सदस्यहरुबाट उल्लेखित पारिवारिक, ऐतिहासिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक स्थिति तथा परिवर्तन आदि बिषय समेटिएको आवश्यक तथ्यांङ्क तथा सूचना समावेश गरिएको छ । यस अध्ययनको उद्देश्यको लागि एक प्रश्नावली अनुसूचि तयार गरिएको छ । जुन प्रश्नहरु खुल्ला तथा बन्द दुवै किसिमका प्रश्नावलीबाट संकलित तथ्याङ्कहरुलाई उनीहरुको गुणको आधारमा विभिन्न बर्गमा विभाजन गरिएको छ ।

### ३.५.४ घरधुरी सर्वेक्षण

यस अध्ययनमा घरधुरी सर्वेक्षण माध्यमबाट घरमुली सँग प्रत्यक्ष सम्पर्क गरी तथ्याङ्क संकलन गरिएको छ। घरधुरी सर्वेक्षण मार्फत उनीहरुको लवाई खुवाई, रहन सहन आदिलाई प्रत्यक्ष अवलोकन गरिएको छ।

यो अनुसन्धान मुख्यतया : प्राथमिक तथ्यांङ्क र द्धितिय तथ्यांङ्क दुवैमा केन्द्रित रहेको छ। अनुसन्धानलाई यथार्थपरक र प्रमाणिक बनाउने सबैभन्दा महत्वपूर्ण तथ्यांङ्क भनेकै प्राथमिक तथ्यांङ्क हो। प्राथमिक तथ्यांङ्क बिना पनि अनुसन्धान हुन सक्छ तर तथ्यांङ्क संकलन बिधि कुन अपनाउने भन्ने कुरा अनुसन्धानको प्रकृति र आवश्यकताले निर्धारण गर्दछ। यो अनुसन्धान मुलतः गन्धर्व जातिको जीवनशैलीमा आधुनिकीकरणले पारेको प्रभावका बारेमा उनीहरूवाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्राथमिक तथ्यांङ्क संकलन गरिएको छ।

यस अध्ययनमा गन्धर्वहरूको वर्तमान अवस्था, उनीहरूको भाषा, संस्कृति, शिक्षा, पेशा रीतिरिवाज लगायतका विविध पक्षका सम्वन्धमा जानकारी लिनका लागि गन्धर्व जातिका मानिसहरूलाई मुख्य सूचनादाताका रूपमा लिई उनीहरूवाट गन्धर्व जातिका बारेमा आवश्यक जानकारी लिइएको छ। गन्धर्व जातिको ऐतिहासिक पृष्टभूमि आदिको बारेमा जानकारी लिन द्धितीय श्रोतहरु पनि प्रयोग गरिएको छ। पो.उ.म.न.पा. बाट गन्धर्व जातिको जनसङ्ख्या विवरण संकलन गरिएको छ। बाटुलेचौरमा मात्र २१३ जना बसोबास गर्दछन्। यसमा घर धुरी सङ्ख्या ६२ वटा छन् भने महिलाको सङ्ख्या १०३ छ। त्यस्तै पुरुष ११० जना छन्। जसमध्ये ३० घरको १६५ जनालाई समावेश गरिएको छ।

### ३.६. सूचना तथा तथ्याङ्क संकलनका स्रोत

अनुसन्धान आफैमा जटिल र गहन बिषय हो। जसको लागि मेहनत, लगनशीलता, प्रतिवद्धता र तत्परता जस्ता गुण आवश्यक पर्दछ। यो शोधपत्र मुलत खोज व्याख्यात्मक तथा वर्णनात्मक प्रकृतीमा तथ्याङ्कको स्रोत जुटाउनको निम्ति प्राथमिक तथा द्धितिय दुवै विधिलाई अपनाएको छ।

**क) प्राथमिक स्रोत :** यसमा शोधकर्ताले अध्यन क्षेत्रको नमुना छनौटमा परेको उत्तरदातासंग भेटवार्ता, अवलोकन, प्रश्नउत्तरको माध्यमबाट अध्यनको लागी आवश्यक जानकारी तथा सूचना संकलन गरेको छ ।

**ख) द्वितिय स्रोत :** यसमा शोधकर्ताले विभिन्न स्वदेशी तथा विदेशी विद्घानहरुले विभिन्न सयममा प्रकाशित गरेका पुस्तक, लेख, शोधपत्र जानकारी संकलन गरेको छ ।

### ३.७ तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्कहरुलाई उनीहरुको गुणको आधारमा बिभिन्न वर्गमा विभाजित गरी तालिकीकरण गरिएको छ । कतिपय तथ्याङ्करुलाई स्तम्भचित्र, वृत्तचित्र र रेखाचित्र मार्फत प्रस्तुत गरिएको छ । तथ्यांङ्कहरू मात्रात्मक तथा गुणात्मक दुवै रहेका छन् । अनुसन्धानका क्रममा प्राप्त भएका तथ्यांङ्क र सूचनालाई व्याख्यात्मक र वर्णनात्मक बिधिबाट विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्क शास्त्रीय विधिहरु मध्यका प्रयोग मार्फत तथ्याङ्कहरुलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय : चार

## अध्ययन क्षेत्रको परिचय

नेपाल अधिराज्य भरी सबैभन्दा धेरै गन्धर्व जातिको बसोबास रहेको गाउँ कास्की जिल्ला, पोखरा उप-महानगरपालिकाको वडा नं. १६ मा पर्ने बाटुलेचौर हो । यो पोखरा उप-महानगरपालिकाको उत्तरी भेगमा पर्दछ । पोखराको महत्वपुर्ण पर्यटकीय स्थल तथा ऐतिहासिक स्थल महेन्द्रगुफा जाने बाटोमा पर्ने ठाउँ बाटुलेचौर हो । यो बाटुलेचौर ऐतिहासिक रूपमा मध्यकालिन इतिहासमा महत्वपुर्ण स्थान मानिन्छ । कास्कीका राजा कुल मण्डन शाहको हिउँदकालिन वासस्थान तत्कालिन समयमा बाटुलेचौरमा थियो ।

बाटुलेचौरमा हाल विभिन्न जात तथा जनजातिहरू बसोबास गर्दै आइरहेका छन् । नेपालको सबैभन्दा बढी गन्धर्वको बसोबास भएको गाउँ भएता पनि यस स्थानमा अन्य जात भन्दा गन्धर्वको सङ्ख्या कम रहेको पाईन्छ । यस स्थानमा ब्राह्मण, नेवार, क्षेत्री, गुरुङ्ग, सार्की, दमाई, तामाङ आदि जात तथा जनजातिहरू बसोबास गर्दै आएका छन् । शुरुमा ३२ घरधुरीहरू बसोवास गर्दै आएकोले यस टोललाई ३२ कुरीया भनिन्थ्यो । त्यसपछि गाई (टोल) भनिन्थ्यो । अहिले आएर गायक टोल भनिन्छ । हाल यो पुरानो टोलबाट बसाईं सरेर यसबाट सिमलखोरीया र खोलाखेत वा कालीखोला भन्ने ठाउँमा पनि गन्धर्व समुदाय बसोबास गरेको पाइन्छ् । हाल यस ठाउँमा गन्धर्व परिवारको सङ्ख्या ६२ घरधुरी पुगेको छ ।

कास्कीको बाटुलेचौरमा भएका गन्धर्वको बारेमा एउटा पौराणिक किंवदन्ती रहेको छ । बाटुलेचौरका गन्धर्वहरू गोरखा जिल्लाबाट कास्कीका पहिलो राजा जगती खानसँग आएका थिए । तत्कालिन कास्कीका राजा जगती खानले गन्धर्वहरूलाई बाटुलेचौरमा बसोबास गर्नका लागि जग्गा उपलब्ध गराएका थिए ।

### ४.१ सिमाना :

यो जिल्ला त्रिभुज आकारको छ । पुर्वमा कालीखोला, दक्षिणमा के.आई. सिंह पुल, पश्चिममा लामाचौर गा.वि.स. र उत्तरमा अर्मला गा.वि.स. अवस्थित छ ।

### ४.२ भौगोलिक अवस्था :

यस गन्धर्व जातिको अध्ययन क्षेत्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलको कास्की जिल्ला भित्र पर्ने बाटुलेचौर, पोखरा १६ को गन्धर्व बस्तीलाई छुट्याइएको छ ।

गण्डकी अञ्चल कास्की जिल्ला भित्र पर्ने एक गन्धर्वजातिको एक महत्वपुर्ण जिल्ला हो । यस जिल्लाको पुर्वमा लमजुङ र तनहुं, पश्चिममा पर्वत र स्याङजा जिल्ला पर्दछन् भने उत्तरमा मनाङ र म्याग्दी जिल्ला त्यसपछि दक्षिणतर्फ स्याङजा र तनहुं जिल्ला पर्दछन् । कास्की जिल्ला २८.७' उत्तरी अक्षांस देखि २८.३६' दक्षिण अक्षांस तथा ८३.४६' देखि ८४.१२' पुर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको क्षेत्रफल २,०१७ वर्ग कि.मि. छ ।

### ४.३ शैक्षिक अवस्था :

नेपाली संस्कृति, सामाजिक रीतिरिवाज संरक्षण गर्ने हुर्काउने कार्यमा गन्धर्व जातिको अहम भुमिका रहेको छ । चाडपर्व, सडक मेला, पर्व, जात्राहरुमा सारङ्गी रेट्दै गीत गाउने नेपाल अधिराज्य भरी कुनाकुना देखि काप्चासम्म बसोबास गर्दै आएको यो गन्धर्व जाति नेपालको लागी गहना हो । परम्परागत गीत गाउने माग्ने पेशाबाट गन्धर्व जातिको आर्थिक अवस्था दहनिय कमजोर रहदै आएकोले उनीहरुको शैक्षिक स्तरपनि औषतमा कमजोर अवस्था रहेको देखिन्छ । नोकरीमा पनि एक दुई छाडेर धेरैजसो कुल्ली, हली निम्न स्तरको जागिर मजदुरी गरिरहेका छन् ।

### ४.४. अध्ययन क्षेत्रको जानकारी :

पोखरा बजारको उत्तरी सिमानामा बग्ने के.आई.सिंह पुल सेती नदी माथि रहेको पक्की पुल तरेपछि बाटुलेचौरको शुरु हुन्छ । पोखराको एउटा पर्यटकीय केन्द्रको रूपमा रहेको महेन्द्रगुफा यही इलाकामा पर्दछ । हाल यो स्थान पोखरा उप-महानगरपालिका वडा नं. १६ मा पर्दछ । करिब ३०,००० रोपनी क्षेत्रफल ओगटेको बाटुलेचौरको चार किल्ला यस प्रकार छ । पुर्वमा कालिखोला, पश्चिममा लामाचौर गा.वि.स. उत्तरमा अर्मला गा.वि.स. र दक्षिण पो.उ.म.न. पा. वडा नं. १ के.आई.सिंह पुल पर्दछ ।

बाटुलेचौरमा मातृशिशु अस्पताल छ। त्यहाँ एउटा सालिक पनि छ, जुन सालिकको नाम हो झलकमान गन्धर्वको जन्म सन १९९२ वैशाख १२ गते भएको थियो भने स्वर्गारोहण २०६० साल मंसिर ६ गते भएको थियो। ऐतिहासिक रूपमा फर्केर हेर्दा बाटुलेचौर नेपालको मध्यकाललिन इतिहासमा महत्वपुर्ण स्थान थियो। यहाँ कुनै बसोबास थिएन। ठुलो बाटुलेचौर भएकोले यसलाई बाटुलेचौर स्थानीय बोलचालको भाषामा बालीचौर भनिन्छ। २०१६ सालमा स्व. श्री ५ महेन्द्रको पोखरा भ्रमण हुँदा त्यहाँका बासिन्दा र तत्कालिन बाटुलेचौर गाउँ पञ्चायतका प्रधानपञ्चले महेन्द्र राजालाई उक्त गुफा नजर गराई "महेन्द्रगुफा" भनी नामाकरण गरेका थिए। कास्कीका राजा कुलमण्डन शाहको हिउँदकालिन बासस्थान तत्कालिन बाटुलेचौरमा थियो (क्षेत्री, २०४१ : ४७)।

बाटुलेचौरमा हाल विभिन्न जाति तथा जनजातिहरू बसोबास गरिरहेका छन्। यस स्थानमा ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, तामाङ्ग, कामी, सार्की तथा आदिवासी जनजातिहरूको बसोबास रहेको छ।

# अध्याय : पाँच

## सामाजिक तथा सांस्कृतिक अवस्था

### ५.१ गन्धर्वहरूको उत्पत्ति

गन्धर्व जातिको उत्पति ऐतिहासिकताको बारेमा प्रमाणित प्रमाणहरु हामी सँग खासै छैनन् । किंवदन्ती र वेद लगायत धर्भ ग्रन्थहरुबाट नै जानकारी प्राप्त हुन्छ । पौराणिक ग्रन्थ अनुसार चार जना ऋषिहरु बिच श्रम विभाजन हुँदा गन्धर्व ऋषि सोझा भएको हुनाले उनलाई आफुहरुबाट टाढा राख्न अन्य ऋषिहरुले गाइको खुट्टा लिई माग्न पठाए । मागेर आएपछि ऋषिले पनि त्यस्तो निज काम गरेको भन्दै अन्य तीन ऋषिहरुले गन्धर्व ऋषिलाई मागेर नै जीविका चलाउन बाध्य पार्नुका साथै अछुतको व्यवहार गर्न थालेको र यिनै गन्धर्व ऋषिका सन्तान हौं भन्नेहरु नै (गाइने) गन्धर्व हुन् भन्ने भनाई छ । किंवदन्ती अनुसार ऋषिहरुका बिचमा काम अविभाजन हुँदा गन्धर्व ऋषिले अर्वाजो बजाए जस्तै गन्धर्व जातिले पनि सारङ्गी भिरेर मागी खाँदै आएका हुन् भन्ने भनाई पाईन्छ । त्यस्तै अर्को कथन अनुसार "स्वर्गका विभिन्न ऋषिहरु एक छेउमा बसेर अप्सराहरुको नाच हेरीरहेका थिए, त्यसैले उनलाई गीत गाउने काम दिइयो र त्यसपछि नै अप्सराहरु नाचे र गन्धर्वहरुले गाउने परम्परा बस्यो भन्ने भनाई पनि छ । वेदमा विणा, सारङ्गी आदि तारले बनाएका बाध्यहरुलाई वेदमा "ककरी" भनिएको छ ।

त्यसैगरी उक्त बाजाहरु बजाउने व्यक्ति भनेर उल्लेख नभएपनि स्वर्ग लोकका गायक गन्धर्वहरुका लागि "गायन" शव्द बाट नै "गाइने" भएको हुनुपर्दछ । यसैको आधारमा गन्धर्व जातिको उत्पति प्राचिन कालमा नै भएको मान्न सकिन्छ ।

गन्धर्व जातिको उत्पत्ति तथा जाति विभाजन कामको आधारमा गरिएको पाईन्छ । हिन्दु धर्म मान्दै आएका यी जातिहरु सारङ्गी रेटेर गाउँघर टोलटोलमा गीत गाएर मागी खाने साथै धेरै जसोले जांड रक्सी सेवन गर्ने हुनाले तत्कालिन समाजले अपहेलना गर्दै यिनीहरुलाई अछुट वर्गमा राखिएको पाईन्छ । यिनीहरुको मुल थलो भारतमा नै रहेको हो किनकि यिनीहरुको बिवाहमा गाईने जयमलपत्ता भारतमा गाईन्छ भनिएको पनि पाइएको छ । यिनिहरु नेपाल प्रवेशका बारेमा यकिन साथ भन्न नसकिए तापनि कुनै शाहवंशीय राजाका पालामा यिनीहरु

यहाँ आएको हुनुपर्दछ भन्ने भनाई पनि छ। कास्कीका गन्धर्व जाति राजा कुलमण्डन शाहकै पाला देखि कास्कीकोट, हेमजा, बाटुलेचौरमा बसोबास गर्दै आइरहेको पाईन्छ भने केही मात्रामा अर्घौ, तल्लो गगनगौंडामा गन्धर्व जातिहरु वसोबास गरेको पाईन्छ। अहिले त नेपाल देशभरी छरिएर रहेको पाईन्छ।

योगी नरहरीनाथका अनुसार शाक १९७२ तिर गन्धर्वहरु गर्णाली प्रदेशमा रहेको उल्लेख गरेका छन्। त्यसरी परापूर्वकालमा जुम्ला क्षेत्रबाट मध्यकालीन अवधितिर क्रमशः पुर्वतर्फ बसाई सर्दै गएको हुनु पर्दछ। हामीले इतिहासतर्फ नजर लगायौं भने पृथ्वीनारायण शाहले नेपाल राज्यको एकीकरण गर्दा मणिराम गन्धर्वले ठुलो योगदान पुऱ्याएको पाउँछौं। त्यसै गरी हिरा गइनेनी अत्यन्त लोकप्रिय राम्रो लोक गायीका भएका र उनले माथवरसिंह थापाको बहादुरीको गाथा गाएको इतिहासमा उल्लेख छ। "गन्धर्वहरुलाई राणाकालमा अछुत जातिको रुपमा राखेर तल्लो जातिको रुपमा व्यवहार गरिएकोले उनीहरुको अवस्था झन् तल झरेको हो भनि स्वयं गन्धर्वहरु स्विकार्दछन् (म्याक्डोना, १९७५ : ११७)।

त्यसैगरी दर्नाल, (२०४३) पश्चिमीले नेपालको कर्णाली प्रदेशकाका वादी जाति र गन्धर्व जातिमा धेरै समानता रहेको र अन्तर सम्बन्ध भएको देखाएका छन्। यसलाई गन्धर्व समुदायका मानिसहरुले पनि स्विकारेका छन्।

एतिहासिक पक्षलाई खोज्दै जाँदा पृथ्वी मल्लको वि.सं. १४१४ को दुल्लु अभिलेखमा सवै कर माफ गरिएका जातहरु मध्ये गायनको पनि उल्लेख गरिएको छ (नरहरीनाथ, २०२२ : ७१९)।

"गायन" शव्दले गाइने वा गन्धर्व जातिलाई बुझाउन सक्ने तन्त्र यसभन्दा अघिको परिच्छेदमा नै प्रस्ट पारिएकोले उक्त दुल्लु कोटी स्तम्भ अभिलेखमा गायन शव्द पर्नुबाट गन्धर्व जातिहरु खस जातिको पुर्ख्यौली थलो जुम्लाबाट विस्तारै पुर्व दक्षिणतर्फ फैलिएको हुनुपर्दछ। जनकवि केशरी धर्मराज थापाको भनाई यस्तो छ कास्कीका राजा कुलमण्डन शाहले गाईनेहरुलाई चितौडगढबाट आफ्नो भारी बोकाएर ल्याएका थिए र तिनीहरुलाई गीत गाउन लगाएका थिए। उनीहरु वास्तवमा अछुत हैनन् पछि अछुतको व्यवहार गरिएको हो।

गन्धर्व समुदायको अर्वाजो सारङ्गी बजाएर मङ्गल धुन लोकगीत गाएर मागी खाने पेशा अपनाउँदै आएको यस समुदाय आर्थिक सामाजिक अवस्था कमजोर हुनाले अछुतको रुपमा राखिएको देखिन्छ। गन्धर्व समुदायले अन्य ब्राह्मण क्षेत्रीले झैं देवीदेवताको पुजा गर्नुका साथै दशैं, तिहार, तिज, मागे संक्रान्ती आदि चाडपर्व जन्म संस्कार वा न्वारन, छैंटी, भातखुलाई वा पास्नी छेंवर वा कपाल काट्ने ब्रतबन्ध गरिदिने गर्दछन्। बिवाह पनि एकै थर र गोत्र भित्र बिवाह गरिदैंन। परम्परागत रुपमा मागी बिवाह गरिदै आएकोमा आजकल प्रेमबिवाह गर्ने प्रचलन वढिरहेको छ। मृत्यु संस्कारमा लास जलाउने र आर्थिक अवस्था कमजोर भएका र मृतक वालवालिका भए गाड्ने चलन रहेको छ। ठकुरी गोत्र हुनेले १३ दिन र अरुले ११ दिन क्रिया वस्दछन्। क्रियाम वस्ता सेतो कपडा लगाउँदछन्। कास्कीका गन्धर्व जातिहरु "भँगेर" देवतालाई आफ्नो मुख्य देवता मानेर बैशाख पुर्णिमा र मंसिर पुर्णिमामा भँगेर पुजा गर्दछन्।

## ५.२ गन्धर्व नामाकरण

गाईनेहरूको अघिको नाम गन्धर्व हो। स्थानीय स्तरमा यिनीहरूलाई पुरानै शैलीमा कतै कतै अझै पनि 'गाईने' वा गायक भनिन्छ। यस समुदायका सदस्यलाई 'मिजार', 'गान्धार', 'गायक', 'सारङ्गी दाई' भनेको पनि सुनिन्छ। आजभोलि गाईनेहरूले आफुहरूलाई 'गाईने' भन्दा पनि 'गन्धर्व' वा 'गायक' भन्न रुचाउँछन्। गाईने भनेको गायक वा गाउने पेशा लिएको जाति भनेको हो। 'गन्धर्व' शब्दको प्रयोग २००७ साल पछि मात्र गर्न थालिएको हो (बन्धु र अरु, २०६४)। खासगरी राजा महेन्द्रको शुभराज्यभिषेकको समय देखि नै गाईनेहरूलाई गन्धर्व भनी सम्मान सुचक शब्दको प्रयोग गर्न थालिएको थियो।

## ५.३ गन्धर्व जातिका थर र गोत्र

गन्धर्व जाति भित्र पनि विभिन्न प्रकारका थरहरू तथा गोत्रहरू रहेको पाइन्छ। यिनीहरूमा गोत्र सानो ठुलो भन्ने गरेता पनि गन्धर्वहरू सबैलाई समान नै मान्दछन्। अध्ययन क्षेत्र बाटुलेचौरमा बुढाथोकी, बाहुन, विश्वकर्मा, कामी, क्षेत्री, तेजप्रकार ठकुरी, सुरसामाल, कालापौडेल र तुकी बैकार आदि गोत्रहरू अध्ययन क्षेत्रमा रहेका छन्। गन्धर्व समुदायले अन्य व्रहामण क्षेत्रीलेझै देवीदेवताको पुजा गर्नु साथै दशै, तिहार, तिज आदि चाडपर्व जन्म

संस्कार वा न्वाराण, छैंटी, भातखुलाई वा पास्नी, छेंवर वा कपाल काट्ने, ब्रतबन्ध गरिदिने गर्दछन् । बिवाह एकैथर र गोत्र भित्र गरिदैंन परम्परागत मागी बिवाह गरिदै आएकोमा आजकल प्रेमबिवाह गर्ने चलन छ । मुत्यु संस्कारमा लास जलाउने र आर्थिक अवस्था कमजोर भएमा गाइने चलन रहेको छ ।

### ५.४. गन्धर्व जातिको जनसङ्ख्या

अध्ययन क्षेत्रमा रहेका ३० घरधुरी अध्ययनको लागि छनौट गरिएको छ । यस अध्ययनको लागि छनौट गरिएका गन्धर्वहरूको उमेरगत जनसङ्ख्यालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ५.१ उमेर अनुसार गन्धर्व परिवारको जनसख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-४ | ६ | ५ | ११ | ६.६६ |
| ५-१४ | ३० | २४ | ५४ | २३.७३ |
| १५-५९ | ४१ | ५४ | ९५ | ५७.५७ |
| ६० भन्दा माथी | २ | ३ | ५ | ३.०४ |
| **जम्मा** | **७९** | **८६** | **१६५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ५.१ अनुसार उमेर समूहमा पुरुष कति र कुन उमेर समूहमा महिला कतिजना छन भन्ने कुरा स्पष्ट बुझ्न सकिन्छ । जसअनुसार ०-४ वर्ष उमेर समूहमा पुरुष र महिला क्रमशः ६ जना र ५ जना छन् । त्यस्तै ५-१४ वर्ष उमेर समूहमा महिलाको भन्दा पुरुषको सङ्ख्या केही बढी देखिन्छ । त्यस्तै १५ देखि ५९ वर्ष समूहमा क्रियासिल जनसङ्ख्या पुरुष ४१ जना र महिला ५४ जना देखिन्छन् । यस उमेर अवस्थालाई युवा अवस्था भनिन्छ । यस अवस्थामा रहेको जनसङ्ख्या हेर्दा पुरुषको भन्दा महिलाको सङ्ख्या बढि देखिन्छ । त्यस्तै ६० वर्षभन्दा माथिको उमेर समूहमा पुरुष दुईजना तथा महिला ३ जना भेटियो । जसलाई निम्न रेखा चित्र द्धारा देखाईएको छ ।

रेखा चित्र नं. ५.१ उमेर अनुसार गन्धर्व परिवारको जनसङ्ख्या विवरण





स्रोत : स्थलगत सर्वेक्षण २०७०

तालिका नं. ५.२ नेपालमा गन्धर्व जातिको जनसङ्ख्या विवरण

| क्र.स | विकासक्षेत्रको नाम | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्वाञ्चल | ३०३ | ५.१ |
| २ | मध्यमाञ्चल | ७५९ | १२.९ |
| ३ | पश्चिमाञ्चल | २,६७६ | ४५.४० |
| ४ | मध्य पश्चिमाञ्चल | २,०४४ | ३४.८ |
| ५ | सुदुर पश्चिमाञ्चल | १०८ | ०.०१ |
| **जम्मा** | | **५,८८७** | **१००** |

स्रोत : केन्द्रिय तथ्यांङ्क विभाग, २०७०

**बृत्त चित्र : ५.१ नेपालमा गन्धर्वजातिको जनसङ्ख्या विवरण**




**स्रोत : केन्द्रिय तथ्यांङ्क विभाग, २०७०**

माथिको बृत्तचित्र ५.१ अनुसार सबैभन्दा बढी गन्धर्वको जनसङ्ख्या भएको विकास क्षेत्र पश्चिमाञ्चल हो । जसमा देशकै सङ्ख्याको ४५.५० प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । त्यस्तै सबैभन्दा कम जनसङ्ख्या रहेका विकास क्षेत्र सुदुरपश्चिमाञ्चल विकासक्षेत्रमा ज्यादै न्युन अर्थात् ०.०१ प्रतिशत मात्र रहेको छ भने अन्य विकास क्षेत्रमा मध्यपश्चिमाञ्चलमा ३४.८ प्रतिशत त्यस्तै मध्यमाञ्चलमा १२.९ प्रतिशत र पूर्वाञ्चलमा ५.१ प्रतिशतका दरले जनसङ्ख्या रहेको पाइयो ।

### ५.५. पारिवारिक बनोट

मानव समाजको पहिलो आधार परिवार हो । परिवार बिना समाजको परिकल्पना पनि गर्न सकिँदैन । कुनै पनि जातिको रहनसहन, भेषभुषा, चालचलन, सामाजिक संगठन आदिको बारेमा जानकारी प्राप्त गर्नका लागि सर्वप्रथम त्यस जात वा समाजको, परिवारको बारेमा अध्ययन गर्नु जरुरी हुन्छ । हाम्रो देशमा प्रायजसो तीन किसिमका पारिवारीक संरचना पाइन्छन् जसमा एकात्मक, संयुक्त र बृहत परिवार । एकात्मक परिवारमा बाबुआमा र

छोराछोरी मात्र हुन्छन् भने संयुक्त परिवारमा बाबुआमा, छोराछोरी, बुहारी, नाति नातिना, हजुरबुबा, हजुरआमा आदि रहेका हुन्छन् । त्यस्तै गरी बृहत परिवारमा धेरै पुस्ताका मानिसहरूको समुहलाई जनाउँछ । समाज दिनप्रतिदिन आधुनिकता तर्फ उन्मुख भएकाले संयुक्त परिवार तथा बृहत परिवार क्रमशः कम हुँदै गई एकात्मक परिवारको बृद्धि भएको पाइन्छ । हामीले अध्ययन क्षेत्रमा पनि एकात्मक परिवार नै धेरै भएको पाईयो ।

यस अध्ययन क्षेत्रमा रहेका गन्धर्व परिवारलाई एकात्मक र संयुक्त परिवार गरी विभाजन गरिएको छ । एकात्मक परिवारमा लोग्ने-स्वास्नी र तिनीहरूका अबिवाहित छोराछोरी मात्र रहेका छन् भने, संयुक्त परिवारमा लोग्ने-स्वास्नी लगायत तिनीहरूको बिवाहित छोरा-बुहारी, छोरी-ज्वाइँ र नाति-नातिनी पनि रहेका छन् । तलको तालिकाद्वारा गन्धर्वजातिको परिवारको प्रकार र स्वरूप प्रष्ट पारिएको छ ।


**तालिका नं. ५.३ गन्धर्व परिवारको प्रकार र घरसङ्ख्या**

| क्र.सं. | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकात्मक | २१ | ७० |
| २. | संयुक्त | ९ | ३० |
| ३ | वृहत | ० | ० |
| | **जम्मा** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ५.३ अनुसार ३० घरपरिवारमध्ये २१ घरमा एकात्मक परिवारको स्वरूप पाइयो भने बाँकी ९ घर परिवारमा भने संयुक्त परिवारको पारिवारिक स्वरूप पाइयो । यसरी हामीले गन्धर्व समाजको अध्ययन गरी हेर्दा संयुक्त परिवार भन्दा एकात्मक परिवारको बाहुल्यता पाइयो । माथि उल्लेखित तालिकालाई निम्न वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

वृत्तचित्र ५.२ गन्धर्व परिवारको प्रकार र घरसङ्ख्या




स्रोत : स्थलगत सर्वेक्षण-२०७०

## ५.६. परिवारको आकार

अनुसन्धानको लागि छनौट गरिएको यो बाटुलेचौर शहरी क्षेत्रमा पर्दछ । परम्परागत रूपमा सारङ्गी बजाउँदै गीत गाउदै माग्ने जातिय पेशा गन्धर्वहरूको हो । तर बर्तमान प्रतिस्पर्धी नेपाली समाजमा जनजीविका चलाउन अफ्ठेरो परेकाले यी गन्धर्व जातिहरू अहिले आएर परम्परागत पेशालाई छोडी नोकरी, व्यापार र ज्यालादारी आदि पेशा गर्न थालेका छन् । जसले गर्दा संयुक्त परिवारवाट एकात्मक परिवारको बाहुल्यतामा परिणत भएको पाइन्छ । यस बाटुलेचौरमा अध्ययन गरिएका ३० परिवारको पारिवारीक आकारलाई हेर्दा सानो, मध्यम र ठुलो गरी तीन भागमा विभाजन गरिएको छ ।

**तालिका नं. ५.४ सदस्य सङ्ख्याको आधारमा पारिवारिक विवरण**


| क्र.सं. | परिवारको किसिम | सदस्य सङ्ख्या | घरधुरी सख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | सानो परिवार | १-४ | ११ | ३६.६७ |
| २. | मध्यम परिवार | ५-८ | १७ | ५६.६७ |
| ३. | ठुलो परिवार | ९ भन्दा बढी | २ | ६.६६ |
| | | **जम्मा** | **३०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण-२०७०

तालिका नं. ५.४ अनुसार गन्धर्व परिवारको आकारलाई हेर्दा १-४ जनासम्मको परिवारलाई सानो परिवार भनिएको छ, जसमा तथ्यांङ्क सकंलन गर्दा ६२ घरधुरीमध्ये ३० धुरीमा प्रत्यक्ष भेटघाट गरिएको थियो । जस अनुसार १-४ जना सम्मको परिवार ११ वटा पाइयो भने ५-८ जना सम्मको समुह १७ अर्थात् सबैभन्दा धेरै पाइयो भने ठुलो परिवार अर्थात् ९ जनाभन्दा बढी सङ्ख्या भएको परिवार सङ्ख्या १ वटा मात्र प्राप्त भयो । जसलाई निम्न वृत्तचित्रमा उल्लेख गरिएको छ ।

**वृत्तचित्र ५.३**

**सदस्य सङ्ख्याको आधारमा पारिवारिक विवरण**




**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

**५.७ उपचार प्रणाली**

गन्धर्व जातिहरु पहिला धामी झाक्री तथा वैद्यद्धारा संकलित जडीवुटीद्धारा उपचार गर्दथे । यसको साथै धामी झाक्री प्रति विश्वास बढी गर्ने भएकोले झारफुक, भुतप्रेत पन्छाउने आदिमा विश्वास गर्दथे । त्यतिबेलाको उपचार प्रणालीमा परम्परागत जडीवुटीमा आधारित थियो । पछि निजि अस्पताल र औषधि पसलको विस्तारले आधुनिक यन्त्र तथा दक्ष चिकित्सकको सल्लाह अनुसार उपचार गर्न थालेका छन् । जसलाई निम्न तालिकाद्धारा उल्लेख गरिएको छ ।

तालिका नं. ५.५ गन्धर्वजातिमा उपचार प्रणाली

| उपचार प्रणाली | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| धामी झाक्री | २७ | ९० | १ | ३.३३ |
| औषधि पसल | - | | ३ | १० |
| सरकारी अस्पताल | २ | ६.६७ | १० | ३३.३३ |
| निजि अस्पताल | - | | १४ | ४६.६७ |
| अन्य | १ | ३.३३ | २ | ६.६७ |
| **जम्मा** | **३०** | **१००** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

## ५.८ धार्मिक अवस्था

कुनै पनि मान्छेको कुनै न कुनै धर्मप्रति आस्था रहेको पाईन्छ । गन्धर्वहरू प्राचीन समयदेखि नै हिन्दु धर्म मान्दै आएको र हालसम्म पनि हिन्दु धर्मलाई नै अंगालेको पाइन्छ । अध्ययन क्षेत्रमा अध्ययनको क्रममा स्थलगत सर्वेक्षणमा ३० घरपरिवारमा गरिएको अध्ययन अनुसार सबै हिन्दु धर्म मान्ने परिवार मात्र भेटियो ।

## ५.९ भाषा

विचार अभिव्यक्तिको माध्यमलाई भाषा भनिन्छ। नेपाली भाषा नेपालको राष्ट्रभाषा हो तापनि यहाँ धेरै भाषाहरू बोल्ने गरिन्छ । यहाँका विभिन्न जात जातिहरूको आफ्नै स्थानीय मातृभाषाहरू छन् यी भाषाहरू नेपालमा ९२ भन्दा बढी रहेका छन् । उनीहरूले नेपाली भाषानै बोल्ने गर्दछन् ।

## ५.१० घरको बनावट

यस शोधपत्रमा गन्धर्व जातिहरुको ३० घर धुरीको बनावट स्वरुप विश्लेषण गरिएको छ। पहिला-पहिला माटाका घरहरू, खरका झुप्रो बाटुला आकारमा बनाईन्थे तर आजभोली ति पुराना घरहरू भत्काउँदै नयाँघरहरू बनाउँदै आएको कुरा बताउँदछन्। पैत्रिक सम्पत्ति जग्गा बिक्री गरेर, बैदेशिक रोजगारबाट कमाएर, आम्दानीमा बृद्धि हुने बित्तिकै उसका सामाजिक आवश्यकता पनि बृद्धि हुदै जाने भएकाले पहिलाका माटाका घरहरूको सट्टा आजभोलि यहाँ आर.सि.सि.पक्की घरहरू भन्दा टिनको घरहरु बढीमात्रामा छ। अध्ययन क्षेत्रको घरहरूको बनावटलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.६ गन्धर्व समाजका घरहरूको बनावट**

| क्र.सं. | घरको बनावट | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की घर आर सि सि | ७ | २३.३३ |
| २. | टिनको छाना | २३ | ७६.६७ |
| ३. | खरको छाना | - | - |
| | **जम्मा** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ५.६ अनुसार अध्ययन क्षेत्र अन्तर्गत अध्ययन गरिएका ३० घरधुरीमध्ये घरको बनावटलाई अध्ययन गर्दा पक्कीघर आर सि सि २३.३३ प्रतिशत, टिनको छाना ७६.६७ प्रतिशत रहेको पाइन्छ भने खरको छाना कुनै पनि नरहेको पाईयो।

### ५.११ खानपान

यस अध्ययन क्षेत्रका गन्धर्वहरूका अनुसार उनीहरू पहिला कोदोको रोटी, ढिंडो र माछा खाने गर्दथे भने आजभोलि शहरीकरणको प्रभावसँगै उनीहरूको आम्दानीमा पनि परिवर्तन आएकोले उनीहरूको दैनिक खानामा पनि परिवर्तन आएको छ। अनुसन्धानवाट प्राप्त तथ्य् अनुसार उनीहरू पहिला-पहिला चाडपर्वमा मात्र भातको प्रयोग गर्दथे भने आजभोलि प्रमुख खानाका रूपमा दालभात, तरकारी, माछा मासुलाई लिएको पाईयो। पहिला-पहिला यी गन्धर्व जातिहरू परम्परागत पेशा अंगाल्दा मागेर ल्याएको धान, कोदो, मकै तथा तरकारीहरू प्रयोग गर्दथे भने, अहिले यिनीहरू चामल, तेल चिनी दाल, तरकारी लगायत सबै खाद्य पदार्थहरू किनेर खान्छन्।

### ५.१२ भेषभूषा

अध्ययन क्षेत्रका गन्धर्व जातिहरूको भेषभुषामा पुरुषहरूले गर्मी याममा सर्ट, पाईन्ट र टिसर्ट लगाउँदछन् भने जाडोमा त्यसमाथि सुइटर, ज्याकेट आदि लगाउँछन् । त्यस्तै महिलाहरूले गर्मी याममा साडी ब्लाउज, लुङ्गी, कुर्था सुरुवाल लगाउँदछन् भने जाडोमा सुइटर चोलो लगाउने चलन गन्धर्व समुदायमा रहेको पाईयो ।

### ५.१३ गरगहना

गन्धर्व जातिका महिलाहरू गरगहनाको रूपमा खासगरी नाककान छेडेर फुली, रिङ्ग, टप, झुम्का, औठी, सिक्री आदि लगाउने गर्दछन् भने पुरुषहरू कसै-कसैले मात्र चाँदी या सुनको औंठी लगाउने गरेको पाइयो ।

### ५.१४ गन्धर्व समुदायका प्रमुख देवी देवताहरू

गन्धर्वहरू धार्मिक दृष्टिकोणले हिन्दु धर्मावलम्बी हुन् तर सामाजिक विभाजन अनुसार यिनीहरू 'अछुत' को समुहभित्र परेको हुनाले यिनीहरूका विभिन्न धार्मिक संस्कारहरूमा बाहुनको प्रयोग हुँदैन । यिनीहरूको धार्मिक संस्कारमा ज्वाँइ तथा भान्जाले ब्राम्हण वा बाहुनको काम गर्दछन् । यिनीहरूले मान्ने प्रमुख देवी देवताहरूमा महादेव, पार्वती, गणेश र सरस्वती पर्दछन् । यी बाहेक, माइदेवी, चण्डी, सत्यनारायणको पनि पुजा गर्दछन् । यिनीहरूको समाजमा अकालले मरेका र मृत्यु संस्कार राम्रो संग नभएका व्यक्तिहरू 'वाइ' (वायु) हुन्छन् भन्ने विश्वास गरी समय समयमा यिनीहरू खोलाको किनारमा गएर वाइको पुजा पनि गर्दछन् ।

### ५.१५ गन्धर्व समुदायको सांस्कृतिक अवस्था :

गन्धर्व समुदाय पहाडी जिल्लामा बस्ने खानामा सामान्य तया चामल, दाल, मकै, कोदो, गहुँ आदिबाट बनेका परिकार नै हुन् । यिनीहरु माछा पनि मार्ने परम्परागत पेशा हुनाले पनि माछा बढी मनपराउँछन् । रक्सी, राँगाको मासु, सँगुर, कुखुरा भैंसी आदि जनावरका मासु खाने गर्दछन् । पुरुषले दौरा सुरुवाल, टोपी, कमिज, पाईन्ट, इस्टकोट, चप्पल, जुत्ता र

महिलाहरुले गुन्यु, चौवन्दी चोलो पटुका, घलेल र मजेत्रो लगाउँछन्। गहनामा महिलाहरुले माडवारी, तिलहरी, ढुङग्री फुली, औठी लगाउँदछन्।

गन्धर्व जातिहरुले हिन्दु धर्म संस्कृति अनुसार संस्कार मान्दै आएको पाईन्छ। हिन्दु धर्मका बिवाह, ब्रतबन्ध, छैंटी, पास्नी, मृत्यु संस्कारहरु जन्मदेखि मुत्युसम्मका संस्कारहरु जेजस्ता छन्। मूलतः तिनै संस्कार अन्तर्गत मनाउँदै आएका छन्। वर्ण व्यवस्थाले यो पेशागत जातिलई अछुत वर्गमा राखेको भएतापनि हालको सामाजिक प्रचलन देशको कानुन संविधान र विकासको गतिसँगै छुवाछुट प्रथा लगभग हट्दै गएको अवस्था छ। आर्थिक रुपमा विपन्नता बिच कठिन र जीवन बिताउन बाध्य भइरहँदा पनि आफ्नो गच्छे अनुसार केहि न केही सकारात्मक कुरा कायमै राखेका छन् (दर्नाल, २०४५)। गन्धर्व जातिहरुले पनि परम्परादेखि हालसम्म पनि हिन्दु धर्म र संस्कृतिलाई मान्दै आइरहेको तथ्य प्रष्ट भएको छ।

गन्धर्व जातिहरु दशै, तिहार, तीज, मागे संक्रान्ती, जनैपुर्णिमा, श्रीपञ्चमी, देखला पुजा, नागपुजा जस्ता चाडपर्व मान्ने गर्दछन्। गन्धर्वजातिहरुले पनि मृतक पुर्खालाई श्रद्धागरी श्राद्ध गर्दछन्। हिन्दु धर्मालम्वीले पुज्ने देवी देवताहरु चण्डी, सरस्वती, शिव, गणेश, सत्यनारायणको पुजा गर्दछन्। गन्धर्व जातिहरुले भँगेर पुजा, नाग पुजा, वायुको पुजा, कुल देवाताको पुजा गर्दछन्। बच्चा जन्मेको छैटौं दिनमा छैंटी गर्ने चलन हुन्छ। त्यस दिन मनोरञ्जनात्मक कार्यक्रम गरिन्छ। जन्मेको नवौं दिनमा बच्चाको न्वारान गरिन्छ र बच्चाको नामाकरण गरीन्छ। छोरा भएमा ६ महिनामा र छोरी भएमा ५ महिनामा पास्नी (भात खुलाई) गरिन्छ। ५ वर्ष देखि १५ वर्ष भित्र ब्रतबन्ध गरिन्छ र २२ वर्ष देखि २५ वर्ष भित्र बिवाह गर्ने गर्दछन्। यिनीहरु जन्मदेखि मृत्युसम्म मनाईने विभिन्न संस्कारहरु निम्न किसिमका छन्।

### ५.१५.१ जन्म संस्कार (न्वारान)

गन्धर्व समाजमा बच्चा जन्मीसकेपछि छोरा जन्मीएमा छ दिनमा छैंटी गरिन्छ। सातौं दिनमा लुगाधुने र ९ दिनमा न्वारान गरिन्छ तर छोरी जन्मेमा छैंटी गरिदैन। न्वारानमा यी जातिहरूको ज्वाई वा भान्जालाई बोलाइन्छ र रेखी हालिन्छ, त्यसपछि आफ्नै संस्कारको

किताब छ त्यो पढिन्छ, न्वारान कार्य पुरा गरिन्छ। सुत्केरीलाई न्वारान नहुँदासम्म छोईछाई गर्नु हुँदैन भन्ने मान्यता रहेको पाइयो ।

### ५.१५.२ पास्नी

छोरा भए ६ महिनामा र छोरी भएमा ५ महिनामा पास्नी (भात खुलाई) गर्ने गर्दछन्। त्यस दिन बच्चालाई भात ख्वाउँदा टीका लगाएर पैसा, कपडा सहित अन्य उपहार दिईन्छ। आफ्नो गच्छे अनुसार सवै इष्टमित्रलाई भोज खुवाउने गर्दछन्। तर कसै कसैले अहिले न्वारानकै दिनमा नै जुठो चटाई कर्म चलाउने चलन पनि यस जातिमा रहेको पाईयो ।

### ५.१५.३ ब्रतबन्ध

गन्धर्व जातिको सामाजिक संस्कारमा सबैभन्दा ठूलो (संस्कार) भनेको ब्रतबन्ध वा छेंवरलाई मानिन्छ। यो कार्य गन्धर्व जातिले एउटा पर्वको रुपमा वा राम्रो संग ब्रतबन्ध गराउँदछ। ब्रतबन्ध गराउंदा फूरौला तथा पैसाको माला लगाईदिन्छ । ९ बर्षदेखि १५ वर्ष भित्रका कुमार केटाहरूको ब्रतबन्ध गरिन्छ। यस जातिमा ब्रतबन्ध नगरेसम्म कर्म चलेको मानिदैन। यदि कसैले ब्रतबन्ध नगरिकन बिवाह गरे त्यो समाजले स्वीकार्दैन तर ब्रतबन्ध गरिसकेपछि चाँसह, राँडी, जारी बेहोरे पनि समाजले स्वीकार गर्दछ। यदि कसैले ब्रतबन्ध नगरीकन नै बिवाह गऱ्यो भने त्यसलाई 'हरगौली' भनिन्छ। यस्तो हरगौलीलाई समाजमा भोज भतेरमा संलग्न गराउँदैनन्। त्यसको सँग सँगै बस्न र खान पनि नदिने चलन छ।

ब्रतबन्ध कार्य गर्दा सर्वप्रथम साइत हेराइन्छ र लगन जुराइन्छ। लगन जुराइसकेपछि (बुकुवा) धोती, टोपी लगाई दिन्छ आफ्नै जातिको पण्डितले (मन्त्र पढेर) फेत्ता गुताई दिन्छ,  केटाको मामाले कपाल काटिदिन्छ। कपडा किनेर घरमा फर्कदा भित्र पस्न भन्दा अगाडि आफ्ना इष्टमित्र सहित ४-६ जनाले सारङ्गी बजाई गीत गाएर बस्दछन् र स्वागत गर्ने चलन छ। कपडाहरू ल्याएर राखिन्छ। त्यसबेला त्यस कपडालाई पुजा गरिन्छ र कपडा किन्न गएका मानिसहरूलाई अक्षता लगाई मासु, रक्सी, रोटी, सगुन खुवाउने चलन छ।

यसरी कपडा किनेर ल्याईसकेपछि टोपी सिलाउनको लागि पनि ज्योतिषिले साइत जुराउँदछन् र सोही बमोजिम टोपी तथा कपडा छेकिन्छ। कपडा छेक्ने दमाइ वा दमिनीलाई

नयाँ गुन्द्रीमा राखेर कपडा छेकिन्छ। त्यो उनीहरूलाई राखेको गुन्द्री अनि धान, चामल र सगुन तथा पैसा आदि सबै दमाई वा दमिनीलाई दिने चलन छ। यसरी कपडा छेकिसकेपछि जग्गे बनाइन्छ। जग्गेमा पुरुषहरूले मंगल र महिलाहरूले माहल गाउने चलन छ। मंगल तथा माहल गाउने पुरुष तथा महिलाहरूलाई सगुन (रोटी, रक्सी आदि) खान दिइन्छ।

लगन भइसकेपछि ब्रतबन्ध गर्ने मानिसलाई कानमा फुलौरा झुण्ड्याएर चुडाकर्म गरिन्छ। यसो गर्दा कपाल काट्नुपर्ने हुन्छ। सर्वप्रथम कपालमा छुरा बाहुनले लगाएपछि अरु जसले काटे पनि हुने चलन छ। कपाल काटिसकेपछि बुकुवा घसिन्छ। (बुकुवा तोरी पिसेर बनाइन्छ) त्यसपछि कपडा फेर्न लगाई दुर्गा मन्दिरमा लगिन्छ र सारङ्गी बजाउँदै गाउँदै मन्दिरमा घुमिन्छ। त्यसबेला गाउने गीतलाई 'ख्याली गीत' भनिन्छ। त्यसरी नाच्ने गाउने सबै मानिसहरूलाई भोज खुवाउने चलन छ। ब्रतवन्धमा केटाको आमाले दही चटाउँछिन् र टीका लगाएर सक्दो पैसा दिनु पर्दछ। त्यस्तै बाबुले पनि पैसा दिने चलन छ। त्यस्तै ब्रतबन्ध गर्ने केटाले पनि आफ्नो गच्छे अनुसार आमा, दिदीबहिनी तथा भान्जीहरूलाई साडी, चोलो, पछ्यौरा आदि कुराहरू दिने चलन छ। ब्रतबन्धमा केटालाई सबैले पैसा दिने गर्दछन् र पैसाको माला लगाइदिने चलन छ। तर यो जातिमा मन्त्र सुन्ने तथा जनै लगाउने चलन नभएको पाईयो।

ब्रतबन्धको अन्तमा भोज भतेर खाएर मनोरन्जन गर्दछन्। यी गन्धर्व जाति पनि ब्राम्हण क्षेत्रीको संस्कारबाट प्रभावित भएको देखिन्छ। त्यस दिन आएका इष्टमित्र दिदी बहिनीहरूलाई टिका लगाएर दक्षिणा दिने चलन समेत छ।

### ५.१५.४ बिवाह

गन्धर्व जातिले मनाउने विभिन्न सामाजिक कार्य मध्ये बिवाह एक महत्वपुर्ण सामाजिक संस्कार हो। सामान्य तया केटीहरुको उमेर १८/२० बर्ष र केटाहरुको २२/२५ बर्षमा बिवाह गर्दछन्। यिनीहरु आफ्नै जाति भित्र फरक गोत्रमा बिवाह गर्दछन्। गन्धर्वहरू साधारण तया मामाकी छोरी बिवाह गर्न रुचाउँछन्। फुपुकी छोरीसित भने बिवाह गर्न मनाही छ। यिनीहरूको जस्तै मगर, कुमाल, गुरुङ्ग आदि जातिमा पनि मामाकी छोरी फुपुको छोराको हक लाग्ने चलन छ। गन्धर्व सामाजमा साधारणतया केटाकेटीको बिवाह गर्ने बेला

भएपछि एउटा लमीलाई केटीको घरमा माग्न पठाइन्छ र केटी मागिन्छ। यदि दुवै पक्षको मञ्जुरी भएमा केटाकेटीको कुण्डली जुराइन्छ र जुऱ्यो भने केटाले केटीका बाबुलाई एक रूपैयाँ दाम पठाउँदछन् र बिहे पक्का भएको सम्झनु पर्दछ।

बिवाह पक्का भएपछि केटा र केटीको दुवै परिवार मिली भोजको आयोजना गर्दछन् र केटाकेटीको निम्ति लुगा र गहना किन्न जाने निधो गर्दछन्। कपडा किनेर ल्याई सकेपछि एकदिन लगन जुराई उक्त कपडालाई पुजा गरिन्छ। भरसक एउटा राँगो काटेर फेरी भोजको आयोजना गरिन्छ। राँगाको एउटा साप्रो केटीको मामालाई दिइन्छ र त्यसको बदलामा उसले पनि केटालाई एक माना नुन दिन्छ। सो दिनदेखि केटाले उसलाई "मामा ससुरा" भनी सम्बोधन गर्दछ। राँगाको टाउको लमीलाई दिइन्छ र बाँकी मासु पकाएर वितरण गर्ने गरिन्छ।

बिवाहको लागि लमी २ बोतल रक्सी लिएर कुरा छिन्न जाँदा केटी पक्षकालाई "बिवाह गर्न आयौं" भनी सम्बोधन गर्ने गर्दछन् र आफूहरूले ल्याएको रक्सी केटी पक्षका अभिभावकलाई दिन्छन्। भलाकुसारी सहित कुरा मिलेमा रक्सी स्वीकार गरी सँगै बसी खाने गर्दछन्। यो बिवाहको पहिलो चरण हो र यसलाई "कुराको शीशी" पनि भन्ने गर्दछन्।

बिवाहको समयमा मालश्री मंगल र मंगल गीत गाइन्छ। तर बिवाहको समयमा नगाई नहुने गीत 'जय मलपत्ता' पनि हो। यस समयमा गन्धर्वहरूले अर्वाजो सारङ्गी दुवै बजाउँदछन्। अर्वाजो भाले बाजा हो भने सारङ्गी पोथी बाजा हो भन्ने विश्वास गरिन्छ।

अध्ययन क्षेत्रमा जाँदा बिवाहको यो विधि बताए उत्तरदाताहरूका अनुसार १० जना केटाहरुले अन्तरजातीय बिवाह गरेको पाईयो भने केटीहरु ४ जना अन्तरजातिय बिवाह गरेको पाइयो। अन्तरजाति विवाहमा सार्की, परियार, संग गरेको पाईयो।

### ५.१५.५ मृत्यु संस्कार

गन्धर्व जातिको मृत्यु संस्कार अन्य हिन्दु जातिहरूको जस्तै हुने गर्दछ। गन्धर्वहरूको मृत्यु संस्कारमा मरेको लासलाई गाड्ने चलन थियो। लास गाड्ने कार्य नदीको किनारमा निश्चित तोकिएको ठाउँमा गाउँछ । गन्धर्व समाजमा मृत्यु भएमा ११ दिनसम्म जुठोबारी एघारौं दिनमा चोख्याउने वा उम्कने गर्दछन् । मानिस मरेको एक वर्षसम्म अन्य हिन्दुहरूले गरेजस्तै सेता कपडा लगाउने र मासिका गर्ने जस्ता कार्य यी जातिमा भने गरिदैन। बार्षिक तिथिमा भने श्राद्ध गर्ने गर्दछन् । त्यस पछिका बर्षमा भने श्राद्ध गर्ने चलन छैन ।

### ५.१५.६ रीतिरिवाज

गन्धर्व जातिहरू हिन्दु धर्म मान्छन् । त्यसैले गर्दा होला यिनीहरू पनि अरु हिन्दुहरूले मनाउने रीतिरिवाज मनाउने गर्दछन् । यिनीहरू प्रत्येक बर्षको जेष्ठ महिनामा कुल देवता (परिवारका इष्ट देवता) को पुजा गर्ने गर्दछन् । कुल देवताको पुजा गर्नुको मुख्य उद्देश्य कुलदेवता र मरेका पुर्खाको संम्झना गर्नु पनि हो । गन्धर्व जातिहरूले कुल देवतालाई मुख्य देवता मान्दछन् । कुलदेवको पुजा आरधना गरेमा पुर्खा खुशी भई सुख शान्ति प्रदान गर्दछन् भन्ने जनविश्वास रहेको पाइन्छ ।

गन्धर्वहरू भँगेर पुजा (कुल पुजा) वायुको पुजा, बैशाख र मंसिर पुर्णिमामा गर्दछन् । त्यसै गरी नागपञ्चमीलाई धुमधामसँग मान्दछन् । घरपरिवारका सबै सदस्यहरू स्थानीय नाग स्थानमा गएर नागलाई विभिन्न परिकार र बस्तुहरू चढाई पुजा गर्दछन् । यसरी नागको पुजा गरेमा प्राकृतिक विपत्तिबाट मुक्ति पाइन्छ भन्ने विश्वास रहेको छ ।

यी बाहेक अन्य हिन्दुहरूले मनाउने चाडपर्वहरू जस्तै दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, चैतेदशै आदि मनाउँदछन् । कार्तिक र चैत्र महिनाको अष्टमीको रातिको समयमा कालरात्रीको पुजा गरेमा दुर्गा भवानी खुसी हुन्छन् भन्ने बिश्वास यिनीहरूमा पाइन्छ । यी दिनमा अरुको घरको खाना खानु हुँदैन भन्ने विश्वास गरिन्छ । गन्धर्व समाजमा प्रत्येक चाड पर्वमा ज्वाई र भान्जाको उपस्थिति अनिवार्य मानिन्छ ।

### ५.१५.७ गन्धर्व समाजमा महिलाको भुमिका

कुनै पनि परिवारमा महिलाको स्थान उसले निर्वाह गर्ने भुमिकाको आधारमा निर्धारण भएको हुन्छ। यस अध्ययन क्षेत्रका महिलाहरू कृषि कार्य नगर्ने भएकाले घरेलु काम सकी पुरुष सरह अर्थोपार्जनका कार्यहरूमा जुटेका पाइन्छन्। जागिरे महिलाहरू जागिर खान जान्छन् भने जागिर नभएका महिलाहरू सानोतिनो व्यापार तथा ज्याला मजदुरी गर्दछन्। यस अध्ययन क्षेत्रका महिलाहरूको अवस्थालाई परिवारमा निर्णय प्रक्रियामा हरेक कार्यमा महिलाहरूको संलग्नता हुने कुरा उत्तरदाता महिलाहरू बताउँदछन्। त्यस्तै महिलाको हरेक समस्यामा पुरुषले साथ दिने पनि उनीहरू बताउँदछन्। जागिरे पुरुषहरूले बिदाको दिनमा पनि बालबच्चा हेरी महिलाहरूलाई कृषि, मजदुरमा पठाएको पाईन्छ।

# अध्याय : छ

## गन्धर्व जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थितिमा आधुनिकीकरणले पारेको प्रभाव

**समाज परिवर्तनशिल छ जसको कारण प्रत्येक समाजका मानिसहरूका व्यवहार पनि परिवर्तनशिल छन्। प्राचिन समाज र आजको समाजमा देखिएको फरक पनि समाज परिवर्तन कै प्रतिफल हो। यसरी समाज परिवर्तन हुने क्रममा गन्धर्व समाज पनि अघि बढेको पाइन्छ। आधुनिकीकरणले ल्याएका परिवर्तन सकारात्मक र नकारात्मक दुवै पक्षबाट हुन्छ। तर हामीले समाज परिवर्तनको कुरालाई सकारात्मक पक्षमा हुने परिवर्तनलाई मात्र समाज परिवर्तन भएको मानेका छौं। यसै क्रममा गन्धर्व समाजमा पनि परिवर्तन जुन रूपमा अरु समाजमा जस्तै परिवर्तन हुनु पर्ने थियो, त्यस रूपमा नभए पनि परिवर्तन भने भएको पाइन्छ। अध्ययनको क्रममा शोक्षार्थी बाटुलेचौरका गन्धर्व समुदायका मानिसहरूसंग सामुहिक अन्तरवार्ताद्वारा गन्धर्व समाजका सामाजिक परिवर्तन, सामाजिक संस्कारमा आधुनिकीकरणले ल्याएको परिवर्तन तथा आर्थिक क्रियाकलापमा आएको परिवर्तनका बारेमा उत्तरदाताहरूसंग छलफल गरी आवश्यक जानकारी लिएर यसलाई परिमार्जित गरी सप्रसँग प्रस्तुती र विश्लेषण गरिएको छ।**

### ६ गन्धर्व जातिमा आएको सामाजिक परिवर्तन

### ६.१ महिलामा आएको परिवर्तत

महिलाको स्थानमा उसले प्राप्त गर्ने शिक्षा, आम्दानी र उसले परिवार र समाजमा निभाएका भुमिकाको आधारमा भर पर्दछ। राम्रो शिक्षा प्राप्त गरि नोकरी गर्ने महिलाको समाजमा उच्च स्थान रहेको पाइन्छ। नेपालमा अधिकांश महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यावहार गरेको पाइन्छ। महिलाहरूले गर्ने दैनिक घरेलु कार्यको मुल्याङ्कन वा लेखाजोखा नहुनुले पनि उनीहरूको समाजमा अस्तित्व कम भएको हो भने अझै पितृसतात्मक समाज भएका कारणले गर्दा पनि महिलाहरूले उचित सम्मान पाउन सकेका छैनन्। यस अध्ययन क्षेत्रका महिलाहरू सरकारी काम गर्दछन् भने, गृहणी महिलाहरू पनि आफ्नो घरको घरेलु काम सकि फलफूल तरकारी डोकामा राखी गाउँ गाउँ डुलाई बेचेर आम्दानी बढाउन नै काम गर्दछन्। यसरी महिलाहरूले हाल आएर आर्थिक उपार्जनको कार्यमा पुरुषहरूलाई सघाए पछि घरपरिवारमा निर्णय लिने कुरामा महिलाहरूको पनि सहमती र सक्रियता भएको पाइन्छ। तर महिला र पुरुषमा भने फरक त भई नै हाल्छ। एउटी महिला घरको छोरी, बुहारी, आमा भएर कार्यलयमा कर्मचारी पनि हुन्छिन्।

प्रकृतिले महिला र पुरुषलाई समान रूपले अगाडी बढ्न पनि साथ दिएको छैन भने त्यस माथि पनि सामाजिक परम्परा र संस्कारले पनि उत्तीकै भेदभाव गरेको पाइन्छ । तर समय परिवर्तनसँगै अपेक्षकृत रूपमा परिवर्तन हुन नसके पनि महिलाहरूको अधिकार, शिक्षा, चेतना तथा रोजगारमा परिवर्तन भएको पाइन्छ ।

**तालिका नं. ६.१ महिलामा आएको परिवर्तन**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि/मजदुर | १४ | ४६.६७ |
| २ | व्यापार | २ | ६.६७ |
| ३ | घरेलु | ८ | २६.६६ |
| ४ | सेवा | ४ | १३.३३ |
| ५ | अन्य | २ | ६.६७ |
| | **जम्मा** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.१ अनुसार उपरोक्त तालिका अनुसार गन्धर्व समुदायका महिलाहरु कृषि/मजदुर कार्यमा नै व्यस्त हुने गरेका छन् । सवैभन्दा बढी कृषिमा ४६.६७ प्रतिशत, घरेलु कार्यमा २६.६६ प्रतिशत, नोकरी सेवामा १३.३३ प्रतिशत, व्यापार तथा अन्य पेशामा ६.६७ प्रतिशत रहेको छ ।

गन्धर्व महिलाहरु पहिले घरेलु काम तथा मेलापातमा जाने गरेको पाईन्छ भने अहिले आधुनिकीरणको प्रभावको कारण कृषि, व्यापार, सिलाई बुनाइ, नोकरी आदिमा संलग्न भएका छन् । यसरी गन्धर्व समुदायमा महिलाहरु विगतका पेशाहरु बाट परिवर्तन भई नयाँ पेशा र व्यापारमा संलग्नता रहेको स्थलगत अध्ययनबाट थाहा हुन आएको छ ।

### ६.२. पेशामा आएको बाहिरी हस्तक्षेप

आजको आधुनिक युगमा मनोरन्जनका विभिन्न साधन, चलचित्र, पप गीत, विदेशी पप तथा र्‍यापको तिव्र विकास तथा विस्तारको कारणले नेपाली लोक संगीत तथा गन्धर्वको सारङ्गी

छायाँमा पर्दै गई रहेको छ। जसले गर्दा सारङ्गी बजाएर आफनो घरपरिवारको गुजारा चलाउने गन्धर्वहरूको पेशामा धक्का पुगेकोछ। जसले गर्दा गन्धर्व जातिहरूलाई जीवन निर्वाह गर्न धौ-धौ परेको छ। त्यसै गरी समाजका अन्य उच्च जातले पनि गन्धर्व त होनी भनी घृणित आचरणहरू गर्ने, उचित सम्मान नगर्नाले नै उनीहरू आफ्नो पेशावाट पलायन भएको हामी पाउछौं। परम्परागत लोकगीत र सारङ्गीले हालका आधुनिक र्‍याप, पप गीत तथा विदेशी बाजाहरूसँग प्रतिस्पर्धा गर्न नसक्नाले पनि यस्तो भएको कुरा बताउँछन्। त्यस्तै समाज पनि संस्कृतिकरण तर्फ उन्मुख भएको र बढ्दो आधुनिकिकरणले गर्दा पनि यसो हुन गएको हो।

**तालिका नं. ६.२ पेशामा आएको बाहिरी हस्तक्षेप**


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि मजदुर (हली, खेतला अन्य मजदुर) | १६ | ५३.३३ |
| २ | परम्परागत पेशा (सारङ्गी बजाएर गीत गाउने, माछा मार्ने) | २ | ६.६७ |
| ३ | व्यापार (फलफुल, तरकारी, डोकामा बेच्ने र अन्य किनारा पसल समेत) | ३ | १०.०० |
| ४ | रोजगारी (स्वदेशमा) | ५ | १६.६७ |
| ५ | वैदेशिक रोजगारी | ४ | १३.३३ |
| | **जम्मा** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.२ अनुसार गन्धर्व जातिमा आएको बाह्य हस्तक्षेपमा सबैभन्दा बढी कृषि मजदुरमा १६ जना अर्थात ५३.३३ प्रतिशत रहेको छ। रोजगारी स्वदेशमा ५ जना, अर्थात १६.६७ प्रतिशत, त्यसैगरी वैदेशिक रोजगारीमा ४ जना अर्थात १३.३३ प्रतिशत रहेको छ। त्यसैगरी व्यापारमा ३ जना, अर्थात १० प्रतिशत रहेको छ भने परम्परागत पेशा अपनाउने, माछा मार्ने परिवार सङ्ख्या २ जना अर्थात ६.६७ प्रतिशत रहेको छ।

बाटुलेचौर बस्तीका विभिन्न उमेरका गन्धर्वहरुसँग अन्तरक्रिया गर्दा सवैको चाहना आफ्नो परम्परागत पेशालाई जीवन निर्वाहको प्रमुख पेशा छाडेर रोजगारी पाउनु पाए हुन्थ्यो भन्दछन् । उनीहरु रोजगारीबाट नै जीवन स्तर उठाएर मर्यादित जीवन बिताउन चाहन्छन् । परम्परागत पेशा छाडेर रोजगारी गर्ने, व्यापार, नोकरी गर्नेहरुको जीवन स्तर माथि उठेको देखिन्छ । उनीहरुका घर बसाई राम्रो अवस्थामा रहेका एवं छोरा, छोरीहरुलाई राम्रो शिक्षा दिने गरेको पाईयो । चाडपर्व, बिवाह, ब्रतबन्ध मा पनि आफ्नो समुदायका अतिरिक्त छ र छिमेक ब्राम्हण, क्षेत्री गुरुङ, नेवार लगायतका समुदायलाई आमन्त्रण गर्ने गरेका छन् । जसलाई निम्म वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**वृत्तचित्र नं. ६.१ पेशामा आएको बाहिरी हस्तक्षेप**




**स्थलगत सर्भेक्षण २०७०**

## ६.३. पेशा र भावी सन्तती

गन्धर्व जातिको मुख्य चिनारी भनेको गन्धर्व गीत र सारङ्गी हो तर हाल पुर्णरूपमा यस पेशामा जिवीकोपार्जनको रूपमा विकास भएको पाउन सकिदैन । हालको आधुनिकीरणको

जमानामा यस किसिमको पेशालाई पुरानै शैली भएकाले त्यति धेरै राम्रो पेशा भनेको पाइदैन, साथै यस्तो पुरानै शैली तथा तरीकाबाट जीवीका चलाउन पनि गाह्रो हुने हुनाले गन्धर्व पेशालाई उनीहरूले आफ्नो सन्ततीलाई वंशजको चिनो, संस्कृति संरक्षणको रूपमा मात्र राख्ने इच्छा राखेको पाइन्छ। यसरी पुर्खाले संगालेको पेशा अर्को पुस्ताले संस्कृती संरक्षणको रूपमा मात्र लिने लक्ष्य राखेकोले भावी सन्ततीले गन्धर्व पेशा प्रतिको सोचाईमा परिवर्तन आइरहेको पाइन्छ।

समाज परिवर्तनशील छ। त्यसैले रुढीवादी परम्पराबाट अछुत बनाईएका सम्मानित गन्धर्व जातिमा पनि क्रमशः आधुनिकताको प्रभाव पार्दै आएको छ। शिक्षा, सामाजिक चेतना र आर्थिक स्तर वृद्धि सँगै देश अग्रगमनतर्फ बढेको अवस्थामा छुवाछुतको चलनमा परिवर्तन आइरहेको पाईन्छ। बिगत देखि यस जातिलाई दलित, अछुत जातिको रुपमा हेरेको तथा आफ्नो पुर्ख्यौली पेशा अपहेलित भएको उचित सम्मान नभएको, बाँच्न कठिन भएको कारणले अन्य पेशाहरुमा अंगाल्न थालेका छन्।

## ६.४. परिवारको संरचनामा आएको परिवर्तन

परिवार मानव जीवनको महत्वपुर्ण र पहिलो संस्था हो। परिवारमा नै मानव संरचनामा आधारीत हुन्छ। संसारका सवै समाज चाहे प्राचीन होस या आधुनिक जहाँसुकै पनि परिवारको आभाष पाउन सकिन्छ। सङ्ख्याको हिसावले परिवारलाई एकात्मक, संयुक्त र वृहत गरी तीन भागमा विभाजन गरेको पाइन्छ। यस अध्ययन क्षेत्रमा आधुनिकीकरणसँगै संयुक्त परिवार भन्दा एकात्मक परिवारको सङ्ख्यामा वृद्धि हुँदै गएको पाइन्छ तर पहिला पहिला संयुक्त परिवारको सङ्ख्या बढी भएको कुरा वताउँछन्। शिक्षा र चेतनाको विकास सँगै यी कुराहरूमा विकास भएको हो।

## ६.५. विवाहको प्रचलनमा आएको परिवर्तन

पुरुष तथा नारीलाई वैधानिक रूपमा संगै रहेर जीवन यापन गर्न दिइने सामाजीक तथा कानुनी स्विकृतीलाई विवाह भनिन्छ। हिन्दु दर्शन शास्त्र अनुसार विवाह एक धार्मिक संस्कार

पनि हो । हिन्दु परम्परा अनुसार बिवाहको निधो आमा वावु वा परिवारका कुनै सदस्यले गर्दछन । कहिले काँही बिवाह सम्बन्धि परामर्श केटा सँग पनि लिने गरिएता पनि केटीलाई भने यो अधिकार प्राप्त हुदैन । यसरी बाबु आमाको इच्छामा गरिने बिवाहलाई मागी बिवाह र केटाकेटीको दुवै मिलेर निर्णय गरेको बिवाहलाई प्रेम बिवाह भनिन्छ । अध्ययन क्षेत्र बाटुलेचौरका पुरानो पुस्तामा मागी बिवाह हुने गर्दथ्यो तर नयाँ पिढीमा भने प्रेम बिवाह बढी हुने गरेको पाइयो । समय र चेतनाका कारण एंव सामाजिक र सांस्कृतिक अभियानमा संग्लन र सामाजिक कारण अन्य जातिहरुले पनि पहिलाका कुसंस्कार र परम्परागत प्रभाव बाट मुक्त हुदैं मानवियनाताको अभिवृद्धि भएको पाईन्छ । फलत छोइछीटोको व्यवहारमा क्रमश सुधार भएको पाईन्छ ।

### ६.६. अन्य जाति सँगको सम्बन्धमा आएको परिवर्तन

समय र चेतनाको कारण एंव सामाजिक र सांस्कृतिक अभियानमा संग्लन र सामाजिक कारण अन्य जातिहरुले पनि पहिलेको कुसंस्कार र परम्परागत प्रभाव बाट मुक्त हुदै मानवियनाताको अभिवृद्धी भएको पाईन्छ । फलत छोइछिटोको व्यवहारमा क्रमश सुधार भएको पाईन्छ । विशेषगरी पोखरा उपत्यकामा ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, थकालीहरूको वाहुल्यता रहेको पाइन्छ । पहिले गन्धर्व जातिको पेशागत रूपमा गीत गाउने सारङ्गी वजाउने, नाच्ने कार्य गर्दथे र ती कार्य दैनिक जीवन यापनका लागि गर्दथे, पहिले आफ्ना जातिय क्षेत्रमा मात्र सिमीत रहेका थिए भने अहिले अन्य जाति सँग पनि सम्बन्धित छ । हाल अरु जातिसँग पनि सम्बन्ध वढी रहेको पाइन्छ । हाल अरु जातिसँगको नियमित सम्पर्कले गर्दा गन्धर्व जातिका महिला पुरुषले अन्य उपल्ला जातिसँग बैवाहिक सम्बन्ध राख्न थालेको पाइन्छ ।

### ६.७. सामाजिक सम्बन्धमा आएको परिवर्तन

समाज भित्रका परिवारहरूको एक आपसको सम्बन्धलाई सामाजिक सम्बन्ध भन्न सकिन्छ । गन्धर्व समाजमा पहिला एकले अर्कालाई सहयोग गर्दथे । जस्तो कुनै घर परिवारलाई समस्या पर्‍यो भने समाजका अरु परिवारहरूले मिली सहयोग गर्दथे भने अहिले आएर मानिसहरूमा स्वार्थी भावनाको विकास भएको देखिन्छ । सामाजिक काम भन्दा व्यक्तिगत काममा वढी चासो देखाउने गरेको कुरा उत्तरदाताहरू बताउँछन् । पहिला भन्दा फरक

हुनुमा बाहिर जागिर खान जानु पर्ने कारणले गर्दा पनि गन्धर्व समाजमा यसरी परिवर्तन आएको हो ।

### ६.८. चेतनामा आएको परिवर्तन

पहिला समाज बदी परम्परावादी र कुसंस्कार बाट ग्रस्त थियो तर शिक्षा, समय, ज्ञान, विज्ञानको कारणले गर्दा मानिसमा चेतनाको अभिवृद्धि भएको देखिन्छ । गन्धर्व जातिहरूको हाल आएर राजनैतिक चेतनामा वृद्धि हुँदै गएको पाइन्छ । राजनैतिक चेतनाकै कारण गन्धर्व समाजका धेरैजसो सदस्यहरू नगरपालिकामा जागिर खान सक्षम भएको कुरा उत्तरदाताहरू बताउछन् । त्यहाँका गन्धर्व जातिहरूले राजनैतिक कार्यहरूलाई चुनावमा सहयोग गर्ने उनीहरूसँग चुनावमा प्रचार प्रसारमा हिड्ने भएको कारणले गर्दा पनि उनिहरूलाई कुनै समस्या परेमा अरुबाट सहयोग पाएको कुरा पनि उनीहरूले बताए । राजनैतिक चेतनाको कारणले यस अध्ययन क्षेत्रका एकजना उत्तरदाता विद्यालय व्यवस्थापन समिति हेल्थपोष्ट व्यवस्थापन समितिमा पनि बसी कार्य गरी सकेको बताए । उनीहरूको चेतनाकै कारण गन्धर्व समुदाय विकास केन्द्र जस्ता सामाजिक संस्था पनि कार्यरत छन् । यसरी गन्धर्व जातिको चेतनामा विकास भएको पाइन्छ ।

### ६.९. जातिय भावनामा आएको परिवर्तन

हाल नेपालमा विभिन्न जात जातिहरूले आफ्नो संस्कृति जोगाउनका लागि विभिन्न किसिमबाट संगठित हुन थालेका छन् । यसरी गन्धर्व जातिको पनि आफ्नो जातिको जातिय उत्थानको लागि आमा समुह, नेपाल गन्धर्व समुदाय विकास केन्द्र तथा जागृती युवा परिवार जस्ता सामाजिक संघ संस्थामा संगठित भएको पाइन्छ । यसरी हाल यस स्थानमा बसोबास गरेका गन्धर्व जातिको जातिय भावनामा परिवर्तन आएको पाइन्छ ।

## ७ सामाजिक संस्कारमा आएको परिवर्तन

### ७.१ न्वारानमा आएको परिवर्तन

गन्धर्व समाजमा बच्चा जन्मिदा शुभ अशुभ हेर्ने गरिन्छ । तर आजभोलि आधुनिकीकरणको प्रभावले गर्दा कम बच्चा पाउने भएकोले शुभ अशुभ हेर्ने चलन पनि हराएको छ । आजभोलि बाबुआमाको नाम अनुसार छोरा छोरीको नाम राख्ने चलन आइसकेको छ ।

### ७.२ पास्नीमा आएको परिवर्तन

गन्धर्व समाजमा छोराको भात ख्वाई ६ महिनामा र छोरीको भात ख्वाई ५ महिनामा गर्दथे भने, आजभोलि पैसा हुनेले भव्य रूपमा गर्छन् भने पैसा नहुनेले न्वारानको दिनमानै बच्चालाई जुठो लगाउने गरेको कुरा उत्तरदाताहरू बताउँदछन् ।

### ७.३ बिवाह संस्कारमा आएको परिवर्तन

गन्धर्व समुदायमा विशेष गरी मामाकी छोरी बिवाह गर्ने चलन रहेको पाइन्छ । तर आजभोलि मामाकी छोरी बिवाह नगरी बाहिरका केटीहरूसँग बिवाह गर्न थालेको कुरा पनि उत्तरदाताहरू बताउँछन् ।

### ७.४ परम्परागत पेशामा आएको परिवर्तन

परम्परागत पेशालाई छोड्न नमानेका गन्धर्वहरू हाल आएको आर्थिक संकट तथा सामाजिक हिनताबोधको कारणले गर्दा गन्धर्व पेशा छोडी अन्य पेशा अंगाली रहेका छन् । यसरी सारङ्गी र गन्धर्व जातिको चासो अरु विभिन्न संघ, संस्था र समाजशास्त्री मानवशास्त्रीले राख्न थालेका छन् । यसरी चासो देखाउने संस्थाहरूमा गन्धर्व साँस्कृतिक कला संगठन तथा युनेस्को रहेका छन् । युनेस्कोले आवश्यक रूपमा सारङ्गी र गन्धर्वको अध्ययन र गन्धर्व सांस्कृतिक कला संगठनले जीविकोपार्जनको लागि र बालबच्चाको शिक्षाको लागि पनि सहयोग गरिरहेका छन् । यसरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपबाट सारङ्गी र गन्धर्व प्रतिको चासोमा परिवर्तन आएको छ ।

उनीहरु परम्परागत पेशालाई छाडी अन्य पेशामा अंगालेका छन् । आर्थिक विपन्नता भएको, कमाई खाने जग्गा कम भएको कारणले गर्दा शिक्षा आर्जनबाट पनि तिनीहरु वञ्चित थिए । खेतीपाती गर्ने जमिन नहुनु, जागिर खान पढे लेखेको नहुनाले उनीहरुलाई सारङ्गी बजाई गीत गाएर मागेर खानु पर्ने एक मात्र बिकल्प थियो । यसबाट बाच्न नसक्ने भएपछि खोला

नदी र ताल तलैयामा माछा मार्न थालेको तर यी दुवै कार्यबाट बाच्न कठिनाई भएपछि जग्गा जमिन हुने हरुको घरमा हली खेतला गएर मजदुरी गर्न लागेको देखिन्छ । आजकल क्रमशः शिक्षाको उज्यालो पनि पुग्न थालेपछि रोजगारी सरकारी एव निजी क्षेत्रमा आकर्षण बढेको पाईन्छ । स्थलगत सर्वेक्षण क्रममा सबैले नै रोजगारी तर्फ पहिलो प्राथमिकता रहेको धारणा व्यक्त गरे । पहिले यो समुदाय परम्परागत पेशामा आवद्ध थियो भने आजकल परम्परागत पेशा बाहेक आधुनिक पेशामा लागेको देखिन्छ ।

**तालिका नं. ६.३ परम्परागत पेशामा निर्भर रहेका बाटुलेचौरका गन्धर्व समुदायहरु**

| साल | घरधुरी सङ्ख्या |
|---|---|
| सन् १९८४ | २४ |
| सन् २००१ | २० |
| सन् २००४ | ११ |
| सन् २०१० | २ |

**स्रोत : डा. पराजुली, २००७ (पोखरा शहरका गन्धर्वहरुको पेशा परिवर्तन)**

यस तालिका नं. ६.३ मा कास्की जिल्ला भित्रको बाटुलेचौरका गन्धर्व समुदायको परम्परागत पेशामा निर्भर घरधुरीहरुको सन् १९८४ देखि सन् २०१० सम्मको तुलनात्मक घट्दो सङ्ख्या प्रस्तुत गरिएको छ । सन् १९८४ मा २४ घरधुरी, सन् २००१ मा २० घरधुरी, सन् २००४ मा ११ घरधुरी हाल सन् २०१० मा २ घरधुरीका परिवार मात्र पूर्ण रुपमा परम्परागत पेशामा निर्भर रहेका छन् । यसरी परम्परागत पेशामा निर्भर हुने घर परिवार सङ्ख्या घट्दो क्रममा रहेको र धानुनिक गैर परम्परागत पेशा अपनाउने प्रवृत्ति बढ्दो क्रममा रहेको देखिन्छ ।

गन्धर्व समुदायको भू-स्वामित्व ज्यादै कम रहेको हुनाले उनीहरु विगतदेखि गरिवीमा बाँच्दै आएका हुन् । हाल रोजगारी, व्यापार र वैदेशिक रोजगार गर्नेहरुको आर्थिक अवस्था सुधार हुँदै आएको पाईयो । होटल रेष्टुरेण्ट र चाडपर्वमा व्यवसायिक सारङ्गी बाद्यवादन गर्दै गीत गाउने, केहीको ख्याति प्राप्त गायकहरुको पनि आर्थिक अवस्थामा मन्द सुधार भएको देखिन्छ । तर परम्परागत रुपमा सारङ्गी बजाई गीत गाउँदै गाउँघर डुलेर माग्ने माछा

मार्नेहरुको आर्थिक अवस्था कमजोर अवस्थामा छ। त्यसैले गन्धर्व समुदायमा परम्परागत पेशा छाडेर स्वदेशी रोजगारी, व्यापार, वैदेशिक रोजगारी जस्ता आधुनिक पेशातर्फ लाग्ने क्रम तिव्र रुपमा बढेको छ।

## ८. गन्धर्व जातिमा आएको आर्थिक परिवर्तन

### ८.१ आम्दानीका श्रोतहरुमा आएको परिवर्तन

गन्धर्व समाजमा पहिलाका पुस्ताको आम्दानीको श्रोत भनेको गाउने, बजाउने, माछा मार्ने र बेच्ने आदि थिए भने त्यसैबाट दुःख सुख आफ्नो दैनिक गुजारा चलाउँदथे। तर हिजो आजको जटिल समाजमा त्यतिले मात्र मानवीय आवश्यकता परिपूर्ति गर्न नसकिने भएकोले आजका पिढीहरू अन्य आम्दानीका श्रोतहरूतर्फ लाग्दै गएका हुन अहिलेको गन्धर्वहरूको आम्दानीको श्रोत भनेका व्यापार, नोकरी, ज्यालादारी आदि रहेका छन्। यसरी पहिलाको र अहिलेको आम्दानीका श्रोतमा पनि परिवर्तन आएको छ।

### ८.२ नोकरी

परम्परागत गाउने, बजाउने पेशाले हालको जटिल समाजमा जिउन गाह्रो भएकोले यो पेशा छोडी अन्य जस्तै निजामति, सैनिक, प्रहरी, नगरपालिका, एयरपोर्ट, अस्पताल तथा निजी संघसंस्थामा काम गरी बढी मात्रामा नोकरीमा लागेका छन्।

### ८.३ व्यापार

यस गन्धर्व समाजका मानिसहरूले ठुलो व्यापार नगरे तापनि सानो तिनो डोके व्यापार भएपनि गरेका छन्। जागिरे महिलाहरू पनि बिदाको दिनमा डोके व्यापार गर्ने गरेको पाइन्छ। यस गन्धर्व समाजका महिलाहरू घुम्ती बजारबाट सस्तोमा फलफूल किनी बजार वा घर घरमा लगी बेचेर दिनमा रु ३००/- देखि रु. ५००/- सम्म नाफा कमाउँदछन्। यसरी गन्धर्व समाजमा परम्परागत पेशा छोडी व्यापारतर्फ पनि ढल्किएको पाइन्छ।

### ८.४ ज्यालादारी

गन्धर्व समाजका कुनै सीप र लेखपढ गर्न नजानेका गन्धर्व महिला पुरुषहरू घरको निर्माण कार्य मेलापात लगायत बसपार्क वरपर मालसामान ओसार पसार गरी ज्यालादारीको काम पनि गर्ने गर्दछन् । यसरी आफ्नो जीवनयापन गर्नको लागि जुनसुकै काम गर्न पनि यिनीहरू पछि पर्दैनन् । चोरेर खान हुदैन गरी खानु पर्छ भन्ने भावना यिनीहरूमा रहेको पाइयो ।

## ८.५ सूचना प्रविधिको विकास

विगतमा गन्धर्व जातिहरुले कुनै पनि शहर वा गाउँहरुमा कुनै प्रकारको घट्ना भयो भने त्यसलाई गन्धर्व जातिहरुले आफ्नो गीतको लयमा गीत गाएर प्रचार प्रसार गर्दथे । आज भोली पत्र पत्रिका, टि.भी., इन्टरनेट आदिबाट आउने सूचना प्रविधि त्यसबेला उनीहरुले गीत गाएर प्रचार प्रसार गर्दथे । सूचना र प्रविधिको विकास भई २०४७ साल देखि यता नेपालमा सूचना र प्रविधिमा धेरै परिवर्तन भएको पाईन्छ। जसले गर्दा परम्परागत पेशाहरुलाई समेत असर परेको छ । त्यसमा पनि गन्धर्व जातिको परम्परागत गायन पेशामा बढि मात्रामा असर पुगेको  पाईन्छ । बजारमा आएका सि.डी., क्यासेट र एफ.एमले विभिन्न किसिमका गीतहरु रेकर्ड गराई बजाई दिनाले गन्धर्व जातिका गीतहरु नसुन्ने भएका छन् । त्यसैले लोक संस्कृतिमा लोप हुँदै गएको छ ।

साथै सूचना र प्रविधिको विकासले पेशामा विविधिकरण गर्ने र पेशा छनौटको अधिकार प्रति गन्धर्वलाई सचेत पारेको छ। अहिले आएर संञ्चारको माध्यममा सवै भन्दा विकास मोवाईलमा आएको छ। ३० घर धुरी मध्ये टि.भि., क्यासेट प्लेयर, कम्प्युटर प्रयोग गर्नेको सङ्ख्या तालिका नं. ६.४ मा विश्लेषण गरिएको छ।

**तालिका नं. ६.४**
**गन्धर्वजातिको सूचना प्रविधि**

| क.सं. | विवरण | सङ्ख्या | भएको | प्रतिशत | नभएको | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | टि.भि. | ३० | २८ | ९३.३३ | २ | ६.६७ |
| २ | क्यासेट प्लेयर | ३० | २ | ६.६७ | २८ | ९३.३३ |
| ३ | कम्प्युटर | ३० | ३ | १०.०० | २७ | ९०.०० |
| ४ | मोवाईल | १६५ | १०५ | ६३.६३ | ६० | ३६.३७ |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.४ अनुसार टि.भि. प्रयोग गर्नेको सङ्ख्या ९३.३३ प्रतिशत, क्यासेट ल्पेयर ६.६७ प्रतिशत, कम्प्युटर १०.०० प्रतिशतले प्रयोग गरेको पाईयो भने मोवाईलको हकमा १६५ जना मध्ये ६३.६३ प्रतिशतले प्रयोग गरेको पाईन्छ। त्यस्तै टि.भी. नभएको ६.६७ प्रतिशत, क्यासेट प्लेयर ९३.३३ प्रतिशत, कम्प्युटर ९०.०० प्रतिशत र मोवाईल प्रयोग नगर्नेको सङ्ख्यामा ३६.३७ प्रतिशत रहेको पाईन्छ।

### ८.६ आर्थिक उत्थानका प्रयासमा भएका परिवर्तनहरू

पहिले नभएका आर्थिक उत्थानका प्रयासहरू हालका बर्षहरूमा विभिन्न संघसंस्था मार्फत हुन थालेका छन्। जस्तो यस क्षेत्रमा विभिन्न संघ संस्थाले खानेपानी, शौचालय निर्माण, शिशु स्याहार केन्द्र, विद्यालयमा आर्थिक सहयोग गरी यहाँका समुदायका मानिसहरूको समग्र दैनिक जीवनमा ठुलो सहयोग पुगेको पाइन्छ। यहाँका जागिरे महिलाहरू बच्चालाई शिशु स्याहार केन्द्र राखी जागिर खाने अवसर पनि पाएका छन् भने शिशु स्याहार केन्द्रको स्थापनाले यस गन्धर्व समुदायकी एक जना महिलाले त जागिरे पनि पाएकी छिन्।

यसरी गन्धर्व जातिको सामाजिक आर्थिक अवस्थालाई समग्र रूपमा हेर्दा धेरै कार्यमा तुलनात्मक रूपमा परिवर्तन आएको पाउन सकिन्छ।

## ९. गन्धर्व जातिको आर्थिक अवस्था

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने गन्धर्व जातिको आर्थिक पक्षलाई हेर्दा यस जातिका अधिकांश मानिसहरू परम्परागत पेशा छाडी नोकरी, मजदुरी तथा अन्य पेशामा लागेको देखिन्छ। पहिला पहिला गन्धर्वहरू सारङ्गी बजाउँदै गीत गाई मागेर आफ्नो जीवनयापन गर्दथे भने, अहिले आएर यो पेशा धेरैले छोड्दै गएको उत्तरदाताहरू बताउँछन्। गन्धर्व जातिको परम्परागत पेशा अन्तर्गत गाउने बजाउने, माछा मारेर बेच्ने, मेलापात र गीत गाएर दिएको सिजन अनुसारको अन्नबाट आफ्नो गुजारा चलाउँदथे। तर आजभोली नोकरी, व्यापार, ज्यालादारी आदि नै यिनीहरूको प्रमुख आम्दानीको स्रोत रहेको पाईयो।

### ९.१. गन्धर्व जातिको पेशा

मानिस जब पृथ्वीमा जन्म लिन पुग्दछ त्यसै बेलादेखि मान्छेलाई नभई नहुने अनिवार्य आवश्यकता गास, बास र कपासको खाँचो पर्दछ। यी खाँचो पुरा गर्नका निमित्त पनि मानिसले केही न केही पेशा अंगालेका हुन्छन्। यी गन्धर्व जातिको परम्परागत रूपमा आफ्नो छुट्टै पेशा छ, त्यो हो गाउने र सारङ्गी बजाउने र त्यसबाट प्राप्त अन्न पैसाबाट आफ्ना गुजारा चलाउने, तर हाल आएर यो गाउने बजाउने गरेर माग्ने पेशालाई गन्धर्व समाजका युवा पुस्ताले इज्जतदार पेशाका रूपमा नहेरेको पाइयो। पहिला पहिला माछा मार्ने र बेच्ने पनि गर्दथे तर अहिले त्यो माछा मार्ने काम पनि आफ्नै घरायसी प्रयोजनको लागि मात्र गरिन्छ। पहिला यो माछा मार्ने कामलाई व्यावसायिक रूपमा लिइन्थ्यो।

**तालिका नं. ६.५**

**पेशाको आधारमा गन्धर्व जातिको वर्गीकरण**

| क.सं. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५ | ७.३५ |
| २. | व्यापार | ६ | ८.८२ |
| ३. | नोकरी | ४३ | ६३.२५ |
| ४. | वैदेशिक रोजगार | ८ | ११.७६ |
| ५. | परम्परागत पेशा | ६ | ८.८२ |
| | **जम्मा** | **६८** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.५ अनुसार अध्ययन गरिएको ३० घर परिवारका मानिसहरूलाई १६५ जना मध्ये ६८ जना मात्रले रोजगार पाएको देखिन्छ। कृषिमा ७.३५ प्रतिशत, व्यापारमा ८.८२. प्रतिशत, नोकरीमा ६३.२५ प्रतिशत, बैदेशिक रोजगारमा ११.७६ प्रतिशत र परम्परागत पेशामा ८.८२ प्रतिशत रहेको पाईन्छ भने त्यस्तै ९७ जना आश्रीत जनसङ्ख्या रहेको छ।

## ९.२ शिक्षा क्षेत्रमा आएको परिवर्तन

शिक्षा क्षेत्रले हरेक समुदायको जीवनस्तर सुधार गर्न समृद्धिका लागि निर्णायक भुमिका खेलेको हुन्छ । नेपाली समाजमा राणाकालसम्म कुनै जनसाधारणतर्फ शिक्षाको अवसर थिएन । उत्पीडित जातिहरु दमै, कामी, पोडे, सार्कि र गन्धर्व लगायतका उत्पीडित दलित जातिहरुलाई वि.सं. २००७ सालको परिवर्तन पछि मात्र पढ्न पाउने ढोका खोलेको हो । वि.सं. २००७ सालको प्रत्रातान्त्रिक पछाडी पनि गन्धर्व समुदाय लगायतका यी पिछडिएका समुदायहरुको निशुल्क शिक्षा नहुनु र पर्याप्त विद्यालयहरु खोली नसकिएको कारणबाट शिक्षा हाँसिल गर्न सकेनन् । जसले गर्दा उनीहरु पछाडी रहे उनीहरुको जनजीवनमा कुनै परिवर्तन आउन सकेको पाईएन ।

आज देश लोकतन्त्रमा अगाडि बढेको र शिक्षा क्षेत्रमा व्यापक मात्रामा सुधार भएकोले सरकारले गरिवी, निमुखा, अपांग पिछडिएका जातिहरुलाई निशुल्कमा पढाउने गरेको छ । उच्च प्राविधिक शिक्षालाई आरक्षण कोटाहरु पनि राखिएको छ । शिक्षामा बाटुलेचौर पोखरा उप-महानगरपालिका भित्र पर्ने बस्ती हुनाले शिक्षा क्षेत्रमा अगाडी बढेको छ । बाटुलेचौरमा ८० जना विद्यार्थी अध्ययन गर्न जान्छन । ती मध्ये ३२ जना निजी र (बोर्डिङ्ग) स्कुलमा पढ्छन । ४ जनाले स्नातक सम्म अध्ययन गरिरहेका छन । ५ जनाले +२ कलेजमा पढ्छन् । यी मध्ये १ जना गण्डकी आवासीय उच्च मा.वि. लामाचौरमा र एक विदेशी सहयोगमा अन्य निजी विद्यालयमा बढ्दै गरेका छन् । कुल अशिक्षित सङ्ख्या ७० प्रतिशत रहेको छ भने शिक्षित सङ्ख्या ३० प्रतिशत रहेको छ ।

पहिला पहिला हरेक गाउँ गाउँमा विद्यालयहरू थिएनन् । शिक्षा सम्बन्धी चेतनाको कमी थियो जसले गर्दा गन्धर्व समाजमा शिक्षाको स्तर ज्यादै कमजोर थियो । तर हाल आएर शिक्षाको विकासले गर्दा यस समाजमा पनि प्रभाव परेको छ ।

**तालिका नं. ६.६ शैक्षिक स्थितिको आधारमा गन्धर्व जातिको वर्गीकरण**


| क्र.सं. | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | ५५ | ३३.३३ |
| २. | सामान्य साक्षर मात्र | २६ | १५.७६ |
| ३. | प्रा.वि. ⁄ नि.मा.वि. | ४० | २४.२४ |
| ४. | मा.वि. | २० | १२.१२ |
| ५. | बोर्डिङ्ग | १६ | ९.७० |
| ६ | उच्च शिक्षा | ८ | ४.८५ |
| | **जम्मा** | **१६५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.६ अनुसार अध्ययन गरिएका ३० घर परिवारमा निरक्षर सङ्ख्या ५५ जना, अर्थात ३३.३३ प्रतिशत, सामान्य साक्षर मात्र २६ जना, अर्थात १५.७६ प्रतिशत, प्रा.वि. तथा नि.मा.वि. मा ४० जना, अर्थात २४.२४ प्रतिशत, मा.वि. मा २० जना, अर्थात १२.१२ प्रतिशत बोर्डिङ्ग तर्फ १६ जना, अर्थात ९.७० प्रतिशत र उच्च शिक्षातर्फ जम्मा ८ जना, सवैभन्दा कम अर्थात ४.८५ प्रतिशत रहेको पाइयो ।

यस अध्ययन क्षेत्रमा शैक्षिक दृष्टिकोणलाई हेर्दा प्रायःजसो घरका बालबच्चालाई विद्यालयमा पढ्न पठाएको पाइयो । बोर्डिङ्ग स्कुलमा पढ्ने विद्यार्थीहरु मध्ये १२ जना विदेशी दाताहरुको सहयोगमा पढाएको र ४ जना स्कलरसिप बाट पढेको उत्तरदाताहरु बताएका छन् । आफुहरूले राम्रोसँग पढ्ने अवसर नपाएको कारणले गर्दा आफूहरूले दुःख काटेर भए पनि छोराछोरीहरूलाई राम्रो शिक्षा, दिक्षा दिने चाहाना रहेको पाइयो । त्यति हुँदाहुँदै पनि कतिपय किशोर किशोरीहरू बिचमा नै पढाई छाडेर बसेको पनि पाईयो । प्रस्तुत तालिकालाई निम्न रेखा चित्र द्धारा देखाइएको छ ।

रेखा चित्र नं. ६.१




स्रोत : स्थलगत सर्भेक्षण २०७०

## ९.३ पेशागत अवस्था :

अध्ययन क्षेत्रका गन्धर्वहरू हिजो आज सरकारी या अन्य क्षेत्रमा गरिने नोकरीलाई नै इज्जतदार पेशा मान्ने गरेको पाइन्छ। त्यसैले गर्दा यी गन्धर्वहरू परम्परागत गाउने बजाउने पेशा छोडी नोकरी, कृषि व्यापार, नोकरी, वैदेशिक रोजगार र पहिलाको तुलनामा अहिले आएर थोरै मात्रामा परम्परागत पेशामा लागेको पनि पाइयो ।

## ९.४ खानपान र वसोबासमा आएको परिवर्तन :

खानपानमा कोदो, मकै, रोटी, ढिडो, मकैका भात, चिउरा खाने गर्दथे भने आजभोली पाउरोटी, तयारी चाउचाउ, मम, चाउमिन, दाल, भात खाने गर्दछन्। आजभोलि आम्दानीका श्रोतहरु धेरै भएकाले खर्च गर्ने बानी पनि बढी भएको कुरा उनीहरु बताउँदछन्। आम्दानीमा वृद्धि हुने वित्तिकै स्वत: खानपान र रहन सहनमा पनि परिवर्तन आएको छ। हिजो हाम्रा बाबु बाजेलाई खर र स्याउलाको झुप्रोमा बसेर पनि भएकै थियो भने आज हामीलाई पक्कि घर, आर सी.सी. घर भित्र सवै सुबिधायुक्त भएको घर चाहिएको

छ। यो एउटा आधुनिकीकरणले पारेको प्रभवाले गर्दा मान्न सकिन्छ। पहिलेको जस्तै बाध्यताबश ढिडो, आँटो खान नपर्ने भएकोले परम्परागत खानपानबाट स्पान्तरण हुँदै आधुनिक दाल भात तरकारी, रोटी, अचार तथा चट्नी खाने गरेका छन्।

## ९.५ खाना पकाउने इन्धनमा आएको परिवर्तन

यस अध्यनका सवै उत्तरदाताले खाना पकाउने इन्धनकमा रुपमा दाउरा प्रयोग गर्दै आएका थिए। पोखरा बाटुलेचौरमा आधुनिक खालको घर निर्माण गरी बसोबास गर्न थालेपछि र विभिन्न पेशाबाट पैसा कमाएपछि शहर बजारमा उपलब्ध ग्यासबाट खाना पकाउने ४६.६७ प्रतिशत छन्। यसरी परिवर्तन हुनुमा भाडा कालो नहुनु, स्वास्थको हिसावले पनि राम्रो, वर्षेनी घर कालो भयो भनी लिपपोत तथा रंगरोगन गर्न नपर्ने कुरा सम्वन्धित उत्तरदाताबाट जानकारी प्राप्त भएको छ। यसरी नै ग्यासको साथै विजुलीमा खाना पकाउने ३३.३३ प्रतिशत छन्। भाडामा खरानी लगाउन नपर्ने, खाना तातो र नरम हुने भएकोले नै त्यसो गर्न थालिएको कुरा स्थलगत अध्यनबाट जानकारी हुन आएको छ। उक्त समुहका कम आय भएका व्यक्तिहरुले स्टोभको प्रयोग गर्ने गरेका छन् जसमा ३.३३ प्रतिशत पर्दछन्। यसैगरी श्रमिक तथा मजदुर पेशा गरी जीवन निर्वाह गर्ने उत्तरदाता ६.६७ प्रतिशत उत्तरदाताले दाउराबाट र १० प्रतिशतले भुसे चुल्हामा नै खाना पकाउने गरेका छन्। समग्रमा हेर्दा दाउराबाट खाना पकाउने पहिलेबाट परिवर्तन भई उक्त समुहका व्यक्तिहरुले आधुनिकीकरण र शहरीकरणका प्रभावले ग्यास तथा विजुली नै बदी प्रयोथ गर्दै आएका छन् जसलाई निम्न तालिकाद्धारा देखाइएको छ।

**तालिका नं. ६.७ गन्धर्व जातिहरुले खाना पकाउदा प्रयोग गर्ने इन्धन**

| स्रोत | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| दाउरा | २८ | ९३.३३ | २ | ६.६७ |
| स्टोभ | - | - | १ | ३.३३ |
| ग्यास | - | - | १४ | ४६.६७ |
| विजुली | - | - | १० | ३३.३३ |
| भुसे चुल्हा | २ | ६.६७ | ३ | १० |
| **जम्मा** | **३०** | **१००** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

## ९.६ खानेपानीको स्रोत

यसमा गन्धर्व जातिहरुले प्रयोग गर्ने खानेपानीको स्रोतलाई सार्वजनिक धारा, निजि धारा, कुवा/मुल गरेर तीन भागमा बाडी पहिले र अहिले वीचको अन्तरलाई विश्लेषण गर्दै परिवर्तन देखाईएको छ। यसका अलावा यसलाई निम्न तालिकाद्धारा प्रतुत गरिएको छ।

**तालिका नं. ६.८**

**गन्धर्व जातिहरुले प्रयोग गर्ने खानेपानीको स्रोत**

| स्रोत | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सार्वजनिक धारा | - | - | १२ | ३.३४ |
| निजी धारा | - | - | २५ | ८३.३३ |
| कुवा, खोला, मुल | ३० | १०० | ४ | १३.३३ |
| **जम्मा** | **३०** | **१००** | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

## ९.७ सरकारी नियम योजना प्रतिको धारणा :

आज भोली आएर गन्धर्व जातिहरुको सरकारी नियम योजना प्रतिको बढि झुकाव राखेको पाईन्छ। किनभने पोखराको बाटुलेचौरका गन्धर्वजातिहरु प्रायःजसो नर्सिङ होम, अस्पताल, संघ संस्था सरकारी कर्यालयमा पुरुष/महिलाहरु सानै पदमा भए पनि नोकरी गरेका छन्।

## १० आम्दानीका स्रोतहरू

### १०.१ नोकरी

हाल यस स्थानमा बसोबास गरेका गन्धर्व जातिको प्रमुख आम्दानी नै नोकरी हो भन्दा पनि हुन्छ। अध्ययन गरिएका ३० घर परिवारका १६५ जनामध्ये १७ जनाले सरकारी कार्यालय वा संघ संस्थामा नोकरी गर्दछन्। हुनत कुल ३० घर परिवारको जनसङ्ख्याको हिसाबमा यो जम्मा १०.३० प्रतिशत मात्र हुन आउँदछ तर पुरै घर सङ्ख्याको हिसाबमा घर सञ्चालनको हिसाबमा नोकरीले ठुलो भाग ओगटेको कुरा अध्ययनको क्रममा पाइयो। नोकरी गर्ने क्रममा यहाँका गन्धर्व जातिहरू धेरै नगरपालिका एयरपोर्ट, त्यस्तै मणिपाल कलेज, शिशु

स्याहार केन्द्र, विन्ध्यवासिनी मा.वि. लगायत संघ संस्थामा नोकरी गरेको भेटियो भने नोकरीको स्तर भने प्राय: निम्न स्तरको नै पाईयो ।

### १०.२ परम्परागत पेशा

पेशागत जातिको रूपमा चिनीने यो गन्धर्व जातिको परम्परागत पेशा गाउने, बजाउने, नाच्ने र माग्ने हो । यी गन्धर्व जाति विशेष गरी पोखरा उपत्यकाको पर्यटकीय क्षेत्र, शहरी क्षेत्र नजिकका गाउँघर तथा लेकसाइड एरीया र कहिले काँही शहर बाहिरको गाउँमा पनि सारङ्गी बजाएर गाउने र माग्ने कार्य गर्दछन् । यसरी परम्परागत पेशा अपनाउने सङ्ख्या अध्ययन कार्य गरीएको ३० घरधुरीको १६५ जनामा १५ जना अर्थात् २२.०६ प्रतिशत भेटियो । यी १५ जना मध्ये उनीहरूले गाउनेबजाउने पेशाबाट आफ्नो जिविका चलाउन वा खानलाउन पुग्ने नपुग्नेको विवरण निम्न बमोजिम उल्लेख गरिएको छ ।

**तालिका नं. ६.९**

**परम्परागत पेशा अगाल्ने १५ जना मध्ये खानलाउन पुग्ने नपुग्नेको विवरण**


| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुग्ने | ५ | ३३.३३ |
| २ | नपुग्ने | १० | ६६.६७ |
| **जम्मा** | | **१५** | **१००** |

**श्रोत : स्थलगत सर्वेक्षण २०७०**

तालिका नं. ६.९ अनुसार गाउने बजाउने पेशा अगाल्ने त्यहाँका ३० घरधुरीका १६५ जना मध्ये १५ जना रहेका छन् । ति १५ जना मध्ये गाउनेबजाउने पेशाबाट उनीहरूको खानलाउने पुग्नेको प्रतिशत जम्मा ३३.३३ प्रतिशत रहेको छ भने खानलगाउन नपुग्नेको सङ्ख्या १० जना अर्थात ६६.६७ प्रतिशत रहेको छ । यसरी हेर्दा हामीले के पाउछौ भने परम्परागत गाउने बजाउने पेशा अँगाल्ने मध्ये धेरैलाई खान लगाउन नपुगेको देखिन्छ जसलाई निम्न वृत्तचित्र द्धारा देखाइएको छ ।

**वृत्तचित्र ६.२**

**परम्परागत पेशा अगाल्ने १५ जना मध्ये खानलाउन पुग्ने नपुग्नेको विवरण**




**स्रोत : स्थलगत सर्भेक्षण २०७०**

## १०.३ श्रम तथा ज्यालादारी

पहिला काम नपाउने र खाद्यान्न नपुग्ने, माछा मार्नु पर्ने घर घरमा गएर गित गाउनु पर्ने आज भोली शहरी क्षेत्रमा बढ्दो कामको कारण श्रम र ज्यालादारी काम सहजै पाउने गरेको पाईन्छ । परम्परागत पेशालाई छाडी पुरुष तथा महिलाहरू ज्यालादारी कार्य समेत गर्ने गर्दछन् । गन्धर्व पुरुष तथा महिला खेती कार्य, निर्माण कार्यमा ज्यालादारी गर्ने गर्दछन् । जसबाट पुरुषले ५०० देखि ८०० सम्म र महिलाले २५० देखि ३०० सम्म एक दिनको ज्याला पाउने गरेको कुरा उत्तरदाताहरूले बताए ।

## १०.४ सङ्गित सिकाउने

परम्परागत पेशामा राम्रो ज्ञान भएका यस अध्ययन क्षेत्रका पाका गन्धर्व खीमबहादुर गायक धनबहादुर गायक यिनीहरूले संगित प्रशिक्षण केन्द्र, विन्ध्वासिनी, महेन्द्रपुल, लेकसाईड तथा अन्य बाहिर पनि गएर सारङ्गीवादन सम्बन्धी सिकाउने गर्दछन् । अहिले आएर पोखराको बाटुलेचौरमा एउटा पाठशालामा गन्धर्वजातिका युवा युवतीहरु बाजा बजाउने, नाचगान गर्ने गर्दछन् ।

### १०.५ आम्दानीको अवस्था

आर्थिक विवरण भन्नाले आम्दानी, वचत तथा खर्च भन्ने बुझिन्छ। यसरी हेर्दा बाटुलेचौरका गन्धर्व जातिको आम्दानीलाई सामान्य मान्नु पर्दछ। अध्ययन गरिएका ३० घर परिवारको आम्दानी अवस्थालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ।


**तालिका नं. ६.१० गन्धर्व जातिको मासिक आम्दानीको अवस्था**

| क.स. | मासिक आम्दानी (रु.) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ० - ३००० सम्म | ४ | १३.३३ |
| २. | ३००० - ६००० सम्म | १० | ३३.३३ |
| ३. | ६००० - ९००० सम्म | ५ | १६.६७ |
| ४. | ९०००- १२००० सम्म | ६ | २० |
| ५. | १२००० भन्दा माथि | ५ | १६.६७ |
| **जम्मा** | | **३०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण-२०७०**

तालिका नं. ६.१० अनुसार ३००० सम्म मासिक आम्दानी मात्र रहने घर परिवारको सङ्ख्या ४ अर्थात १३.३३ प्रतिशत रहेको छ। ३००० देखि ६००० सम्म मासिक आम्दानी १० अर्थात ३३.४३ प्रतिशत, ६००० देखि ९००० सम्म ५ अर्थात १६.६६ प्रतिशत, ९००० देखि १२००० ६ अर्थात २० प्रतिशत र १२००० भन्दा माथी ५ अर्थात १६.६६ प्रतिशत रहेको छ। यसमा वैदेशिक रोजगारमा जानेहरुको पनि आम्दानीलाई यहाँ जनाइएको छ। जसलाई निम्न रेखा चित्र द्वारा देखाईएको छ।

**रेखा चित्र नं. ६.२ गन्धर्व जातिको मासिक आम्दानीको अवस्था**



स्रोत : स्थलगत सर्भेक्षण २०७०

# अध्याय : सात

## सारांश र उपसंहार

### ७.१ सारांश

गन्धर्वहरू समाजमा पानी नचल्ने छोइछिटो हाल्नुपर्ने दलित समुहमा परेका जाति मध्येको एउटा जाति हो । मुलुकी ऐनको जातिय वर्गीकरण अनुसार गन्धर्वहरू बादी भन्दा माथी र दमाई भन्दा तल मानीएको थियो । यी गन्धर्वहरूको बोलीचाली र सामाजिक संस्कारका दृष्टिले र हिन्दु धर्मावलम्बी भएको कारणले समाजका उच्च जातमा गनिने ब्राम्हण, क्षेत्रीसँग समानता छ ।

नेपालमा विभिन्न किमिसका जात जाति तथा जनजातिहरू बसोबास गर्दै आएका छन् । यिनीहरू सबैको आ-आफ्नै भाषा, संस्कृति, रहनसहन र भेषभुषा रहेको पाइन्छ । त्यसैगरी यिनीहरूको छुट्टै सामाजिक संस्कृतिक विशेषताहरू रहेका छन् । नेपालका गन्धर्वहरूको जनसङ्ख्या मध्ये सबै भन्दा बढी जनसङ्ख्या पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ । पश्चिमका जिल्लाहरू विशेष गरी स्याङ्गजा, लमजुङ्ग, तनहुँ, कास्की, पाल्पा, बाग्लुङ्ग र दाङ जिल्लाहरूमा गन्धर्व जातिको बसोबास रहँदै आएको पाइन्छ । नेपालका पेशागत जनजातिहरू जस्तैः दमाई, कामी, सार्की, सुनार जस्तै गन्धर्व पनि अछुत जाति अन्तर्गत पर्दछ । गन्धर्वलाई गायक तथा गाईने पनि भन्ने गर्दछन् । उनीहरूको पुर्ख्यौली पेशा सारङ्गी बजाई गीत गाएर दुनियाँलाई मनोरञ्जन प्रदान गरी मागेर जीविकोपार्जन गर्नु मुख्य पेशा हो ।

यस अध्ययनको मुख्य उद्देश्य गन्धर्व जातिको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको चित्रण गर्नु र गन्धर्व जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक अवस्थामा देखिएका परिवर्तनको बारेमा अध्ययन गर्नु रहेको थियो ।

गन्धर्व जातिको सामाजिक जीवन शैलीमा आधुनिकीकरणले पारेको प्रभाव अध्ययनको लागि गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उप-महानगरपालिका वडा नं. १६ बाटुलेचौर स्थित

बसोबास गर्ने खासगरी तिनवटा टोलहरू जस्तै गायक टोल, सिमलखोरिया र कालीखोला आसपासमा बसोबास गर्दै आएका गन्धर्व जाति माथि केन्द्रित रहेको थियो। एक समाजशास्त्रीय अध्ययन हुनाले प्राथमिक तथा द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई मात्रात्मक भन्दा गुणात्मक विश्लेषणमा वढी जोड दिइएको छ।

यस बाटुलेचौरमा ६२ घर गन्धर्वहरू भएकोमा अध्ययनको लागि चिट्टा पद्धतिको आधारमा ३० घरपरिवारलाई मात्र अध्ययनको क्रममा लिइएको थियो। प्रस्तुत अध्ययनको तथ्याङ्क संकलनमा अवलोकन, घरधुरीको सर्वेक्षण तथा समाजमा भएका जान्ने बुझ्ने व्यक्तिहरूसँगको अन्तरवार्ता प्रमुख विधिकारुपमा रहेका थिए।

गन्धर्व जातिहरू हिन्दु धर्मालम्बी भएतापनि अध्ययन गरिएका ३० घरका सबै घरपरिवारले हिन्दु धर्म मान्दै आएको पाइयो। यस क्षेत्रका गन्धर्वहरूले परम्परागत रूपमा गरिने संस्कारहरूमा आफ्नो भान्जा वा ज्वाईलाई पुरोहित राखेका हुन्छन्। गन्धर्व समाजमा बच्चा जन्मेको ६ दिनमा छैंटी गरी त्यसैदिन जन्म कुण्डली बनाई नामाकरण गर्ने गरेको पाइयो भने ९ दिनको दिनमा न्वारान गरी सबै आफ्नो नातेदार, इष्टमित्रलाई बोलाई भोज खुवाएर शुद्धिकरण गर्ने गरेको पाईयो। यिनीहरू सुतक पनि ९ दिनसम्म बार्दछन्। यस समाजमा छोरा जन्मेको ६ महिनामा र छोरी जन्मेको ५ महिनामा भात खुवाउने चलन भएतापनि आजभोलि न्वारानको दिनमानै जुठो लगाउने गरेको पाइयो। गन्धर्वहरूको छोरा जन्मेको ७, ९ र ११ या बिजोडा बर्षमा ब्रतबन्ध गर्ने गर्दछन्। गन्धर्व जातिको बिवाहमा भन्दा वढी खर्च ब्रतबन्धमा लाग्ने गर्दछ।

गन्धर्वहरूको जातमा दुई प्रकारको बिवाह प्रचलनमा रहेको भए तापनि पहिलाका पिढिमा मागी बिवाह भएको र आजका नयाँ पिढीमा बढी प्रेम बिवाह भएको पाइयो। मागी बिवाहमा बाबुआमा या नातागोताले केटा खोजी दिने र प्रेम बिवाहमा आफुले इच्छाएको व्यक्तिसँग राजी खुशी भई केटाकेटी स्वमंले बिवाह गरेको पाइयो। यहाँ धेरैजसो गन्धर्व पुरुषले आफ्नै जातमा र कसैकसैले दमै, कामी आदि जातका महिलाहरूसँग बिवाह गरेको पाइयो भने एकजना केटीले क्षेत्री जातसँग बिवाह गरेको पाइयो।

गन्धर्व जातिले अन्तेष्टी संस्कार गर्दा खोलामा गाड्ने गर्दछन् । मान्छेको मृत्यु पश्चात सवै दाजुभाइ मिली तोकिएको स्थानमा लगी गाड्ने गर्दछन् । त्यसपछि उनीहरूको क्रिया कर्म शुरु हुन्छ । गन्धर्वहरू ११ दिनसम्म क्रिया बस्दछन् । क्रिया बस्दा ११ दिनसम्म एक छाक मात्र खाना खाने र यताउति कसैसँग पनि छोइन हुँदैन । ११ दिनमा सवै इष्टमित्रलाई बोलाई भोज भतेर गर्दछन् । अरु हिन्दुले जस्तो यिनीहरूले सेतो कपडा लगाउने र मासिका गर्ने गर्दैनन् । मान्छे मरेको बार्षिक तिथिमा श्राद्ध गरेपछि अरु बेला श्राद्ध गर्न नपर्ने गरी मुक्त  हुन्छन् ।

गन्धर्वहरू हिन्दु धर्मावलम्बी भएकाले हिन्दुहरूले मनाउने चाडपर्वहरू मनाउँदछन् । त्यसमध्ये नागपञ्चमीलाई धुमधामसँग मनाउँदछन् । नागको पुजा गरेमा प्राकृतिक विपत्तीबाट मुक्ति पाइन्छ भन्ने विश्वास यिनीहरूमा रहेको छ । यिनीहरू प्रत्येक बर्षको जेष्ठ महिनामा कुल (परिवारका इष्ट) देवताको पुजा गर्दछन् । त्यसैगरी कार्तिक र चैत्र महिनाको अष्टमीको राती कालारात्रीको पुजा गर्दछन् । त्यसैगरी दशै, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, तिज, चैते दशै आदि चाडपर्वहरू मनाउँदछन् । गन्धर्व समाजमा प्रत्येक चाडपर्वमा ज्वाई र भाञ्जाको उपस्थिति अनिवार्य हुन्छ ।

अध्ययन गरिएका ३० घरमा जम्मा १६५ जना जनसङ्ख्या मध्ये महिलाको सङ्ख्या ८६ र पुरुषको सङ्ख्या ७९ रहेका छ । जहाँ महिलाभन्दा पुरुषको सङ्ख्या बढी रहेको पाइयो । त्यसैगरी उमेरगत जनसङ्ख्या हेर्दा ०-४ समूहमा ११ जना । ५-१४ बर्ष समुहमा ५४ जना । १५-५९ वर्ष उमेर समुहमा ९५ जना । ६० वर्षभन्दा माथि उमेर समुहमा ५ जना । यो तथ्याङ्क अनुसार सक्रिय जनशक्ति ९५ जना रहेको पाइयो ।

त्यसैगरी यहाँको शैक्षिक अवस्थालाई हेर्दा त्यति सन्तोषजनक रहेको पाइदैन । यस अध्ययन क्षेत्रमा रहेका गन्धर्व परिवारका सदस्यहरूमा ३३.३३ प्रतिशत निरक्षर रहेका पाइयो भने माध्यमिक शिक्षासम्म पढेका २० अर्थात् १२.१२ प्रतिशत र उच्च शिक्षा पढेका जम्मा ८ जना अर्थात ४.८५ प्रतिशत पाइयो भने नि.मा.वि. र प्रा.वि. पढ्नेको सङ्ख्या ४० अर्थात २१४.२४ प्रतिशत पाइयो त्यसैगरी सामान्य साक्षर २६ जना अर्थात १५.७६ प्रतिशत भेटियो भने ०-५ बर्ष सम्मको उमेर समुहलाई साक्षरतामा राखिएको छैन ।

त्यसैगरी अध्ययन गरिएका गन्धर्व जातिको पेशागत अवस्थालाई हेर्दा कृषिमा ५ जना, व्यापार गर्ने ६ जना, नोकरी गर्ने ४३ जना, वैदेशिक रोजगारीमा ८ जना, परम्परागत व्यवसाय अपनाउने ६ जनागरी कुल ६८ जनाले रोजगारमा लागेको पाईन्छ। ज्यामी या ज्याला मजदुरी गर्ने २५ जना र आश्रित ९७ जना रहेका पाइयो। व्यापार गर्नेको अवस्थालाई हेर्दा महिलाहरूले डोकोमा सामान लिएर बेची हिडेको पाइयो । त्यसैगरी गन्धर्व समाजमा आम्दानीको श्रोतहरूमा नोकरी, परम्परागत पेशा (गाउने बजाउने), व्यापार, श्रमिक/ज्याला, कृषि कार्य, संगीत सिकाउने, पशुपालन आदि रहेका छन् ।

मासिक आम्दानीको अवस्थालाई हेर्दा जिन्सी आम्दानी हुने ४ घर, मासिक रु. ०/- देखि ३०००/- सम्म १३.३३ प्रतिशत, ३०००/- देखि ६०००/- ३३.४३ प्रतिशत, ६०००/- देखि ९०००/- १६.६६ प्रतिशत, ९०००/- देखि १२०००/- अर्थात २० प्रतिशत, र १२०००/- भन्दा माथि आम्दानी हुने ५ घर अर्थात १६.६६ प्रतिशत रहेको पाइयो ।

गन्धर्वहरूको परम्परागत पेशा अन्तर्गत गाउने बजाउने माछा मारेर बेच्ने, मेलापात र गीत गाएर दिएको सिजन अनुसारको अन्नबाट पहिले पहिले आफ्नो गुजारा चलाउदँथे भने आजभोली नोकरी, व्यापार, ज्यालादारी आदि नै यिनीहरुको प्रमुख आम्दानीको स्रोत रहेको पाईयो ।

खानेपानीको अवस्थालाई हेर्दा हाल बाटुलेचौरमा एक सार्वजनिक धारा रहेको र त्यहाँ रहेका २३ वटा आर.सी.सी. घरमध्ये १ वटा घरमा मात्र खानेपानीको धारा नरहेको पाइयो भने सिमलखोरियामा एक वटा सार्वजनिक धारा रहेको पाइयो। खोलाखेतमा अधिकांश घरले खोला/मुलको पानी खाने गरेको पाइयो। खाना पकाउने इन्धनको अवस्थालाई हेर्दा सबैभन्दा धेरै परिवारले ग्याँसमा खाना पकाउने गरेको पाइयो भने केही १/२ घरले दाउरामा खाना पकाउने गरेको पाइयो ।

आधुनिकीकरण र शहरीकरणको प्रभावले गर्दा यहाँका गन्धर्वहरू परम्परागत धामी झाक्रीमा त्यति विश्वास राख्दैनन् । बिरामी भएमा अस्पताल जाने गरेको कुरा यस क्षेत्रका गन्धर्वहरू बताउँदछन् ।

गन्धर्वहरूको दैनिक खानामा दालभात, तरकारी हो भने उनीहरूको पोशाकमा पुरुषहरू सर्ट, पाइन्ट, इस्टकोट र महिलाहरू साडी, व्लाउज, लुङ्गी र कुर्था, सुरुवाल लगाउने गर्दछन् भने गरगहनामा पुरुषले घडी, औठी र महिलाले फुली, रिङ्ग, टप, सिक्री, घडी आदि लगाउँदछन् ।

हाल गन्धर्व समाजमा विभिन्न प्रकारका सामाजिक तथा आर्थिक परिवर्तनहरू भइरहेका छन् । गन्धर्वहरूको परम्परागत पेशा सारङ्गी बजाएर माग्ने परम्परा पनि लोप हुँदै गएको छ । हाल गन्धर्वहरू आफ्नो पुर्ख्यौली पेशाले जनजीविका चलाउन नसकिएकाले यो पेशा छोडी अन्य पेशामा संलग्न हुँदै गएका छन् ।

## ७.२ निष्कर्ष :

- अध्ययन क्षेत्रको छनौट गरिएको ३० घरघुरी मध्ये कुल जनसङ्ख्या १६५ मध्ये महिला ८६ र पुरुषको सङ्ख्या ७९ रहेको छ ।
- उमेरको आधारमा १५-५९ वर्ष समुहमा ९५ जना पाइए । यसलाई दक्ष जनशक्ति भनिन्छ । यसबाट दक्ष जनशक्ति समूह ठुलो देखिन्छ ।
- पेशाको आधारमा गन्धर्व जातिको वर्गीकरण गर्दा कुल जनसङ्ख्या १६५ मध्ये रोजगार सङ्ख्यामा ६८ र वेरोजगारीमा ९७ रहेको छ ।
- घर वनावटमा पक्कीघर ७ वटा र टिनको छाना भएको २३ घर भएको पाईयो ।
- आधुनिकिरण तथा शहरीकरणको प्रभावको अलावा दाउरा, मट्टीतेलको सट्टामा ग्याँस सिलिण्डर, प्रयोग गर्दै आइरहेका छन् ।

- पहिला पहिला गन्धर्व जातिहरुमा छोरा, छोरीहरुमा शिक्षाको विकासमा कमी पाईन्थ्यो भने अहिले आएर बोर्डिङ्ग, नि.मा.वि., मा.वि. क्याम्पसमा छोरा, छोरी दुबैलाई समानरुपमा पढाउने गरे देखि उक्त संस्कारलाई गन्धर्व समुहका सदस्यहरुले अवलम्वन गर्दै आएका छन् ।

- परम्परागत शैलीबाट गर्ने बैवाहिक संस्कारबाट परिवर्तन भई बिवाह, न्वारान, छैंटी, जन्मदिन ब्रतबन्ध गर्ने गरेका छन् ।

- शैक्षिक अवस्थालाई हेर्दा सबैभन्दा बढि निरक्षर ३३.३३ सवै भन्दा कम उच्च शिक्षामा ४.८५ रहेको पाइयो ।

- परम्परागत रुपले धामी/झाक्रि/वैद्यबाट उपचार गराउने पद्धतीबाट परिवर्तन भई शहरमा उपलब्ध आधुनिक यन्त्र तथा दक्ष चिकित्सकको सल्लाह अनुसार सरकारी तथा निजि क्षेत्रका अस्पतालमा गई स्वास्थोपचार सुविधा लिने गरेका छन् ।

- गन्धर्वजातिहरुलाई गाईने भनेर भनिन्थ्यो भने अहिले उनीहरुले गायक भनेर नामाकरण गरिएको छ ।

- आधुनिकता तथा शहरीकरणको प्रभावको अलवा शहरमा उपलब्ध ग्याँस, विद्युत तथा मट्टितेललाई दाउराको सट्टामा खाना पकाउने इन्धनको रुपमा प्रयोग गर्दै आएका छन् ।

- लवाई खुवाई शिक्षा आदिमा परिवर्तन आएको छ। जस्तै महिला छोरा मानिसहरुले कछार, कमेज, सुरुवाल लगाउने गर्दथे भने छोरी मानिसहरुले गुन्यु चोलो, लुंङ्गी लगाउछन् ।

- परम्परागत पेशामा अंगाल्दै आएका १५ जना मध्ये खानलाउन पुग्नेको सङ्ख्या ५ अर्थात ३३.३३ प्रतिशत र नपुग्नेको सङ्ख्या १० अर्थात ६६.६७ प्रतिशत रहेको छ ।

- पहिले आटो, ढिडो, कोदो खाने जातिले अहिले विभिन्न ब्राण्डका चामल, दाल, तरकारी, माछामासु खाने गरेका छन् ।

- गन्धर्व जातिहरुले प्राय श्रावण संक्रान्ति, दशै, तिहार, जनैपुर्णिमा चाड मनाउने भएतापनि शहरमा संस्कृतिकरणको प्रभावमा परी महिलाहरु ब्रत बसी तीज मान्ने, कृष्ण जम्माष्टमी, शिवरात्री जस्ता चाडपर्वहरु समेत मान्ने गर्न थालेका छन् ।

- गन्धर्व समुहको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक परिवर्तन गराउने तत्वमा आधुनिकीकरण, शहरीकरणलाई लिन सकिन्छ ।

- आधुनिक पेशामा आकर्षक गर्ने कारणहरुमा आधुनिक पेशामा नयाँ आम्दानीका स्रोतका बदी सम्भावनाहरु हुनु जनचेतना अभिवृद्धि हुनु, नियमित आकर्षक मात्राको आयस्रोत रहेको छ ।

## ७.३. उपसंहार

गन्धर्व जाति हिन्दु धर्मको वर्ण व्यवस्था अनुसार छुदा छोइछिटो हाल्नुपर्ने पानी नचल्ने अछुत जाति हो । गन्धर्व जातिको अन्य जनजातिको जस्तो आफ्नो छुट्टै मातृभाषा छैन । यिनीहरूको दैनिक बोलीचालीको रूपमा राष्ट्र भाषा नेपाली नै प्रयोग गर्दछन् । यस अध्ययन क्षेत्रका गन्धर्व जातिहरू हिन्दु धर्मावलम्बी रहेको पाइयो । यिनीहरूले मनाउने सबै चाडपर्वहरू हिन्दु संस्कारसँग मिल्दछन् भने प्रत्येक बर्षको जेष्ठ महिनामा कुल देवताको पुजा गर्दछन् । प्राकृतिक विपत्तिबाट बच्नको लागि नागपञ्चमी पुजा भव्य रूपमा मनाउँदछन् । गन्धर्व जातिलाई पौराणिक कालसम्म पनि जोडी गन्धर्व ऋषिका सन्तान मानिएको र पौराणिक कालमा पनि यिनीहरू गाउने, बजाउने, नाच्ने पेशासँग सम्बन्धित थिए भन्ने किम्बदन्ति यो समाजमा पाईन्छ । गन्धर्व जातिको नेपालको राजनीतिमा कुनै पनि तहमा पहुँच रहेको पाइदैन । हाल गन्धर्वहरूको सारङ्गी बजाई गीत गाइ माग्ने प्रचलन बिस्तारै कम हुँदै आइरहेको छ भने यिनीहरूको अन्य विभिन्न पेशामा संलग्नता बढेको पाईन्छ ।

गन्धर्व जातिको भु-स्वामित्व हेर्ने हो भने सामान्य दुई तीन कोठाको र त्यसमा पनि ३-४ आनामा बनेको घर बाहेक अन्य खेती योग्य जमिन भेटिदैन । गन्धर्व जातिहरुको धेरै जमिन नभएकाले सारङ्गी बजाएर मागी खाने कि श्रम गरेर खानु वाहेक अन्य बिकल्प यिनीहरू संग नभएकाले यिनीहरू ज्याला मजदुरीका साथै डान्स रेष्टुरेण्टमा युवा युवतीहरुले नाचगान गरेर सरकारी, गैरसरकारी लगायतका क्षेत्रमा समेत काम गरिरहेको पाईन्छ । कतिपय शहर बजारका पसल, घर, चौतारा, गाडीमा सारङ्गी बजाएर दैनीक जिवन बिताई रहेका देखिन्छन् ।

शहरीकरण, आधुनिकीकरण र संस्कृतिकरण जस्ता सामाजिक तथा सांस्कृतिक प्रकृयाको प्रभावले गन्धर्व जातिको परम्परागत मौलिक संस्कृतिमा परिवर्तन आइ लोप हुने अवस्थामा छन् भने केही लोप पनि भइसकेका छन् ।

# सन्दर्भ सूची

केन्द्रीय तथ्याङ्क विभाग "राष्ट्रिय जनगणना २०६८" काठमाडौं ।

गौतम, राजेश र अशोक थापामगर १९९४ "ट्राइवल इथनोग्राफिक अफ नेपाल" भोलुम २ बुकफेग, इण्डिया ।

थापा, धर्मराज २०३० गण्डकीका सुसेली, काठमाडौँः राजकीय प्रज्ञा प्रतिष्ठान ।

दर्नाल, रामशरण २०४५, 'सारङ्गी' मधुपर्क मासिक पत्रिका, काठमाडौँः गोरखापत्र संस्थान ।

फुटुङ्गे, २०५८ "कसले रेट्छ सारङ्गी", नेपाल वर्ष २ अंक १४, फागुन, २०५८ पृष्ट संख्या ९६

बन्धु, चुडामणि कुसुमाकर न्यौपाने, मीना मानन्धर र मान बहादुर साहु, २०६४, गन्धर्व लोकवार्ता तथा लोकजीवन, सम्पादक, तुलसी दिवस र चुडामणि बन्धु, काठमाडौँः नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

पराजुली, विश्वकल्याण (सन् २००६), पोखरा शहरका गन्धर्वहरुको पैसा परिवर्तन, सोसियल ।

शर्मा, चोलाराम २००० "तानसेन नगरका गन्धर्वहरूको सामाजिक, आर्थिक जीवन" समाजशास्त्र विषयको स्नाकोत्तर शोध पत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा, प्रयागराज २०५९ "पर्यटकलाई रिझाएर परिवार पाल्ने गन्धर्वहरू" स्पेसटाइम दैनिक, शर्मा, २०५९ "पर्यटकलाई रिझाएर परिवार पाल्ने गन्धर्वहरू" स्पेशटाइम्स दैनिक, काठमाडौं ।

शर्मा, प्रयागराज १९९७, "काष्ट सोसियल मोविलिटी एण्ड संस्कृटाइजेशन, अस्टडी अफ नेपाल वल्ड लिगल कोड" काठमाडौं कैलाश ।

सुचना विभाग २०३१, मेचीदेखि महाकाली काठमाडौं श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय,

क्षेत्री, सूर्य, २०५९ “गन्धर्व जाति र ऐतिहासिक कर्खा, सुरुमैरानी”, नवपोखरा टाइम्स, पोखरा पृष्ठ संख्या ९

क्षेत्री, ज्ञानु, २०४२, “बाटुलेचौर पोखराका गन्धर्व जातिको सामाजिक र आर्थिक अध्ययन” एक समाजशास्त्रीय अध्ययन, त्रि.वि., कीर्तिपुर ।

Macdonald, A. W, 1993, “ The Gaine of Nepal”, In Essays on the Ethnology of Nepal and South Asia. Kathmandu: Publication

Bista, Dor B. 1967. *The People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

# पोखरा उप-महानगरपालिका वडा नं. १६ बाटुलेचौरका
# गन्धर्व जातिको घरधुरी सर्वेक्षण प्रश्नावली

उत्तरदाताको नाम :..............

ठेगाना : .................

उमेर :..................

पेशा : .................

लिङ्ग : ................

शिक्षा : ..............

बिवाहित/अबिवाहित

१) तपाई कुन थर बढी प्रयोग गर्नु हुन्छ ?

(क) गाईने (ख) गन्धर्व

२) तपाईको निम्न उमेर अनुसार घर परिवारमा पुरुष तथा महिला कति जना सदस्य हुनुहुन्छ ।

| उमेर | पुरुष | महिला |
|---|---|---|
| ०-४ | | |
| ५-१४ | | |
| १५-५९ | | |
| ६० भन्दा माथी | | |

३) तपाईको परिवार कस्तो किसिमको छ ?

एकात्मक ( ) संयुक्त ( ) वृहत ( )

४) तपाईको परिवारमा परिवार सदस्य के कती जना हुनुहुन्छ ?

१-४ ( ) ५-८ ( ) ९ भन्दा माथी ( )

५) तपाईको घरको बनावट कस्तो किसिमको छ ?

पक्की घर आर.सि.सि. ( ) टिनको छाना ( )

खरको छाना ( )

६)　आम्दानीको श्रोतमा परम्परागत पेशा बाहेक अन्य पेशामा आएको बाहिरी हस्तक्षेप के के हुन् ?

कृषि मजदुर ( ) व्यापार ( ) परम्परागत पेशा (सारङ्गी बजाएर गीत गाउने, माछा मार्ने) ( ) रोजगारी स्वदेश ( ) वैदेशिक रोजगारी ( )

७) तपाईसंग घरमा उल्लेखित सुचना प्रविधिको साम्रागी छ कि छैन ?

क) टि. भि. छ ( ) छैन ( )

ख) क्यासेट प्लेयरछ छ ( ) छैन ( )

ग) कम्प्युटरछ छ ( ) छैन ( )

घ) मोवाईल छ ( ) छैन ( )

८) परिवारमा आम्दानीको स्रोतहरु के के हुन् ?

कृषि ( ) व्यापार ( ) नोकरी ( ) वैदेशिक रोजगार ( )

नोकरी ( ) परम्परागत पेशा ( )

९) तपाईको शैक्षिक योग्यता कति रहेको छ ?

निरक्षर ( ) सामान्य साक्षर मात्र ( ) प्रा.वि/नि.मा.वि ( )

मा.वि ( ) बोडिङ्ग ( ) उच्च शिक्षा ( )

१०) तपाईलाई परम्परागत पेशाले खानलाउन पुग्छ की पुग्दैन ?

पुग्ने ( ) नपुग्ने ( )

११) तपाईको परिवारमा मासिक आम्दानी रकम कति सम्म हुने गर्छ ?

| मसिक आम्दानी | घरसंख्या |
|---|---|
| ०-३००० सम्म | |
| ३०००-६००० | |
| ६०००-९००० | |
| ९०००-१२,००० | |
| भन्दा माथी | |

१२)	बिरामी परेमा कहाँ उपचार गराउनु हुन्छ ?

| पहिले | अहिले |
|---|---|
| क) धामी, झाकी, | क) धामी, झाकी, |
| ख) वैद्य | ख) वैद्य |
| ग) सरकारी अस्पताल | ग) सरकारी अस्पताल |
| घ) निजी अस्पताल | घ) निजी अस्पताल |
| ङ) अन्य | ङ) अन्य |

१३)	खानेपानी कहाँको प्रयोग गर्नुहुन्छ ?

| पहिले | अहिले |
|---|---|
| क) कुवा/खोला/मुल | क) कुवा/खोला/मुल |
| ख) सार्वजनिक धारा | ख) सार्वजनिक धारा |
| ग) निजी धारा | ग) निजी धारा |
| घ) अन्य | घ) अन्य |

१४)	खाना के मा पकाउनु हुन्छ ?

| पहिले | अहिले |
|---|---|
| क) दाउरा/गुईठा | क) दाउरा/गुईठा |
| ख) स्टोभ | ख) स्टोभ |
| ग) भुसे चुल्हो | ग) भुसे चुल्हो |
| घ) ग्याँस | घ) ग्याँस |

१५)	तपाईको घरको स्वरुप पहिले र अहिलेमा के फरक छ ?

| पहिले | अहिले |
|---|---|
| क) ढुंगा, माटो जडान, खरको छाना | क) ढुंगा, माटो जडान, खरको छाना |
| ख) ढुंगा, माटो जडान, ढुंगाको छाना | ख) ढुंगा, माटो जडान, ढुंगाको छाना |
| ग) ढुंगा, माटो जडान, टिनको छाना | ग) ढुंगा, माटो जडान, टिनको छाना |
| घ) आर सि.सी. पक्कीघर | घ) आर सि.सी. पक्कीघर |

१६) तपाईले के पेशा गर्नु भएको छ ?

कृषि ( ) व्यापार ( ) सेवा/नोकरी ( )

वैदेशिक रोजगार ( ) घरेलु ( )

१७) तपाईको परिवारमा महिलाले के के कार्य गर्नुहुन्छ ?

क) नोकरी ख) व्यापार ग) कृषि घ) घरेलु कार्य ङ) अन्य

१८) आम्दानीको स्रोतहरु पहिला के थिए र हाल के-के हुन थालेका हुन ?

| **पहिले** | **अहिले** |
|---|---|
| क) गीत/सारङ्गी बजाएर | क) गीत/सारङ्गी बजाएर |
| ख) नाचेर, गायर | ख) नाचेर, गायर |
| ग) नोकरी | ग) नोकरी |
| घ) व्यापार | घ) व्यापार |
| ङ) वैदेशिक रोजगार | ङ) वैदेशिक रोजगार |

१९) रोजगारीका स्रोतहरु के के हुन ?

सारङ्गी बजाएर ( ) नोकरी ( ) वैदेशिक रोजगार ( )

अन्य ( )

२०) तपाईहरुले कस्तो पोशाक लगाउनुहुन्छ ?

| पुरुष | महिला |
|---|---|
| .................... | .................... |
| .................... | .................... |
| ................... | ................... |

२१) खाना कस्तो खाने गर्नु भएको छ ?

| पहिले | अहिले |
|---|---|
| .................... | .................... |
| .................... | .................... |
| ................... | ................... |

२२)  गहनामा बिषेष गरी के लगाउने गर्नु भएको छ ?

| पहिले | अहिले |
|---|---|
| ………………… | ………………… |
| ………………… | ………………… |
| ………………… | ………………… |

२३)  तपाईको छोरा छोरीलाई कस्तो स्कूलमा पदाउँदै हुनुहुन्छ ?

सरकारी ( )  निजी ( )  सामुदायिक ( )

२४)  तपाईको समुदाय भित्र कस्तो बिवाह गर्ने चलन छ ?

प्रेम बिवाह ( )  मागी बिवाह ( )  अन्य ( )

२५)  तपाईले कस्तो बिवाह गर्नु भयो ?

मागी बिवाह ( )  प्रेम बिवाह ( )  अन्य ( )

२६)  तपाईको समुदायमा अन्तरजातीय बिवाह गरेको छ/छैन ?

छ ( )  छैन ( )

२७)  बिवाह गर्दा पहिले र अहिलेमा के फरक पाउनु भएको छ ?

| पहिले | अहिले |
|---|---|
| ………………… | ………………… |
| ………………… | ………………… |
| ………………… | ………………… |

२८)  तपाईको घरमा नयाँ बच्चा जन्मदा के के गर्नुहुन्छ ?

| पहिले | अहिले |
|---|---|
| ………………… | ………………… |
| ………………… | ………………… |
| ………………… | ………………… |

२९)  चाडपर्वहरु के के मान्नु हुन्छ ?

| परम्परागत चाडपर्वहरु | अन्य चाडपर्वहरु |
|---|---|
| क) | क) |
| ख) | ख) |

| ग) | ग) |
|---|---|

३०) कुन धर्म मान्दै आउनु भएको छ ?

| पहिले | अहिले |
|---|---|
| .................... | .................... |
| .................... | .................... |
| ................... | ................... |

३१) तपाईको जातमा दाहसंस्कार कसरी गर्ने चलन छ ?

| पहिले | अहिले |
|---|---|
| | . |

३२) पितृहरुको नाउमा श्राद्ध गर्ने चलन छ कि छैन ?

छ ( ) छैन ( )

यदि छ भने कस्तो चलन छ ?

..................................

# फोटोहरू



आर्वाजा र सारङ्गी बजाएको एक दृश्य




सारङ्गी र बासुरी बजाउँदै गर्दाको एक दृश्य

धनबहादुर गायक र तारा बहादुर गुरुङ



विवाह गर्दा जल खाएको एक दृश्य



पास्नी गर्दा भात खुवाएको दृश्य



जगियामा बसेर व्रतबन्ध गरेको दृश्य



मामाले कपाल काटेको दृश्य



ब्रतबन्ध गर्नु अगाडि फुराला माला लगाएको दृश्य



ब्रतबन्ध गरेपछि पैसाको माला लगाएको दृश्य